सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ पुस २०८२, शनिबार (10 Jan 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



कांग्रेसको किचलो वारपारतिर

विशेष कि नियमित महाधिवेशनबारे संस्थापन पक्ष र महामन्त्रीद्वयका आ-आफ्ना तयारी, अडान र पार्टीभित्र प्रभाव विस्तार गर्ने प्रतिस्पर्धाले आन्तरिक शक्ति परीक्षण सहमतिसहित एकीकृत पार्टीमै रहने वा विभाजनतर्फ धकेलिने भन्ने अनिश्चित

२७-२८ पुसमा महामन्त्रीद्वय पक्ष विशेष महाधिवेशनको तयारीमा जुट्दा संस्थापनले २७ पुसमा युवा र २८ पुसमा जिल्ला सभापतिहरूको भेला बोलाएको छ

पर्शुराम काफ्ले / नयाँ पत्रिका

वैशाखमा नियमित महाधिवेशन कि २७-२८ पुसमा विशेष महाधिवेशन भन्ने विषय कांग्रेसको आन्तरिक शक्ति परीक्षणतर्फ प्रवेश गरेको छ। संस्थापन पक्ष र महामन्त्रीद्वयबिचका आ-आफ्ना तयारी, अडान र पार्टीभित्र प्रभाव विस्तार गर्ने प्रतिस्पर्धाले कांग्रेसभित्रको शक्ति परीक्षण चुनावपूर्व सहमतिसहित एकीकृत पार्टीमै टुंगिने हो कि विभाजनतर्फ धकेलिने हो भन्नेमा अनिश्चितता बढाएको छ। नियमित वा विशेष महाधिवेशनको मुद्दाले पार्टीको तल्लो तहसम्म कठोर गुटबन्दी सुरु गरिसके पनि दुवै पक्षको औपचारिक भनाइ भने एउटै छ, 'पार्टी विभाजन हुँदैन।'

विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको आह्वानमा तथा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा आइतबार र सोमबार काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन हुँदै छ। पक्षधरहरूले महाधिवेशनको भौतिक र राजनीतिक तयारी अन्तिम चरणमा पुऱ्याइसकेका छन्। महाधिवेशन रोक्न संस्थापन पक्षले गरेको प्रयास सफल हुन सकेन भने दुवै पक्षबिच सार्थक संवाद पनि हुन सकेको छैन।

विशेष महाधिवेशनका लागि प्रतिनिधिहरू जिल्ला-जिल्लाबाट काठमाडौं आउने क्रम सुरु भएको छ। कुल चार हजार ७२३ जना महाधिवेशन प्रतिनिधिमध्ये २६ सयभन्दा बढी प्रतिनिधिले विशेष महाधिवेशनमा सहभागी हुने जानकारी दिएको पक्षधर नेताको दाबी

» पृष्ठ २ मा क्रमशः



विशेष महाधिवेशन स्वीकार्य छैन, हामी पार्टी फुट चाहँदैनौं

● **डा. प्रकाशशरण महत**, प्रवक्ता



सभापतिसँगको छलफलबाट तत्काल सहमति निस्कने सम्भावना छैन किनभने महामन्त्रीहरू आफ्नो अडानबाट पछि हट्नुभएको छैन। कार्यवाहक सभापतिले उहाँहरूसँग निरन्तर संवाद गरिरहनुभएको छ, तर उहाँहरू विशेष महाधिवेशनबाट पछि फर्किन तयार देखिनुहुन्न। केन्द्रीय कार्यसम्पादन समितिले वैशाखमा नियमित महाधिवेशन तोकिसकेको अवस्थामा विशेष महाधिवेशन स्वीकार्य हुँदैन। पार्टीको निर्णय मार्निदैन भने हामी कसरी उहाँहरूको हठ स्वीकार गर्न सक्छौं ? महामन्त्रीहरूले के चाहेका हुन् भन्ने स्पष्ट छैन। तर, हामी पार्टी फुट चाहँदैनौं।

विशेष महाधिवेशनले गर्न पाउने सबै गर्छ, पार्टी फुट्दैन

● **विश्वप्रकाश शर्मा**, महामन्त्री



पार्टी विधानको दफा १७ (२) बमोजिम २७ र २८ गते विशेष महाधिवेशन हुन्छ। दर्ता भएको प्रस्तावलाई समर्थन गरेर अघि बढ्न हामी आएका हौं। यदि विशेष महाधिवेशनको धारालै पार्टी विभाजित हुने हो भने विधानमै दफा १७ (२) राखिने थिएन। विशेष महाधिवेशनले कांग्रेसलाई अझ बलियो बनाउँछ। केही दृष्टिकोण तथा विचारसहित पार्टीलाई स्थापित गर्छ। बन्दसत्रमा कार्यविधि बन्छ र आवश्यकताअनुसार निर्णय हुन्छ। पार्टी एकताबद्ध राखेर अघि बढ्छौं। फागुन २१ को निर्वाचनमा पार्टी दुईतर्फ बाँडिएर जान्छ भन्ने सोच्नुपर्दैन। कांग्रेस एकताबद्ध भएर नै निर्वाचनमा जान्छ।

पार्टी विभाजनउन्मुख हुँदा देउवा किन मौन ?



महामन्त्री थापा र शर्मा पार्टी फुटाउने अभिप्रायबाट प्रेरित रहेको सभापति देउवाको बुझाइ

कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टी विधानअनुसार विशेष महाधिवेशन बोलाउनुपर्ने माग गर्दै आएका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग यसबिचमा संवाद गरेका छैनन्। देउवाले १८ पुसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकपछि कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता डा. शेखर कोइराला, पार्टीका आफूनिकटस्थ पूर्वपदाधिकारी विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत, नेताहरू रमेश लेखक, एनपी साउद, बालकृष्ण खाणसँग भेटिरहेका छन्। तर, केन्द्रीय कार्यसम्पादन समितिको निर्णय अस्वीकार गर्दै विशेष महाधिवेशनका पक्षमा उभिएका महामन्त्रीद्वय थापा र शर्मासँग संवादको पहल गरेनन्। देउवाले विशेष महाधिवेशनबाट पार्टी फुट्ने भन्दै यसलाई रोक्नुपर्ने बताउँदै आएका छन्।

देउवाले शुक्रबार मात्रै नेपाल विद्यार्थी संघका संस्थापनपक्षीय एक दर्जन नेतालाई निवासमा बोलाएर भेटेका थिए। जहाँ देउवाले पार्टी फुट्दैन, म मिलाउँछु भनेका थिए। यसबिचमा देउवाले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलगायत नेतासँग भेट गरे, तर महामन्त्रीद्वय थापा र शर्मा एवं विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानको अगुवाइ गरेका नेताहरू गुरुराज घिमिरे, देवराज चालिसेलगायतसँग भेट गरेनन्।

उनीनिकट कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले महामन्त्रीहरू विशेष महाधिवेशनको एजेन्डाबाट पछि हट्न तयार नभएपछि सभापति देउवाले उनीहरूसँग भेटेर छलफल गर्नुको औचित्य नभएको टिप्पणी गरे। 'उहाँहरू विशेष महाधिवेशनको हठबाट पछि हट्नुहुन्न। उहाँहरूसँग छलफल गरेर सहमति नहुने अवस्थामा भेटका लागि भेटको के अर्थ हुन्छ ?' महतले भने, 'तर, उहाँ सहमति होस्, पार्टीमा एकताको अवस्था होस् भन्नेमा चिन्तित हुनुहुन्छ। कार्यवाहक सभापति खड्काले उहाँहरूसँग छलफल-संवाद गरिरहनुभएको छ र कार्यवाहक सभापतिले सभापतिलाई रिपोर्टिङ गरिरहनुभएको छ।'

निकटस्थ स्रोतका अनुसार महामन्त्री थापा र शर्मा पार्टी फुटाउने अभिप्रायबाट प्रेरित रहेको सभापति देउवाको बुझाइ छ। पार्टीका पूर्वपदाधिकारी सिटौला, निधि, महत, प्रकाशमान सिंह, शशांक कोइरालालगायतले देउवालाई प्रभावित पार्दै आएका छन्। शुक्रबार पनि सिटौला, एनपी साउद, बालकृष्ण खाणलगायतको अगुवाइमा संस्थापनपक्षीय केन्द्रीय सदस्यहरूको छलफल भएको थियो। उनीहरूले कुनै पनि हालतमा विशेष महाधिवेशन पक्षधरसँग सहमति गर्नु नहुनेमा जोड दिएको बैठकमा सहभागी एक केन्द्रीय सदस्यले बताए।

झ्याउँयाँ

संगीत सिर्जनामा 'एआई' हस्तक्षेप



एआईको अन्धाधुन्ध प्रयोगले नेपाली संगीतको मौलिकतामाथि गम्भीर प्रहार भइरहेको छ

● पवन बराइली

उपत्यकामा पोखरी यसकारण बनाए पुर्खाले



उपत्यकाका १० नगरपालिकामा २३३ पोखरी छन्। कतिपय १६ सय वर्ष पुराना पनि छन्।

● शान्ति तामाङ

हटलाइन



● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

निर्वाचनको पूर्ण तयारीमा होमियो एमाले

आज केन्द्रीय कमिटी बैठक

केन्द्रीय कमिटी बैठकमा उम्मेदवार छनोट, घोषणापत्र तयारी र चुनावी परिचालनलगायत महत्त्वपूर्ण विषयमा निर्णय हुने

● **डा. भीष्म अधिकारी**
केन्द्रीय कार्यालयका सचिव



हामी निर्वाचनका लागि तयारी अवस्थामै छौं। केन्द्रीय कमिटी बैठकबाट आन्तरिक संगठनलाई अझ मजबुत बनाउँदै चुनावको पूर्ण तयारीमा लाग्छौं। बैठकमा अध्यक्षको समसामयिक सम्बोधनसहित केन्द्रीय सचिवालयले गरेका निर्वाचनकेन्द्रित निर्णयलगायत महत्त्वपूर्ण एजेन्डामा छलफल हुनेछ। आवश्यक निर्णय गरेपछि पार्टी चुनावी परिचालनमा जानेछ।

नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि बनेको सरकारको संवैधानिक हैसियतमाथि प्रश्न उठाउँदै निर्वाचनमा जान आनाकानी गरेको विघटित प्रतिनिधिसभाको दोस्रो ठुलो दल एमाले अब पूर्ण रूपमा आगामी २१ फागुनको चुनावी तयारीमा होमिने भएको छ। त्यसका लागि उम्मेदवार छनोट, घोषणापत्र तयारी र चुनावी परिचालनलगायत महत्त्वपूर्ण विषयमा निर्णय गर्न एमालेले शनिबार केन्द्रीय कमिटी बैठक आह्वान गरेको छ।

केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार बैठक ललितपुरको जावलाखेल एकान्तकुनास्थित मेजिस्टिक ग्रान्डमा बिहान ११ बजेदेखि सुरु हुनेछ। बैठकमा निर्वाचनकेन्द्रित एजेन्डामा छलफल गरी आवश्यक निर्णय गरेपछि पार्टी चुनावी परिचालनमा जाने उनले बताए।

'हामी तयारी अवस्थामै छौं। केन्द्रीय कमिटी

» पृष्ठ २ मा क्रमशः

■ निर्वाचन प्रहरीमा आकर्षण



शब्द/तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

२१ फागुनमा हुने निर्वाचनका लागि ७७ वटै जिल्लामा शुक्रबारदेखि निर्वाचन प्रहरी (म्यादी)को दरखास्त प्रक्रिया सुरु भएको छ। दरखास्त खुल्ने पहिलो दिनमै प्रहरी कार्यालयहरूमा आवेदकको लाम लागेको छ। निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीमार्फत एक लाख ३३ हजार ९९० र सशस्त्र प्रहरी बलमार्फत १५ हजार १९० निर्वाचन प्रहरी खटाइने तयारी छ। एकीकृत रूपमा छनोट गरी नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैमार्फत निर्वाचन प्रहरी परिचालन गरिनेछ। ४० दिनका लागि भर्ना हुने निर्वाचन प्रहरीले प्रहरी जवानसरह तलब, रासन तथा भत्ता पाउनेछन्।

आचारसंहिता लागू गर्ने तयारीमा निर्वाचन आयोग

प्रधानमन्त्रीलाई आयोग पदाधिकारीको ब्रिफिङ, ६ माघको उम्मेदवारीपूर्व आचारसंहिता लागू गर्ने तयारी



नयाँ पत्रिका

निर्वाचन आयोगले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य तथा ११ माघमा हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको तयारीका विषयमा प्रधानमन्त्री सुशीला कार्कीसँग छलफल गरेको छ। आयोगले निर्वाचन आचारसंहिता लागू गर्ने तयारीका सम्बन्धमा पनि प्रधानमन्त्री कार्कीसँग छलफल गरेको छ।

छलफलमा आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद

» पृष्ठ २ मा क्रमशः

गरिबीको असमान खाडल

वार्षिक ७२ हजार ९०८ रुपैयाँ खर्च गर्न नसक्ने व्यक्ति गरिबको सूचीमा, औसत २०.२७% नागरिक गरिबीको रेखामुनि हुँदा जाजरकोटको जुनीचाँदे गाउँपालिकाका ७७.८९% नागरिक गरिब



● **मनोहर घिमिरे**
निर्देशक, तथ्यांक कार्यालय

पालिका तहमा पनि गरिबीको विवरण निकालेका छौं। समग्रमा १.१८ देखि ७७.८९ प्रतिशतसम्म गरिबी छ। राज्यले गरिबी निवारणका लागि कहाँ-कहाँ, के-कस्ता कार्यक्रम लैजाने भनेर यो तथ्यांकले मद्दत गर्नेछ। सरकारले वित्तीय हस्तान्तरण गर्दा पनि सूचक बनाएको छ। असमानता, गरिबी भएको क्षेत्रलाई अनुदान बढाउन सहयोग गर्नेछ।

यम बम / नयाँ पत्रिका

कुल जनसंख्याको २०.२७ प्रतिशत नागरिक गरिबीको रेखामुनि रहेको नेपालमा पालिका तहसम्म पुग्दा चरम असमानता देखिएको छ। स्थानीय तहमा गरिबीको दर १.१८ देखि ७७.८९ प्रतिशतसम्म रहेको राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान- ०८२' को प्रतिवेदनमा उल्लेख छ।

» पृष्ठ २ मा क्रमशः

■ ६२ लाख ३६ हजार १४५ नेपाली गरिब

● **सबैभन्दा थोरै गरिबीको जनसंख्या भएका १० जिल्ला**

मनाङ : ५९८
मुस्ताङ : १,०७६
रसुवा : ७,८६७
डोल्पा : १३,६१२
तेह्रथुम : १३,९९६
सोलुखुम्बु : १५,०७०
म्याग्दी : १७,१२५
पर्वत : १७,१५१
रुकुम पूर्व : १८,१२९
हुम्ला : १८,३७७



● **सबैभन्दा धेरै गरिबीको जनसंख्या भएका १० जिल्ला**

कपिलवस्तु : २,६६,३४३
रौतहट : २,६२,९०५
कैलाली : २,५३,९२८
सर्लाही : २,२९,६९४
बारा : १,९६,५३६
मोरङ : १,९५,३५२
बर्दिया : १,८२,८९३
सप्तरी : १,७८,६९७
धनुषा : १,७३,८६३
महोत्तरी : १६९,४९१

काठमाडौं जिल्लाभर १,६६,२०१ गरिब, काठमाडौं महानगरमा मात्र ५९,२१८

पालिकालक्षित गरिबी निवारणका कार्यक्रम अघि बढाउनुपर्छ

● **प्राडा शिवराज अधिकारी**, पूर्वउपाध्यक्ष, योजना आयोग



हामीसँग गरिबीको राष्ट्रिय र प्रादेशिक तथ्यांक भए पनि पालिकास्तरको थिएन। पालिकास्तरको तथ्यांक आएसँगै अब सरकारले गरिबी निवारणका लागि पालिकालक्षित कार्यक्रम अघि बढाउनुपर्छ। जहाँ आम्दानीबाट न्यूनतम जीवनयापन गर्न आवश्यक खर्च पूरा नपुग्ने अवस्था छ त्यहाँ आम्दानी बढाउने खालका कार्यक्रम धेरै चाहिन्छ। कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधारमा लगानी बढाएर रोजगारी दिन सकिन्छ, त्यसले आम्दानी बढाउँछ र गरिबी घटाउन मद्दत गर्छ। कर्णाली, सुदूरपश्चिमका पहाडी क्षेत्रमा देखिएको गरिबी न्यूनतम जीवनयापन गर्न आवश्यक खर्च जुटाउन नसक्नुको अवस्था हो। कुनै विकल्प नरहेर कृषिमा निर्भर छन्, तर वर्षभर खान पुग्दैन। बहुआयामिक गरिबी भएका क्षेत्रमा शिक्षा, स्वास्थ्यमा लगानी बढाउनुपर्ने हुन्छ। जहाँ गरिबी बढी छ त्यहाँ लगानी छैन। अब समानीकरणसहितका अनुदान दिँदा ती क्षेत्रलाई प्राथमिकता दिनुपर्छ। अहिलेसम्म पालिकालक्षित कार्यक्रम थिएनन्, अब योजना नै बनाएर प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ।

६ प्रदेशमा सुरक्षा गोष्ठी

पुराना र नयाँ दलबिचको सम्भावित झडप सुरक्षाको प्रमुख चुनौती

नयाँ पत्रिका

विभिन्न जिल्लाका प्रशासनिक एवं सुरक्षा अधिकारीहरूले २१ फागुनको निर्वाचनमा राजनीतिक झडप र मौसमलाई प्रमुख सुरक्षा चुनौतीका रूपमा औँल्याएका छन् । शुक्रबार बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा धेरै सहभागीले पुराना र नयाँ दलबिच हुन सक्ने राजनीतिक झडप यसपटकको मुख्य सुरक्षा चुनौती औँल्याएका छन् ।

निर्वाचन लक्षित गर्दै गृह मन्त्रालयले ६ वटा प्रदेशमा छुट्टाछुट्टै सुरक्षा गोष्ठी गरेको छ । सोहीअनुसार ललितपुरमा आयोजित बागमती प्रदेशको गोष्ठीमा सहभागी धेरैजसो सुरक्षा अधिकारीहरूले पुराना र नयाँ दलबिचको सम्भावित राजनीतिक झडप सुरक्षाको प्रमुख चुनौती हुन सक्ने बताएका हुन् ।

'राजनीतिक दृष्टिले ०७९ को निर्वाचनभन्दा यसपटकको चुनाव बढी चुनौतीपूर्ण हुने आकलन गरिएको छ,' एक सुरक्षा अधिकारीले भने, 'विशेष गरी पुराना र नयाँ दलबिचको टकराव नै प्रमुख सुरक्षा चुनौती हो ।'

ललितपुरमा सम्पन्न गोष्ठीमा गृहमन्त्री, सुरक्षा निकायका प्रमुख, बागमती प्रदेशका १३ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूले समग्र सुरक्षा अवस्थाबारे समीक्षा गरेका थिए । यस्तै, गोष्ठीमा हिमाली क्षेत्रका कतिपय स्थानमा २१ फागुनसम्म पनि अत्यधिक चिसो रहने सम्भावना रहेकाले निर्वाचन व्यवस्थापन जटिल हुन सक्ने ब्रिफिङ गरिएको थियो । ती क्षेत्रमा सुरक्षा जनशक्ति परिचालन, बसोबास व्यवस्थापन तथा मतदाताको सहभागितामा कठिनाइ आउन सक्ने बताइएको छ । यद्यपि, शान्ति-सुरक्षाको दृष्टिकोणले हाल कुनै गम्भीर समस्या नरहेको जिल्लास्तरका सुरक्षा प्रमुखहरूको रिपोर्टिङ थियो ।

यसअघि गृह मन्त्रालयले कोशी, लुम्बिनी, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा सुरक्षा गोष्ठी सम्पन्न गरिसकेको छ । आगामी २८ पुसमा मधेश प्रदेशमा गोष्ठी आयोजना गर्ने तयारी छ । एकीकृत सुरक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै प्रदेशमा गोष्ठी गरिएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए ।

चुनाव नभए देश द्वन्द्वतर्फ जान सक्छ : गृहमन्त्री अर्याल



गृहमन्त्री ओमप्रकाश अर्यालले २१ फागुनका लागि तोकिएको निर्वाचन कुनै पनि हालतमा तलमाथि हुन नहुने र सो मितिमा चुनाव नभए देश पुनः द्वन्द्वतर्फ जान सक्ने बताएका छन् । 'चुनावबाट फर्किने ठाउँ नै छैन । अब निर्वाचन भएन भने उत्पन्न हुन सक्ने द्वन्द्व थेग्नै नसक्ने अवस्था आउन सक्छ,' बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री अर्यालले भने ।

जेन-जी जनआन्दोलनपछि द्वन्द्व दोहोरिन नदिनु नै वर्तमान सरकारको सबैभन्दा ठुलो उपलब्धि भएको उनको दाबी छ । शान्ति-सुरक्षाको अवस्था सामान्य भइसकेको र निर्वाचनमार्फत संवैधानिक व्यवस्था पुनर्वहालीतर्फ सरकार अघि बढेको उनले बताए । 'भदौ २३ र २४ को जेन-जी जनआन्दोलनपछि द्वन्द्व दोहोरिन दिएनौँ, यो सरकारको ठुलो सफलता हो,' उनले भने, 'राज्यविहीनताको अवस्थाबाट देशलाई सामान्यीकरण गर्दै कानुनी राज्यको पूर्ण पुनर्वहाली भएको छ । अब निर्वाचनमार्फत संवैधानिक व्यवस्थाको सामान्यीकरण गरिन्छ ।'

सुशासन र निर्वाचन सरकारको मुख्य म्यान्डेट रहेको भन्दै उनले जेन-जी जनआन्दोलनको म्यान्डेटलाई बिर्सियो भने द्वन्द्व दोहोरिन सक्नेतर्फ सचेत गराए । 'सरकारले नागरिकको विश्वास गुमायो भने असाधारण अवस्था सिर्जना हुन सक्छ,' उनले भने, 'सरकार सधैँ नागरिकसँग जोडिएर काम गर्नुपर्छ भन्ने सन्देश जेन-जी आन्दोलनले दिएको छ । जेन-जी पुस्तासँग संवाद गर्दै उनीहरूको आवाज सुन्नु जरुरी छ ।'

बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले निर्वाचनका लागि डर र त्रास नभएको, तर राजनीतिक वातावरण अझै बनिनसकेको बताएका थिए ।

कांग्रेसको...

पृष्ठ १ बाट क्रमशः

छ । 'हस्ताक्षर गरेका दुई हजार ४८८ जनामध्ये पछिल्लोपटक १२५ जनाले हस्ताक्षर फिर्ता लिएका छन् । तर, २५० देखि तीन सयजना थपिएका पनि छन्,' महामन्त्री थापानिकट केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले भने ।

बहुमत संख्या पुगेको अवस्थामा विशेष महाधिवेशनले नियमित महाधिवेशनले गर्ने सबै कार्य गर्ने उनको भनाइ थियो । 'बन्दसत्र सुरु भएपछि हलले कार्यविधि बनाउँछ, त्यसपछि राजनीतिक, सांगठनिक प्रतिवेदन, विधान संशोधन र अबको कार्यदिशालगायत विषयमा प्रस्ताव पेस हुन्छ । त्यसपछि नेतृत्व चयनमा प्रवेश गरिन्छ,' शिवाकोटीले भने ।

विशेष महाधिवेशनको सभापतित्व काठमाडौँ कांग्रेसका सभापतिले गर्ने तय भएको छ । 'शनिबारसम्म विशेष महाधिवेशनको एजेन्डा र तयारी केन्द्रीय समितिले स्वामित्व ग्रहण नगरे समारोहको प्रमुख अतिथि भइदिन अनुरोध गर्दै शनिबारै सभापति देउवाकहाँ चिठी पुग्छ,' शिवाकोटीले भने । भृकुटीमण्डपको सभाका लागि एउटा इभेन्ट कम्पनीलाई जिम्मा दिइसकिएको छ । विशेष महाधिवेशनको आर्थिक पाटोको लुम्बिनी कांग्रेसका सभापति अमरसिंह पुनले समन्वय गरेका छन् ।

सहमतिका लागि चरणबद्ध छलफल भए पनि शुक्रबार साँझसम्म निष्कर्षमा पुग्न नसकेको शिवाकोटीले बताए । सभापति देउवाले यसबिचमा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेका छैनन् । उनले महामन्त्रीद्वयसँग छलफलका लागि कार्यवाहक सभापति खड्का र रमेश लेखकलाई जिम्मा लगाएका छन् ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भने कार्यवाहक सभापतिले सबैसँग छलफल गरिरहेको बताए । 'सभापतिले कुरा गरेर वा उहाँसँग कुरा भएर अहिले सहमति निस्कने सम्भावना छैन, किनभने महामन्त्रीहरू आफ्नो अडानबाट पछि हट्नुभएको छैन,' महतले भने । कांग्रेस महामन्त्रीद्वय थापा र शर्माले पूर्वघोषित रणनीतिक योजनाअनुसार विशेष महाधिवेशनको परिस्थिति बनाएको संस्थापन पक्षको विश्लेषण छ । महतले सहमतिका लागि धेरै प्रयास भइरहेको, तर महामन्त्रीद्वयको जिद्दीका कारण सहमति नभएको आरोप लगाए ।

२७-२८ पुसमा संस्थापनका दुई कार्यक्रम

महामन्त्रीद्वयले विशेष महाधिवेशन बोलाएकै दिन संस्थापनले पनि कार्यक्रम तय गरेको छ । संस्थापन पक्षका युवाले २७ पुसमा काठमाडौँमा भेला बोलाएका छन् । यस्तै, २८ पुसमा संस्थापन पक्षनिकट जिल्ला सभापतिहरूको भेला काठमाडौँमा आह्वान गरिएको छ । शुक्रबारै संस्थापन पक्षनिकटका नेताहरू कृष्णप्रसाद सिटौला, एनपी साउद, बालकृष्ण खाण, रामहरि खतिवडा, नैनसिंह महरलगायतको बैठक बसेको थियो । खतिवडाले विशेष महाधिवेशनलाई नीति महाधिवेशनमा रूपान्तरण गर्न महामन्त्रीद्वयलाई तयार गराउन सकिएमा कार्यक्रममा कार्यवाहक सभापतति पूर्णबहादुर खड्का र नेता डा. शेखर कोइराला सहभागी हुन सक्ने र पार्टी फुटबाट जोगिन सक्ने बताए । सिटौला, साउद, खाणलगायतले भने विशेष महाधिवेशनलाई स्वीकार गर्न नसकिने र उनीहरू पछि हट्नुपर्ने धारणा राखेका थिए । संस्थापनको तयारीलाई महामन्त्री विश्वप्रकाश शर्माले अन्यथा लिन नहुने प्रतिक्रिया दिए । '२७ गते एउटाले बर्थडे मनाउँदै गर्दा अर्काको बिहे हुन सक्छ,' उनले भने, 'कसैको लोकतान्त्रिक हकका बारेमा अनादर गर्न जरुरी छैन ।'

३० केन्द्रीय सदस्यको अपिल : संस्थापनका नेताहरूको बेग्लै बैठक

२१ फागुनको निर्वाचनपूर्व नियमित महाधिवेशन हुनुपर्ने पक्षमा आवाज उठाउँदै आएका संस्थापननिकट ३० केन्द्रीय सदस्यले शुक्रबार विज्ञप्ति जारी गरी विशेष महाधिवेशन मागकर्ताको मतको सम्मान गर्न र संवादका आधारमा अघि बढ्न नेतृत्वलाई सुझाव दिएका छन् । केन्द्रीय सदस्य राजेन्द्र केसी, भरतकुमार शाह, अर्जुनप्रसाद जोशी, आङगेलु शेर्पा, उदयशमशेर राणा, गणेश लामा, डिला संग्रौला, नानु बास्तोला, धना खतिवडा, अब्दुल रजाक, कर्णबहादुर बुढा, देवेन्द्रराज कँडेल, योगेन्द्र चौधरी, गोपाल दहित, बहादुरसिंह लामा, दिलमान पाख्रिन, अब्दुल सतार, मोहन आचार्य, अमृत अर्याल, रामजनम चौधरी, जिपछिरिङ लामा, चम्पादेवी कार्की, चिनकाजी श्रेष्ठलगायतले विज्ञप्ति जारी गरेका छन् । 'नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गरी लिखित निवेदन दर्ता गरिसकेको अवस्था छ । अतः माग गर्ने प्रतिनिधिको मतको सम्मान गर्दै आगामी निर्वाचनलाई मध्यनजर गरी नयाँ ऊर्जा र सोचका साथ निर्वाचनमा होमिन संवाद र सहमति गरी बृहत् एकताबद्ध भई कांग्रेसको पक्षमा परिणाममुखी वातावरण निर्माण गर्न नेतृत्व तहलाई हार्दिक अपिल गर्दछौँ,' उनीहरूको अपिलमा भनिएको छ ।



विशेष महाधिवेशनस्थल भृकुटीमण्डपमा तयारी हुँदै । तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

जिल्ला सभापतिहरूको ध्रुवीकरण

विशेष महाधिवेशनलाई लिएर कांग्रेसका जिल्ला सभापतिहरू विभाजित, विशेष महाधिवेशनमा नजान प्रतिनिधिमाथि संस्थापन पक्षको दबाब

कोशीमा उदयपुर, धनकुटा र तेह्रथुमका सभापति पक्षमा, झापा विपक्षमा

१४ जिल्ला रहेको कोशी प्रदेशमा उदयपुर, धनकुटा र तेह्रथुमका जिल्ला सभापति विशेष महाधिवेशनको पक्षमा देखिएका छन् । झापा सभापति भने विपक्षमा छन् । सभापतिहरू धनकुटाका दिनेश राई, उदयपुरका हिमाल कार्की, तेह्रथुमका अर्जुनबहादुर तुम्बाहाम्फेले विज्ञप्ति जारी गर्दै विशेष महाधिवेशनमा सहभागी हुन आह्वान गरेका छन् । पाँचथरका सभापति रूपनारायण जवेगू भने विशेष महाधिवेशनको विपक्षमा छन् । तर, उपसभापति डिकेन्द्र चेम्जोङ, बृजहाङ आङ्देम्बे, सचिव दीपक नेपाल र सहसचिव गजेन्द्र राईले विज्ञप्ति जारी गर्दै महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, पार्टी नेता तथा कार्यकर्तालाई विशेष महाधिवेशनमा सहभागी बन्न आग्रह गरेका हुन् । झापा सभापति देउकुमार थेपेले विज्ञप्ति जारी गर्दै पार्टीको १५औँ महाधिवेशनको कार्यतालिका प्रकाशित भइसकेको अवस्थामा विशेष महाधिवेशनको औचित्य स्वतः समाप्त भएको जनाएका छन् । अन्य जिल्लाका सभापति भने खुलेका छैनन् ।

मधेशका जिल्ला सभापतिहरूको विशेष महाधिवेशनमा सहभागी नहुन आग्रह

मधेश प्रदेशका आठवटै जिल्लाका कांग्रेस सभापतिहरूले पार्टी विधानविपरीत हुने कुनै पनि महाधिवेशन वा विशेष महाधिवेशनमा सहभागी नहुन सम्पूर्ण तहका नेता, कार्यकर्ता तथा सदस्यहरूलाई आग्रह गरेका छन् । आठै जिल्लाका सभापतिले आ-आफ्ना जिल्लाका पार्टी लेटरप्याडमा अलग-अलग प्रेस विज्ञप्ति जारी गर्दै पार्टी विधानविपरीत हुने गतिविधिमा सहभागिता जनाउन नहुने स्पष्ट पारेका हुन् ।

विज्ञप्तिमा पार्टी विधानअनुसार 'महाधिवेशन' वा 'विशेष महाधिवेशन' बोलाउने अधिकार केन्द्रीय कार्यसमितिमा मात्र निहित रहेको उल्लेख गरिएको छ । कुनै पनि पदाधिकारी वा सदस्यले व्यक्तिगत रूपमा महाधिवेशन वा विशेष महाधिवेशनको नाममा कार्यक्रम वा गतिविधि सञ्चालन गर्नु विधानविपरीत हुने भन्दै त्यस्ता गतिविधिमा सहभागी नहुन आग्रह गरिएको छ । विज्ञप्तिमा जिल्ला, प्रतिनिधिसभा क्षेत्र, महासमिति, महाधिवेशन प्रतिनिधि, प्रदेश सभा क्षेत्र, पालिका, वडा तथा टोल तहका समिति, भ्रातृ तथा शुभेच्छुक संस्थाका पदाधिकारी तथा सदस्यलाई पार्टीको निर्णय, नीति र अनुशासनको पालना गर्न आह्वान गरिएको छ । यसरी विज्ञप्ति जारी गर्नेमा सभापतिहरू महोत्तरीका नागेश्वरप्रसाद यादव, सप्तरीका रामदेव साह, सर्लाहीका डा. सरोजकुमार यादव, बाराका राजेश राय यादव, सिराहाका रामचन्द्र यादव, रौतहटका सुनीलकुमार यादव, पर्साका जनार्दनसिंह क्षेत्री र धनुषाका योगेन्द्र पञ्जियार छन् ।

कांग्रेस विधानअनुसार एक प्रतिनिधिसभा निर्वाचन क्षेत्रबराबर २५ जना महाधिवेशन प्रतिनिधि रहने व्यवस्था छ । सोही आधारमा मधेश प्रदेशमा रहेका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट करिब आठ सय महाधिवेशन प्रतिनिधि छन् ।

पार्टी संस्थापन पक्षको दबाबका कारण मधेश प्रदेशका कुनै पनि जिल्लाका सभापति महाधिवेशनको पक्षमा खुलेर नआएको बताइन्छ । तर, महाधिवेशनको पक्षमा रहेका नेताहरूले मधेशका ५० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेको दाबी गरेका छन् । महाधिवेशनको पक्षमा रहेका नेताहरूले मधेश प्रदेशबाट कुल आठ सयमध्ये ४२० जना प्रतिनिधिले समर्थनमा हस्ताक्षर गरेको दाबी गरेका छन् । उनीहरूका अनुसार सप्तरीमा ४०, सिराहामा ५५, धनुषामा २५, महोत्तरीमा ५३, सर्लाहीमा ७१, रौतहटमा ७०, बारामा ७२ र पर्सामा ३४ जना विशेष महाधिवेशनको पक्षमा छन् । कांग्रेस महोत्तरीका जिल्ला सभापति नागेश्वर यादवले मधेशका आठवटै जिल्लाका सभापति पार्टीको निर्णय र विधानसँगै रहेको दाबी गरेका छन् ।

बागमतीका चार जिल्ला सभापति विशेष महाधिवेशनको पक्षमा खुले, पाँच मौन

बागमतीका १३ मध्ये चार जिल्लाका कांग्रेस सभापति विशेष महाधिवेशनको पक्षमा खुलेका छन् । ललितपुरका जितेन्द्रकुमार श्रेष्ठ, काभ्रेपलाञ्चोकका तीर्थ लामा, रसुवाका पेम्बा छिरिङ तामाङ र सिन्धुपाल्चोकका जंगबहादुर लामाले छुट्टाछुट्टै विज्ञप्ति निकालेर विशेष महाधिवेशनमा सहभागी हुन प्रतिनिधिलाई आह्वान गरेका छन् । नुवाकोटका उपसभापति राजु थापाले पनि विशेष महाधिवेशनका लागि आह्वान गरेका छन्, तर सभापति रमेश महत भने संस्थापन पक्षतिर छन् । त्यस्तै, चितवन सभापति राजेश्वर खनालले सभापति शेरबहादुर देउवा र नेता शेखर कोइरालाविनाको विशेष महाधिवेशनमा सहभागी नहुने भन्दै विज्ञप्ति निकालेका छन् । सिन्धुली, रामेछाप, मकवानपुर, दोलखा, धादिङका जिल्ला सभापति भने यस विषयमा मौन देखिएका छन् ।

गण्डकीका तीन जिल्ला सभापतिको महाधिवेशनको पक्षमा अपिल

आइतबारका लागि तय विशेष महाधिवेशनमा सहभागिताका लागि गण्डकीका ११ मध्ये तीन जिल्ला सभापतिले अपिल जारी गरेका छन् । कास्की, गोरखा र पर्वत जिल्लाले सार्वजनिक अपिल जारी गरेका हुन् । गण्डकीका ११ जिल्लामध्ये तनहुँका ५२ मध्ये २५, स्याङ्जाका ५२ मध्ये २६, लमजुङका २६ मध्ये २३, कास्कीमा ७८ मध्ये ४७, मनाङका २६ मध्ये चार, पर्वतका २६ मध्ये २०, बागलुङका ५२ मध्ये ३१, म्याग्दीका २६ मध्ये १३, नवलपुरका ५२ मध्ये ३६, मुस्ताङका २६ मध्ये तीन, गोरखाका ५२ मध्ये ४१ जनाले यसअघि नै विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका थिए । महाधिवेशनका लागि प्रत्येक निर्वाचन क्षेत्रबाट क्षेत्रीय सभापतिसहित २६ जना चयन हुने प्रावधान छ । गण्डकीमा प्रतिनिधिसभाका १८ निर्वाचन क्षेत्र छन् ।

लुम्बिनीमा विशेष महाधिवेशनको पक्षमा बहुमत प्रतिनिधि सहभागी हुने दाबी

कांग्रेस विशेष महाधिवेशनमा लुम्बिनी प्रदेशबाट बहुमत प्रतिनिधिको सहभागिता हुने दाबी गरिएको छ । प्रदेशका १२ मध्ये आठ जिल्लाका सभापतिसहित बहुमत प्रतिनिधिको सहभागिता हुने कांग्रेसका प्रदेश सभापति अमरसिंह पुनले बताए । सभापतिहरू अर्घाखाँचीका अच्युत गौतम, गुल्मीका खिलध्वज पन्थी र पाल्पाका हिमालदत्त श्रेष्ठले विज्ञप्ति नै जारी गरेर सक्रिय सहभागिताका लागि अपिल गरेका छन् । यस्तै, पश्चिम नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, बाँके, रोल्पा, रुकुम पूर्व र प्युठानका सभापतिसहितका बहुमत महाधिवेशन प्रतिनिधिको सहभागिता हुने पुनको दाबी छ । त्यस्तै, रुपन्देहीबाट चारजना क्षेत्रीय सभापतिसहितका प्रतिनिधिको सहभागिता हुनेछ । कपिलवस्तुबाट एकजना क्षेत्रीय सभापति, दाङबाट दुई र बर्दियाबाट एकजना क्षेत्रीय सभापतिसहितका महाधिवेशन प्रतिनिधिको सहभागिता हुने पनि प्रदेश सभापति पुनले बताए ।

पश्चिम नवलपरासीमा (५० जना महाधिवेशन प्रतिनिधिमध्ये) जिल्ला सभापति अर्जुनकुमार पोखेलसहित ६७ प्रतिशतले पक्षमा हस्ताक्षर गरेका थिए । जिल्ला सभापति बिरामी परेकाले महाधिवेशनमा जान सक्ने सम्भावना कम रहे पनि २९-३० जना महाधिवेशन प्रतिनिधि काठमाडौँ जाने तयारीमा रहेको कांग्रेस जिल्ला प्रवक्ता राधेश्याम पाठकले बताए । कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाणले भने पार्टीलाई बलियो बनाउन नियमित अधिवेशन उचित हुने बताए ।

कर्णालीमा १० मध्ये सल्यानका सभापति विशेष महाधिवेशनको पक्षमा

कर्णाली प्रदेशका १० मध्ये सल्यानका जिल्लाका सभापति केशवबहादुर विष्ट विशेष महाधिवेशनको पक्षमा देखिएका छन् । उनले विशेष महाधिवेशनमा सहभागी हुन भन्दै विज्ञप्ति जारी गरेका छन् । यद्यपि, सल्यानका उपसभापति सन्तोष केसीले भने विशेष महाधिवेशनको विपक्षमा विज्ञप्ति निकालेका छन् । शुक्रबार जिल्ला सभापतिहरू सुर्खेतका खड्गबहादुर पोखरेल, दैलेखका मणिराम रेग्मी, जाजरकोटका वेदराज सिंह, जुम्लाका कर्णबहादुर शाही, मुगुका ऐनबहादुर शाही, हुम्लाका मोहनविक्रम सिंह, रुकुम पश्चिमका प्रेमप्रकाश ओली र डोल्पाका (कार्यवाहक) लवकुमार शाहीले संयुक्त विज्ञप्ति निकालेर महाधिवेशनमा सहभागी नहुन भनेका छन् । त्यस्तै, कालीकोटका सभापति अम्मबहादुर शाहीले पनि छुट्टै विज्ञप्ति निकालेर आफू नियमित महाधिवेशनको पक्षमा रहेको बताएका छन् ।

सुदूरपश्चिमका ६ जिल्लाका सभापति विशेष महाधिवेशनको विपक्षमा

सभापति शेरबहादुर देउवाको गृहप्रदेश सुदूरपश्चिममा कांग्रेसका नौमध्ये ६ जिल्लाका सभापति विशेष महाधिवेशनको विपक्षमा उभिएका छन् । जिल्ला सभापतिहरू बझाङका खड्कबहादुर बोहरा, डोटीका नरेन्द्रबहादुर सिंह, डडेल्धुराका भीमबहादुर साउद, अछामका पुष्पबहादुर शाह, कञ्चनपुरका पदम बोगटी र कैलालीका नारायणदत्त भट्टले शुक्रबार संयुक्त विज्ञप्ति जारी गरी विशेष महाधिवेशनमा सहभागी नहुन महाधिवेशन प्रतिनिधिलाई अपिल गरेका हुन् । बाजुरा, बैतडी र दार्चुला जिल्ला सभापति भने संस्थापनइतर छन् ।

सुदूरपश्चिमबाट ३५-४० प्रतिशतहाराहारी महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनमा सहभागी हुने विशेष महाधिवेशन पक्षधरले दाबी गरेको छ । महाधिवेशनका लागि काठमाडौँ पुगेका कांग्रेस कैलालीका नेता भीम बडुवालले सुदूरपश्चिमका जिल्ला-जिल्लाबाट महाधिवेशन प्रतिनिधि काठमाडौँ पुग्न थालेको बताए । 'सुदूरपश्चिमबाट करिब ३४ प्रतिशतले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका थिए, सहभागी संख्या ४० प्रतिशत पुग्ने आकलन गरेका छौँ,' उनले भने । प्रदेशभरि ४१६ जना महाधिवेशन प्रतिनिधि छन् । नेता बडुवालका अनुसार कैलालीका १२५ मध्ये ३५ जना महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनमा सहभागी हुँदै छन् । विशेष महाधिवेशन पक्षधर अर्का नेता लोकराज पाण्डेयले सुदूरपश्चिमका सबैजसो जिल्लाबाट महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनका लागि गइरहेको बताए । 'माहोल हेरेर पनि सहभागिता संख्या अझ बढ्छ,' उनले भने ।

(**जिल्ला ब्युरोको सहयोगमा**)

आचारसंहिता...

पृष्ठ १ बाट क्रमशः

भण्डारीले आसन्न निर्वाचनलाई लक्षित गर्दै आयोगले गरेका तयारी, सम्पन्न भइसकेका काम तथा आगामी कार्ययोजनाबारे प्रधानमन्त्रीलाई जानकारी गराएका छन् । आयोग प्रवक्ता नारायण भट्टराईका अनुसार भण्डारीले निर्वाचन सामग्रीको छपाइ र खरिद, निर्वाचन जनशक्तिको व्यवस्थापन, निर्वाचन सुरक्षा, निर्वाचन आचारसंहिता र निर्वाचन पर्यवेक्षणलगायतका विषयमा जानकारी गराएका छन् ।

आयोगसँग ब्रिफिङ लिएपछि प्रधानमन्त्री कार्कीले आसन्न निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गरेकी थिइन् । निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन आचारसंहिता, २०८२ छिट्टै लागू गर्ने तयारीमा आयोग रहेको र सोको कडाइका साथ पालना गराउन आयोग दृढ रहेको जानकारी प्रधानमन्त्रीलाई गराइएको थियो ।

आयोगले माघ पहिलो साताबाट आचारसंहिता लागू गर्ने तयारी गरेको छ । आचारसंहिता लागू गर्नुअघि २ माघमा दलहरूलाई छलफलमा बोलाइएको छ । ६ माघको उम्मेदवारी मनोनयनअघि आचारसंहिता लागू गर्ने तयारीमा आयोग छ । प्रधानमन्त्रीका प्रेस सल्लाहकार राम रावलका अनुसार छलफलमा निर्वाचन आचारसंहिता लागू गर्ने तयारीका सम्बन्धमा पनि छलफल भएको थियो ।

बालुवाटारमा भएको छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, शिक्षामन्त्री महावीर पुन, नेपाल सरकारका मुख्य सचिव सुमनराज अर्याललगायतको उपस्थिति थियो । आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी, आयुक्तद्वय जानकी तुलाधर, सगुनशमशेर जबरा, सचिव कृष्णबहादुर राउतलगायत अधिकारीको उपस्थिति थियो ।

निर्वाचनको...

पृष्ठ १ बाट क्रमशः

बैठकबाट आन्तरिक संगठनलाई अझ मजबुत बनाउँदै चुनावको पूर्ण तयारीमा लाग्छौँ,' अधिकारीले नयाँ पत्रिकासँग भने, 'बैठकमा अध्यक्षको समसामयिक सम्बोधनसहित केन्द्रीय सचिवालयले गरेका निर्वाचनकेन्द्रित निर्णयलगायत महत्त्वपूर्ण एजेन्डामा छलफल हुनेछ ।'

४ पुसमा सम्पन्न एघारौँ राष्ट्रिय महाधिवेशनपछि एमालेको केन्द्रीय कमिटी दोस्रोपटक बस्न लागेको हो । यसअघि २२ पुसमा बसेको केन्द्रीय सचिवालय बैठकले निर्वाचनलाई लक्षित गर्दै पदाधिकारीसहित केन्द्रीय सदस्यहरूको अस्थायी कार्यविभाजन गरेको थियो । निर्वाचनमा केन्द्रीय सदस्यहरूले खेलेको भूमिका र कार्यसम्पादनको मूल्यांकनपछि मात्र स्थायी कार्यविभाजन गरिने उपमहासचिव लेखराज भट्टले बताए ।

केन्द्रीय कमिटी बैठक सकिएपछि २ माघमा निर्वाचन अभियानको सुरुवात र प्रदेश कमिटी घोषणा कार्यक्रम आयोजना गर्ने एमालेको तयारी छ ।

शुक्रबार महासचिव शंकर पोखरेलले जनसंगठनका नेताहरूसँग बैठक गरी चुनावी परिचालनको योजना बनाएर तयारीमा जुट्न निर्देशन दिएका छन् । अध्यक्ष केपी ओलीले बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसँग करिब तीन घण्टा लामो एक्लाएक्लै छलफल गरी सुरक्षाको वातावरण अनुकूल रहेकाले पार्टी निर्वाचनमा होमिन निश्चित भएको जानकारी गराएका छन् ।

आयोगको कार्यतालिकाअनुसार ६ माघमा प्रत्यक्षतर्फका उम्मेदवार छनोट गर्ने प्रक्रिया सुरु हुँदै छ । त्यहीअनुसार एमालेले प्रत्यक्ष उम्मेदवार टुंग्याउने, घोषणापत्रको मस्यौदा तयार पार्नेलगायत गृहकार्य अघि बढाएको छ । एक पदाधिकारीका अनुसार केन्द्रीय कमिटी बैठकले उम्मेदवार छनोटको जिम्मेवारी केन्द्रीय सचिवालयलाई दिने सम्भावना रहेको छ ।

मोटरसाइकल हरायो

मिति २०८२/०९/२३ गते अ. १५:१० बजेको समयमा का.जि. गो.न.पा.-०८, आरुबारी डाँडागाउँबाट पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : **सेर्कु शेर्पा**
मो.सा.नं.: बा.प्र ०२-०६० प ४५५०
चेसिस नं.: **MD2A13EX7SCD84835**
इन्जिन नं.: **DKXCS29515**
सम्पर्क नं.: **9761408351**

गरिबीको...

पृष्ठ १ बाट क्रमशः

सहरी क्षेत्रमा १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् ।

प्रतिवेदनअनुसार अनुसार ७५३ पालिकामध्ये सबैभन्दा धेरै जाजरकोटको जुनीचाँदे गाउँपालिकामा ७७.८९ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन् । ०७८ को जनगणनाअनुसार त्यहाँ २३ हजार ७७१ मध्ये १८ हजार ५५१ जना गरिबको रेखामुनि छन् । त्यस्तै, मुगुको सोरू गाउँपालिकामा ७२.३६ प्रतिशत अर्थात् १० हजार ३३० जना गरिबीको रेखामुनि छन् । दुवै स्थानीय तह कर्णाली प्रदेशका हुन् ।

सुदूरपश्चिमका ६ पालिका गरिब नेपाली रहेको स्थानीय तहको सूचीमा छन् । अछामको ढकारी र बैतडीको सिगास गाउँपालिका तथा अछामकै कमलबजार नगरपालिका गरिब नेपाली रहेको स्थानीय तहको सूचीमा क्रमशः तेस्रो, चौथो र पाँचौँ स्थानमा छन् । बागमती प्रदेशको मकवानपुरस्थित राक्सिराङ गाउँपालिका सूचीको छैटौँ स्थानमा छ । राक्सिराङको ६५.६४ प्रतिशत अर्थात् १७ हजार ६३ जनसंख्या गरिबीको रेखामुनि छन् ।

सुदूरपश्चिमकै डोटीको शिखर नगरपालिका र बाजुराको त्रिवेणी नगरपालिका सातौँ र आठौँ स्थानमा छन् । लुम्बिनीको कपिलवस्तुस्थित कृष्णनगर नगरपालिका र सुदूरपश्चिमको बैतडीस्थित शिवनाथ गाउँपालिका नवौँ र दसौँ स्थानमा छन् ।

सबैभन्दा कम गरिबीको दर भएका स्थानीय तहको सूचीमा मुस्ताङको घरपझोङ गाउँपालिका पहिलो नम्बरमा छ । उक्त गाउँपालिकामा १.१८ प्रतिशत अर्थात् ४४ जना गरिबीको रेखामुनि छन् ।

राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक मनोहर घिमिरेका अनुसार वार्षिक ७२ हजार ९०८ रुपैयाँको उपभोग गर्न सक्ने (खर्च गर्न) भएमा व्यक्ति गरिबीको रेखाभन्दा माथि हुन्छ । यो दर ०६६/०६७ मा १९ हजार २६१ मात्र थियो । गरिबी जीवनस्तर र श्रमशक्ति सर्वेक्षण ०७९/८० र राष्ट्रिय जनगणना ०७८ को संयोजन गरेर हरेक पालिकाको गरिबीको अवस्था निकाल्दा यो प्रदेशगत रूपमा फरकफरक मापदण्ड तय गरिएको हो ।

२९ माघ ०८० मा सार्वजनिक भएको नेपाल जीवनस्तर सर्वेक्षणले पनि सबैभन्दा धेरै गरिबी सुदूरपश्चिममा ३४.१६ प्रतिशत र त्यसपछि कर्णालीमा २६.६९ प्रतिशत देखाएको थियो । लुम्बिनीमा २४.३५, मधेशमा २२.५३, कोशीमा १७.१९ र गण्डकीमा ११.८८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् ।

जिल्लागत रूपमा हेर्दा गरिबीको दर सबैभन्दा धेरै अछाममा ४९.५८ र सबैभन्दा कम कास्कीमा ५.६३ प्रतिशत छ । बैतडी, बाजुरा, मुगु, डोटी, कालीकोट, बर्दिया, कपिलवस्तु, बझाङ र रोल्पामा गरिबीको रेखामुनि रहेको जनसंख्या छ । ३४ जिल्लामा गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको गरिबी दर राष्ट्रिय औसतभन्दा बढी छ ।

०६८ मा सार्वजनिक नेपालमा गरिबीको लघुक्षेत्र अनुमानमा ५८ नगरपालिकाको गरिबी अनुमान गर्दा सबैभन्दा बढी बर्दियाको गुलरियाको ४९.६ प्रतिशत र सबैभन्दा कम पोखराको १.३ प्रतिशत थियो । त्यतिखेर ७५ जिल्ला रहेकामा सबैभन्दा बढी बाजुरामा ६४ प्रतिशत र सबैभन्दा कम कास्कीमा चार प्रतिशत गरिबी थियो ।

नेपालमा ०३४ बाट गरिबी सर्वेक्षण थाल्दा ३६ प्रतिशत गरिबी थियो । ०४८ मा भने गरिबी ४९ प्रतिशत पुगेको थियो । ०६६/०६७ मा गरिबी २५.२ प्रतिशत गरिबी रहेकामा ०८० मा सार्वजनिक चौथो जीवनस्तर सर्वेक्षणले गरिबीको रेखामुनि २०.२७ प्रतिशत जनसंख्या रहेको देखाएको थियो । अर्थात् नेपालमा हरेक पाँचजनामध्ये एकजना गरिबीको रेखामुनि छन् । राष्ट्रिय योजना आयोगको १५औँ आद्यावधिक योजनाले ०८०/८१ सम्म निरपेक्ष गरिबी १० प्रतिशतमा झार्ने लक्ष्य लिए पनि पूरा हुन सकेन । ०८१ पारित १६औँ पञ्चवर्षीय योजनाले भने निरपेक्ष गरिबी आव ०८५/८६ सम्ममा १२ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

काठमाडौं महानगरमा सबैभन्दा धेरै गरिबको बसोबास


तर, ७५३ मध्ये सबैभन्दा धेरै काठमाडौं महानगरपालिकामा ५९ हजार २१८ नागरिक गरिबीको रेखामुनि रहेको तथ्यांकले देखाएको छ । महानगरमा आठ लाख ६२ हजार चार सय जनसंख्यामध्ये ८.८७ प्रतिशत गरिबीको रेखामुनि रहेको तथ्यांक कार्यालयले जनाएको छ । तथ्यांक कार्यालयका निर्देशक मनोहर घिमिरेले काठमाडौंमा जनसंख्या धेरै भएकाले गरिबीको रेखामुनि रहेको संख्या धेरै देखिए पनि प्रतिशतमा कम रहेको बताए । 'दर भनेको कुल जनसंख्यामा हो, जहाँ बढी जनता हुन्छन् त्यहाँ धेरै हुन्छ । अनुपात हेर्दा कर्णाली, सुदूरपश्चिमका पहाडी स्थानीय तहमा देखिन्छ,' उनले भने, 'राष्ट्रिय मापदण्डमा ७२ हजार ९०८ रुपैयाँभन्दा कम खर्चलाई पनि पालिकास्तरको तथ्यांक निकाल्दा प्रदेशगत रूपमा हेरेका छौँ ।'

त्यस्तै, बाँकेको नेपालगन्ज उपमहानगरमा एक लाख ६४ हजार ४४२ जनसंख्याका रहेकामा ४९ हजार ८७ जना (२९.८५ प्रतिशत) गरिबीको रेखामुनि छन् । दाङको घोराही उपमहानगरपालिकामा ४७ हजार ८०६, कपिलवस्तुको कृष्णनगर नगरपालिकामा ४५ हजार ३१, रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकामा ४३ हजार ९३१, बर्दियाको गुलरिया नगरपालिकामा ४२ हजार ९३६ र सिन्धुलीको दुधौली नगरपालिकामा ४२ हजार ३३२ जना गरिबीको रेखामुनि रहेका छन् । कपिलवस्तुको महाराजगन्जमा ४० हजार ९०४, शिवराजमा ३८ हजार ५८७ र कपिलवस्तु नगरपालिकामा ३६ हजार ८२४ जना गरिबीको रेखामुनि छन् ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार २६ पुस ०८२
nayapatrikaofficial @nayapatrika

संगीत सिर्जनामा 'एआई' हस्तक्षेप

एआईको अन्धाधुन्ध प्रयोगले नेपाली संगीतको मौलिकतामाथि गम्भीर प्रहार भइरहेको छ



संगीत



● पवन बराइली

हामी सूचनाप्रविधिले ल्याएको ठुलो परिवर्तनको युगमा छौं। यसलाई विज्ञहरूले एआई (कृत्रिम बौद्धिकता) को युग पनि भनेका छन्। एआईले शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा मात्र होइन, भावनासँग गाँसिएको कला क्षेत्रमा पनि गहिरो प्रभाव पार्न थालेको छ। विशेषगरी गीत-संगीतमा पनि यसको प्रभाव गहिरो गरी पर्न थालेको छ। अहिले युट्युब, टिकटक, फेसबुक, इन्स्टाग्राममा एआईबाट सिर्जित गीत-संगीतको बिगबिगी थामिनसक्नु छ। मनपर्ने गायकको नाम सर्च गरेर गीत सुन्न थाल्यो, उही एआई सिर्जित गीतको फन्दामा परिन्छ। एआईले एकाध मिनेटमै रेकर्डेड गीत हामीलाई तयार पारिदिन्छ।

यसले संगीत क्षेत्रमा ठुलो चिन्ता थपेको छ। संगीतका मर्मज्ञ मर्माहत भएका छन्। रचनाकारदेखि, संगीतकार, गायक, वाद्यवादकलाई एकसाथ चिन्तित बनाएको छ। यसले कला, संस्कृति र मानवीय संवेदनाका सबै तहलाई प्रभाव पार्ने विज्ञको चिन्ता छ।

संगीत अन्वेषक तथा गीतकार बुलु मुकारुङले एआईले नेपाली गीत-संगीत मात्र होइन, भाषा, संस्कृति र सभ्यतामाथि नै गहिरो प्रभाव पार्न थालेको बताउँछन्। उनका अनुसार एआईले सिर्जना गर्ने संगीतमा स्वरूप हुन्छ, तर आत्मा हुँदैन। मुकारुङ भन्छन्, 'एआईले बनाएको संगीत ढाँचाबद्ध मात्रै हुन्छ, त्यहाँ भावना हुँदैन। बाँसुरी, सहनाई, सारंगीजस्ता बाजाका धुन एआईले दिन सक्दैन। एआई पश्चिमा शैलीमै सीमित हुन्छन्। हाम्रो लोकभाकामा बज्ने पृथक् स्वाद र विरहभाव एआईको संगीतमा भेटिँदैन।'

मुकारुङका अनुसार पहिले गीत रेकर्ड गर्दा लाइभ मादल, बाँसुरी, सारंगी, सहनाईजस्ता बाजा प्रयोग हुन्थे, जसले संगीतमा सामूहिकता र जीवन्तता दिन्थ्यो। अहिले डाउनलोड गरिएका डिजिटल बाजाले त्यो स्थान लिन थालेको छ। 'दमाहा बज्ने ठाउँमा ड्रम, सहनाईको ठाउँमा सेक्सोफोन प्रयोग भइरहेको छ,' उनी भन्छन्, 'सहनाईको विरही धुन एआईले निकाल्न कहाँ सक्छ ?'

वरिष्ठ संगीतकार राजु सिंह एआईले लामो समयदेखि साधनारत स्रष्टा र सर्जकलाई प्रत्यक्ष असर पुऱ्याइरहेको बताउँछन्। उनका अनुसार सर्जकको सिर्जना वर्षौंको अभ्यास, अनुभूति र जीवन भोगाइबाट निस्किन्छ।

'संगीतमा एआईको प्रयोग तीव्र बन्दै जाँदा स्रष्टा र सर्जकको रोजगारी नै संकटमा पर्ने खतरा देखिएको छ। एआईले संगीतलाई सस्तो बनाइरहेको छ। संगीतका लागि आवश्यक साधना, सिकाइ र अनुशासनको महत्त्व नै कमजोर पार्दै छ,' उनी भन्छन्, 'अब जो-कोहीले पनि सजिलै संगीत सिर्जना गर्न सक्ने समय आएको देखिन्छ। तर, वास्तविक स्रष्टाले एआईलाई राम्रोसँग बुझिसकेका छन्। यसलाई केवल सहयोगी उपकरणको रूपमा मात्र प्रयोग गरेका छन्।' उनको बुझाइमा एआईको प्रभाव दीर्घकालीन छैन। 'यो क्षणिक हो, समयसँगै यसको प्रभाव क्रमशः कम हुँदै जानेछ,' उनी भन्छन्।

■ भावना र आत्माको अभाव

एआईले तयार पारेको संगीतमा आत्मा नहुने सिंहको बुझाइ छ। 'संगीत केवल धुन र तालको संयोजन होइन, यो हृदयको संवेदना हो। पीडा, आनन्द र व्यक्तिगत यात्राबाट कला जन्मिन्छ,' उनी भन्छन्, 'संगीतले श्रोता तथा कलाकारबिच भावनात्मक सम्बन्ध स्थापित गर्छ।'

एआईले जस्तोसुकै कम्पोजिसन गरे पनि त्यसमा मानवीय भावना नहुने सिंहको ठम्याइ छ। 'संगीतको मिठास, आत्मा र संवेदना एआईमा भेटिँदैन,' उनी भन्छन्, 'एक संगीतकारले सुर, ताल र लयलाई प्रस्तुतीकरणसम्म ल्याउन वर्षौंदेखि साधना गरेको हुन्छ। एआईबाट तयार हुने संगीत र मानवीय सिर्जनाबिच आकाश-जमिनको फरक हुन्छ।'

राजु सिंहको भनाइसँग अर्का संगीतकार साहस शाक्य पनि सहमत छन्। संगीत मानवीय भावना र अनुभूतिबाट जन्मिने कला भएको उनी बताउँछन्। 'गीत-संगीत मनको भावनाबाट सिर्जना हुन्छ। एआईले सिर्जना गरेको संगीतमा त्यो भावनात्मक गहिराइ हुँदैन,' उनी भन्छन्।

■ नेपाली मौलिकतामाथि आक्रमण

नेपाली लोकगीत र लोकबाजाले संस्कृति जोगाउन महत्त्वपूर्ण भूमिका खेलेको मुकारुङको तर्क छ। संगीतमा एआईको अत्यधिक प्रयोगले मौलिकता हराउँदै गएकोप्रति उनको चिन्ता छ। मुकारुङ भन्छन्, 'हाम्रा जनजातिका आफ्नै भाषा, भाका र बाजा छन्। मुर्चुङ्गा, बिनायो, मुरुली, मादल, सारंगी, नरसिंहाजस्ता बाजाको प्रयोग र सामूहिक बजाउने संस्कार एआईले बुझ्नै सक्दैन।'

उनका अनुसार संगीतकार, गीतकार, ऐरेन्जर, कम्पोजरदेखि स्टुडियो टेक्निसियनसम्म सबै पेसा मानवीय सिर्जनशीलतामा आधारित छन्। 'एआईले लोकगीत, सोरठी, लोकधुनजस्ता परम्परागत स्वरूपलाई नक्कलमा मात्र सीमित गरिदियो भने संस्कृति नासिन्छ। यसले संगीतकर्मीबिच आर्थिक संकट ल्याउन सक्छ, प्रविधि कब्जा गर्नेले फाइदा लिन्छन्। एआईले छिटो र सस्तोमा गीत तयार गर्न सक्छ, यो यसको सबल पक्ष हो। तर, यो चाउचाउ उमालेर खाएजस्तै हो, तुरुन्तै त हुन्छ, तर यसको स्वाद दीर्घकालीन हुँदैन।'

उनी नयाँ पुस्तालाई संयमता अपनाउन आग्रह गर्छन्। उनका अनुसार लाइभ बाजामा सामूहिकता र हृदयको धड्कन हुन्छ, तर एआईमा केवल मेसिनद्वारा गरिने संयोजन मात्र हुन्छ। 'मानिसले बनाइराखेको संगीतलाई मेसिनले पुनः परिभाषित गर्नु सांस्कृतिक क्षति हो,' उनी भन्छन्, 'एआईको अन्धाधुन्ध प्रयोगले सिर्जनशीलता कमजोर बनाउँदै छ, मानिसलाई परनिर्भर बनाउँदै छ र नेपाली मौलिकतामाथि गम्भीर प्रहार भइरहेको छ। दीर्घकालीन सोचका साथ आत्मा र मौलिकता बोकेको संगीत सिर्जना गर्नु आजको आवश्यकता हो।'

■ एआई र भ्रम

नेपाल संगीत तथा नाट्य प्रतिष्ठानका उपकुलपति तथा संगीतकार गायक शम्भु राई पनि एआईको बढ्दो प्रयोगले मौलिक नेपाली संगीत ओझेलमा पर्ने खतरा औंल्याउँछन्। उनका अनुसार संगीतमा ज्ञान, क्षमता र योग्यता नभएकाहरूले एआईको प्रयोग गरिरहेका छन्। तर, एआईले वास्तविक संगीत सिर्जना गर्न नसक्ने उनको दाबी छ। 'एआई आफैंमा एउटा भ्रम हो' राई भन्छन्, 'अहिले बजारमा एआईले तयार पारेका गीत सुन्न सकिन्छ, तर ती क्षणिक मनोरञ्जनका साधन मात्र हुन्।' उनका अनुसार संगीत भनेको जीवनशैली, संस्कार, संस्कृति र बाजागाजासँग जोडिएको हुन्छ, जसको प्रतिनिधित्व एआईले गर्न सक्दैन।

उनी सफ्टवेयर र प्रविधिको प्रयोग संगीतमा सहायकको रूपमा स्वीकार्य भए पनि एआईले शब्द, संगीत र स्वर नै सिर्जना गर्न थालेपछि वास्तविक स्रष्टालाई चुनौती दिन थालेको बताउँछन्। 'यसले संस्कृति र संस्कारको प्रतिनिधित्व गर्दैन। अहिले एआईको प्रयोग धेरैजसो खिसी-ट्युरी र रमाइलोका लागि मात्र भइरहेको छ। हामी वास्तविक सर्जक भ्रममा पर्नु हुँदैन,' उनी भन्छन्।

उपकुलपति राई एआईले नेपाली गीत-संगीतमा विकृति ल्याइरहेको बताउँछन्। 'यो एउटा प्रविधि हो, आउँछ र समयसँगै हराउँछ पनि। तर, यथार्थ जीवनको सिर्जना मानिसबाट मात्र सम्भव छ। नेपालको विविधता संरक्षण गर्नु हाम्रो दायित्व हो। हामी आकाशमा उडे पनि अन्ततः टेक्ने धर्तीमै हो। हाम्रो मौलिक संस्कृति र संगीतको जगेर्ना गर्नु आजको आवश्यकता हो,' उनी भन्छन्।

गायिका आस्था राउत एआईले गीत-संगीत क्षेत्रमा वास्तविकता र नक्कलीबिचको भ्रम सिर्जना गरेको बताउँछिन्। 'एआईले गाएको गीत सुन्दा रियलजस्तो लाग्न सक्छ, तर त्यो कालान्तरमा वास्तविक लाग्दैन। यसले मानिसलाई भ्रममा पार्न सक्छ, तर हामी त्यो भ्रममा कति समय बस्छौं भन्ने प्रश्न महत्त्वपूर्ण हो,' उनी भन्छिन्।

एआईका कारण कलाकारको रोजीरोटी नखोसिने उनको तर्क छ। 'एआईले स्टेजमा गएर प्रस्तुति दिने होइन। स्टेजमा प्रस्तुति दिने कलाकारले नै हो। एआईले क्षणिक चर्चा होला, तर दीर्घकालीन प्रभाव हुँदैन। एआईले संगीतलाई 'फास्ट फुड'जस्तो बनाएको छ। यसले सजिलो र छिटो परिणाम दिने भए पनि मानवीय भावना र संवेदना समेट्न सक्दैन। मान्छेको मन र मस्तिष्कबाट सिर्जना भएको संगीत र कम्प्युटरबाट बनेको संगीतबिच ठुलो फरक हुन्छ,' उनी भन्छिन्, 'फिल गरेर कम्पोज गर्नु र गाउनुमा जुन संवेदना हुन्छ, त्यो एआईमा हुँदैन।'

गिटारिस्ट निराकार याक्थुम्बा एआईको प्रयोग गरी संगीत सिर्जना गर्नुको खास अर्थ नरहेको बताउँछन्। 'एआईले नेपाली संगीतकर्मीलाई असर गरिरहेको देखिन्छ। तर, एआई प्रयोग गरेर म्युजिक गर्नुको कुनै अर्थ हुँदैन। म्युजिक भनेको मनबाट गर्ने कुरा हो। यो सन्तुष्टिका लागि गर्ने हो,' उनी भन्छन्, 'म्युजिक आफ्नो विचार पोखाउने माध्यम पनि हो। हिजो हामी चर्चित हुनलाई म्युजिकमा लागेका थिएनौं। हामी आफैंले कम्पोज गरेको म्युजिकमा रमायौं, त्यसले आनन्द प्रदान गऱ्यो।'

उनका अनुसार एआईबाट सिर्जना गरिएको संगीतले क्षणिक चर्चा पाउन सक्छ, तर वास्तविक स्रष्टाले पाउने आत्मसन्तुष्टि र आनन्द त्यसमा हुँदैन। 'मान्छेको भावना शब्दमा मात्र होइन, संगीतको आत्मासम्म पुग्नुपर्छ,' उनी भन्छन्, 'एआईले बनाएको संगीत चर्चित होला, तर मानिसको मनको गहिराइसम्म पुग्दैन।'

■ रोजगारी गुम्ने खतरा

संगीतलाई केवल मनोरञ्जनको रूपमा लिनेहरूका लागि एआई उपयोगी हुन सक्ने राजु सिंह स्विकार्छन्। तर, वास्तविक स्रष्टाका लागि भने यसले गम्भीर असर पारिरहेको उनी बताउँछन्। 'एआईले स्रष्टालाई ओझेलमा पार्न सक्छ,' उनी भन्छन्, 'अहिले केही गीत एआईबाटै कम्पोज भएर बजारमा आएको छ। तर, समयसँगै फिल्टर हुँदै जान्छ र वास्तविक स्रष्टाले सिर्जना गर्न थालेपछि एआईको प्रभाव आफैं घट्दै जान्छ।'

प्रविधिको विकासलाई कसैले रोक्न नसक्ने भन्दै सिंह एआईलाई पूर्ण रूपमा नकारात्मक रूपमा लिन नहुने बताउँछन्। 'यसको सकारात्मक पक्ष भनेको यसले नयाँ श्रोता र दर्शक तयार गरेको छ। मानिसलाई संगीततर्फ आकर्षित पनि गरेको छ। कसैले शब्द लेखिदिएपछि एआईले सजिलै कम्पोज गरिदिन्छ, जसले संगीतप्रतिको रुचि बढाएको छ,' उनी भन्छन्।

एआईको बढ्दो प्रयोगले संगीतकर्मीको रोजगारीमा समेत खतरा बढाएको शाक्यको भनाइ छ। 'अहिले नयाँ संगीतकार 'एआईले बनाएकोजस्तो चाहियो' भन्छन्। 'यसले २० वर्षसम्म मिहिनेत गरेका संगीतकारले काम नपाउने अवस्था छ। उनीहरूले अनुभव काम नलाग्ने समय आएको छ। यसले संगीतकारको मौलिकता नै मेटिन्छ। यस्तो हुनु नेपाली संगीतको पहिचान हराउनु हो,' उनी भन्छन्।

उनका अनुसार एआईको पछि लाग्ने प्रवृत्तिले भविष्यमा कपी-राइटसम्बन्धी जटिलता पनि निम्त्याउन सक्छ। उनी भन्छन्, 'एआईले सिर्जना गरेका गीतमा कपी-राइटको ठुलो झमेला आउन सक्छ। संगीतको आधारभूत ज्ञान नभएका मानिस पनि सजिलै संगीतकार, गीतकार वा गायक बन्न सक्छन्। यसले नेपाली संगीतलाई झन् धुमिल बनाउँदै लैजानेछ।

■ साधनामा विश्वास

एआई आफ्नै ढाँचामा काम गर्ने र मानिसले बनाएको सीमित संरचनाभित्र अडिएको सिंहको भनाइ छ। 'राम्रो एआई चलाउन जान्नेहरूले यसलाई प्रयोग गरिरहेका छन्। तर, यसले वास्तविक स्रष्टाको सिर्जनात्मक क्षमतालाई क्रमशः कमजोर बनाइरहेको छ,' उनी भन्छन्, 'वास्तविक सिर्जनाका लागि एआईको आयु लामो रहँदैन।'

उनका अनुसार संगीतकारले साधना गर्नैपर्छ। 'साधनामा विश्वास गर्ने कलाकारका लागि एआई चुनौती हो, बैसाखी होइन,' सिंह भन्छन्, 'संगीतको विकाससँगै प्रविधिको विकासले नयाँ चुनौती थपेको छ।'

संगीतकार साहस शाक्य संसारभर गीत-संगीत क्षेत्रमा कृत्रिम बुद्धिकता (एआई) को प्रयोग तीव्र रूपमा बढिरहेको बताउँछन्। 'नेपाली संगीत पनि यसबाट अछुतो रहन सक्दैन। तर, संगीतकर्मीले एआईका फाइदा र बेफाइदा दुवै पक्ष गम्भीर रूपमा बुझ्न आवश्यक छ,' उनी भन्छन्, 'एआईले सिर्जना गरेको धुन र तललाई आधार बनाएर प्रारम्भिक स्केच तयार गर्न सकिन्छ। स्केचपछि संगीतकारको आफ्नै कम्पोजिसन हुन्छ। मिक्सिङका क्रममा नोइज हटाउन, भोकल सफा गर्न एआई उपयोगी हुन सक्छ।'

ड्रमर सञ्जय श्रेष्ठ समयसँगै प्रविधिको विकास हुनु स्वाभाविक प्रक्रिया रहेको बताउँछन्। म्युजिकमा एआईलाई उपयोगी टुल्सको रूपमा स्वीकार गर्नुपर्ने उनको भनाइ छ। 'समयक्रमसँगै प्रविधिको विकास हुन्छ। हिजो क्यासेट, सिडीको जमना थियो। गीत रेकर्ड गर्ने प्रविधि सीमित थिए। अहिले एआईले संगीत सिर्जना गर्न थालिसक्यो,' उनी भन्छन्, 'बजारमा एआईले सिर्जना गरेको संगीत पनि सुन्न सकिन्छ। तर, एआई उपयोगी टुल्स मात्र हो, तर यसले मानवीय संवेदना छुँदैन। संगीत मनबाटै आउनुपर्छ। संगीतमा मिहिनेत, लगनशीलता र साधना चाहिन्छ।'

वरिष्ठ संगीतकार वसन्त सापकोटाका अनुसार एआईलाई गीत गाउन लगाउने कार्य स्रष्टाको अनुमतिविना भइरहेको र यसले कपिराइट तथा राजस्वको विषयमा गम्भीर प्रभाव पारिरहेको छ। यो गैरकानुनी कार्यसमेत हो। 'जसले सिर्जना गरेको हो, ऊसँग स्वीकृति नलिई यस्ता काम भइरहेका छन्,' उनी भन्छन्, 'यसरी पुराना सिर्जनालाई एआईमार्फत तोडमोड गर्दै लगियो भने स्रष्टाको मौलिक सिर्जना नै मर्ने खतरा हुन्छ।'

सापकोटाले यस विषयलाई गम्भीर रूपमा लिएर तत्काल नियमन गर्न सरकारलाई आग्रह गरे। 'आफ्नो बौद्धिक सम्पत्तिको संरक्षण गर्नु स्रष्टाको पनि दायित्व हो। नेपालमा कपिराइट रजिस्ट्रर कार्यालय छ। नियमन गर्ने निकायले अनुसन्धान गरेर कसले, कसरी यस्तो गरेको हो भनेर पत्ता लगाई कारबाही गर्नुपर्छ,' उनी भन्छन्, 'नत्र, भोलि जसले पनि अनधिकृत रूपमा सिर्जना प्रयोग गर्ने अवस्था आउँछ।'

सारंगीवादक किरण नेपाली प्रविधिको विकाससँगै स्रष्टा र कलाकारले आफूलाई समयअनुसार अपग्रेड गर्दै अघि बढ्नुपर्ने बताउँछन्। प्रविधिलाई सहयात्रीका रूपमा प्रयोग गर्न सकिने उनको भनाइ छ। उनका अनुसार अहिले एआईबाट संगीत सिर्जना भइरहे पनि नेपाली मौलिक बाजाको आफ्नै महत्त्व र पहिचान छ। 'यसले मौलिकताको विकल्प दिन सक्दैन,' उनी भन्छन्, 'संगीतको विकास हिजोदेखि नै हुँदै आएको हो। एआईलाई प्रयोग गरेर पनि जीविकोपार्जन गर्न सकिन्छ।'

एआईले विभिन्न बाजाको धुन बजाए पनि त्यसमा मानवीय भावना नहुने उनको भनाइ छ। 'मौलिक बाजाको भावनासम्म एआई पुग्न सक्दैन। प्रत्यक्ष रूपमा स्रष्टाले बजाएकोजस्तो संवेदना आउँदैन। मानिसलाई सुरुमा एआई रमाइलो लाग्छ, तर बिस्तारै वाक्क लाग्छ। अन्ततः पुरानै शैली र मौलिक धुन खोजिन्छ, उनी भन्छन्, 'एआईले स्रष्टा र कलाकारका लागि चुनौती थपे पनि रोजगार खोस्ने अवस्था हुँदैन।'

एआईलाई मास्टर बनायौं भने हाम्रो क्षमता सकिन्छ



● प्राडा कृष्णहरि बराल, गीतकार

हिजो रेडियो नेपालमा लाइभ गीत रेकर्ड हुन्थ्यो। वाद्यवादकले एकैचोटि बाजा बजाउँथे, गायक-गायिकाले गीत गाउँथे। गीतकार सँगै हुन्थे। भावनात्मक रूपमा सँगै बसेर एकैपटक गीत गराइन्थ्यो। बिस्तारै ट्र्याकका मेसिनहरू भित्रिए। यसले गीतकार, गायक-गायिका वाद्यवादक र संगीतकारसँगको सम्बन्धविच्छेद गरिदियो। एक्लाएक्लै स्टुडियो गएर गीत रेकर्ड गर्ने समय आयो। वाद्यवादकहरू पनि फुर्सदमा गएर बजाउने थाले। यो सब प्रविधिले बनाइदिएको हो। यसलाई स्विकार्न बाध्य भयौं। क्यासेटमा गीत निस्कन थाल्यो, त्यसपछि चक्काको समय आयो। सिडीमा गीत हेर्ने समय आयो। सिडी र चक्कालाई विस्थापित गरेर पेनड्राइभको समय आयो। यसको समय सकिएपछि युट्युबजस्ता प्लेटफर्मको विकास भयो। अहिले टिकटक, फेसबुकको समय छ। विभिन्न डिजिटल प्लटफर्ममा गीत सुन्न सकिन्छ। पैसा नभएका गीतकार, गायक-गायिकालाई सजिलो बनाइदिएको छ। सजिलै र कम खर्चमा आफ्नो भावनालाई श्रोता दर्शकमाझ पुऱ्याउन सक्ने भए। आर्थिक रूपमा कमजोरलाई पनि एआईले सजिलो बनाइदियो। तर, ठुलो साधना गर्ने स्रष्टालाई ओझेलमा पाऱ्यो। संगीतमा तपस्या गरेका, संगीतमा खारिएकाहरू ओझेल पर्न थालेको देखिन्छ। हिजो एआई नआउँदा पनि डिजिटल प्रविधिले साधना गर्नेलाई असर गरेको थियो। त्यसैको निरन्तरता अहिले एआईको समय आयो। एआईले बजाएको बाजा, गाएको स्वर, कम्पोज गरेको थाहा हुन्छ। वास्तविक गायक-गायिका र एआईको स्वर फरक हुन्छ। जो स्रष्टाले वर्षौंदेखि संगीतमा तपस्या गरे, उनीहरूले यसैमा जीविकोपार्जन गर्दै आए, यसले उनीहरूलाई असर गरिरहेको छ। हामी भावनात्मक गीत लेख्छौं। एउटा मान्छेले अर्को मान्छेको भावना छुने गीत लेख्छौं। तर, एआईले सिर्जना गरेको गीत त्यस्तो हुँदैन। एआई आफैंमा यन्त्र हो। यन्त्र भएकाले ऊ भावनाको गहिराइमा पुग्न सक्दैन। जो एआईमा पूर्ण रूपमा भर पर्छ, उसको सिर्जनात्मक क्षमता समाप्त हुन्छ। एआईलाई हामी काम लगाउन सक्छौं। एआईलाई सहयोगी बनाउन सक्छौं। तर, उसलाई मास्टर बनायौं भने हाम्रो क्षमता समाप्त हुन्छ। सर्जकले आफूलाई जोगाउने हो।

‘बुढेसकालमा घर र नागरिकता दुवै पाएँ’

घरबारविहीन नथु परियारलाई स्थानीयले चन्दा संकलन गरी घर बनाइदिएका छन्





सीमान्त

● मणिलाल विश्वकर्मा

गोलबजार नगरपालिका-३ बुढीजमदह, सिराहामा छ, एउटा रैथाने बस्ती । चुरेको काखमा रहेको यो बस्तीका मानिस प्रायः खेतीपाती र मजदुरी गर्दै जीविका चलाउँछन् । यही बस्तीमा हुर्किए ६४ वर्षीय नथु परियार । नथु दिनभर गाउँलेका पुराना कपडा सिलाउँथे । तर, उनको ओत लाग्ने छानो थिएन । छिमेकीको पिँढीमा, गोठमा आश्रय लिँदै रात बिताउँथे । मिहिनेती उनका लागि गाउँलेले चन्दा अभियान सञ्चालन गरेर ओत लाग्ने घर मात्र बनाइदिएनन्, खाटसहित ओढ्ने ओछ्याउने, खाना पकाउने ग्यास चुल्हो, भाँडावर्तनसमेतको जोहो गरिदिएका छन् ।

‘सपनाको घर’ नाम दिइएको शौचालयसहितको दुईकोठे जस्ताले छाएको पक्की घर स्थानीय दीपेश मोक्तान, आनन्द पाख्रिन, रतनकुमार घिसिङलगायतको अगुवाइमा बनेको हो । चन्दा संकलन गरी उनीहरूले करिब साढे पाँच महिनामा घर निर्माण गरी परियारलाई साँचोसहित हस्तान्तरण गरेका हुन् ।

नथुका बुबा मुगालालले त्यही गाउँमा सिलाइको काम गर्थे । २०३६ को पुसमा बुबाको निधन हुँदा नथु १८ वर्षका लक्का जवान थिए । नथुले त्यसपछि बुबाले गर्ने काम सम्हाले । आमाको पनि निधन भएपछि दुई भाइ र एक बहिनी उनैले सम्हाले । भाइबहिनी ठुला भएपछि आआफ्नै घरजम बसाउनतिर लागे । त्यसपछि एक्लिए नथु ।

७२ वर्षीय मेघप्रसाद पाख्रिनले सुनाए, ‘नथु छिमेकी जम्दह गाउँका रतनकुमार घिसिङको घरको पिँढीमा वर्षौंसम्म शरण लिएर बसे । गाउँघरमै सिरक-डस्ना सिलाएबापत कहिले थोरै पैसा, कहिले अन्न दिन्थे गाउँलेले । उनले त्यसैले जीविका चलाउँथे ।’

‘करिब १५ वर्षअघि जमदह गाउँ छाडेर धनुषा जिल्लाअन्तर्गत बटेश्वरको तामाङ बस्तीमा बस्न थालेका नथु तामाङ भाषा पनि फरर बोल्छन्,’ स्थानीय ७५ वर्षीय श्यामबहादुर घिसिङले भने । उनका अनुसार पाँच वर्षजति बटेश्वर गाउँमा बसेर पुनः जन्मथलो फर्किएर चोरपाने गाउँका हर्क विश्वकर्माको घरको पिँढीमा बस्दै आएका नथुले गाउँ-गाउँ डुल्दै सिरक-डस्ना, थोत्रामोत्रा कपडा सिलाएर हातमुख जोड्दै आएका थिए ।

बाल्यकालदेखि नै गरिबी, अभावको पीडा झेल्दै आएका उनका लागि स्थानीय समाजले गरेको सहयोग सराहनीय रहेको जमदहका पूर्वगाविस उपाध्यक्ष अजिरमान थापाले सुनाए । ‘यो क्षेत्रमा व्यक्तिका लागि निजी घर बनाइदिएको पहिलो हो,’ उनले भने, ‘युवा पुस्ताले चाहने हो भने नसकिने के रहेछ र !’

उनको घर निर्माणका लागि थालिएको आर्थिक सहयोग संकलन सामाजिक सञ्जालमार्फत व्यापक बनाइएपछि एक लाख ७५ हजार चार सय ६६ रुपैयाँ संकलन भएको अगुवा आनन्द पाख्रिनले बताए । उनका अनुसार घर निर्माणका लागि स्थानीयसहित व्यवसायीले घरको कोरा, ढोका, इँटा, रंगरोगन, बिजुलीको सामान, भान्साका लागि भाँडावर्तन, ग्यास सिलिन्डरसहित चुल्हो उपलब्ध गराएका छन् । साथै सिलाइ मेसिनसहित एक लाख २० हजार रुपैयाँको जिन्सी सहयोग प्राप्त भएको उनले बताए ।

घर हस्तान्तरण कार्यक्रममा नगद, जिन्सी सहयोगसहित निर्माण खर्चको विवरण प्रस्तुत गरिएको थियो । एक लाख २० हजार एक सयबराबरको जिन्सी सामानसहित तीन लाख ४९ हजार तीन सय तीन रुपैयाँ खर्च भएको छ । ४४ हजार नौ सय रुपैयाँ बक्यौता रहेको विवरणमा उल्लेख छ ।

गोलबजारस्थित ट्रिनिटी स्कुलका सञ्चालक दिलिप बुढाथोकीले बढ्दो आधुनिकताले समाजमा ऐंचोपैंचो, सरसहयोग हराउँदै गएका वेला गाउँलेको पहलमा घरवारविहीन दलितको घर निर्माण गरिनु नयाँ पुस्ताका लागि पनि उदाहरणीय काम भएको बताए ।

गोलबजारस्थित दलित महिला केन्द्र नेपालले उनको नागरिकता बनाउन आर्थिक व्यवस्थापनदेखि घर निर्माणका लागि अभियान थालेको कार्यकारी निर्देशक तेजेन्द्र लामाले बताए । नथुका लागि नयाँ घर बनाउन वडा कार्यालयले जग्गाको व्यवस्थापन गरिदिएको हो । वडा कार्यालयले गोलबजार चोरपाने सडकअन्तर्गत बुढी जमदहस्थित जनता आधारभूत विद्यालयको पूर्वदक्षिणपट्टि कुनाको करिब १० धुर ऐलानी जग्गाको हकभोगको कागजात बनाइदिएपछि उनका लागि घर निर्माण गरिएको हो ।

६३ वर्षमा नागरिकता

नागरिकताका लागि कैयौँपल्ट कागजात बोकेर जिल्ला प्रशासन कार्यालय धाउँदाधाउँदै उनी थाकिसकेका थिए । ६३ वर्षको उमेरमा १६ असोज २०८१ मा बल्ल उनले नागरिकता पाए । ‘वडा कार्यालयको पहल र प्रयासमा सबै कागजात पुऱ्याएर सनाखतमा उनका भाइलाई राखिएपछि नागरिकता बनेको हो,’ गोलबजार-३ का वडाध्यक्ष धनप्रसाद लामाले भने । ‘उनको नागरिकताका लागि सनाखत बसिदिन उनका कान्छो भाइ मिश्रलाल र सिन्धुलीमा बसोवास रहेका माहिलो भाइ ईश्वरलाई कैयौँपल्ट अनुरोध गर्‍यौं,’ उनले भने, ‘बाबुआमाको नागरिकता लिएर सिन्धुलीमा बस्दै आएका भाइले त भन् मागेका वेला नागरिकता नै नदिने, लुकेर बस्न थालेपछि नागरिकता बन्न सकिरहेको थिएन ।’

दलित ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता लिन योग्य उमेर तीन वर्ष घर्किसकेको थियो । उनका भाइले बाबुआमाको नागरिकता दिइरहेका थिएनन् । वडाको समन्वय र दलित महिला केन्द्रको व्यवस्थापनमा गाउँका केही युवकलाई सिन्धुली पठाएर उनकी आमाको नागरिकता झिकाई छिमेकी गाउँका भाइलाई सनाखतमा राखेपछि नागरिकता बन्यो । ‘नागरिकता बनेपछि सामाजिक सुरक्षा भत्तासमेत लिन थाल्नुभएको छ,’ उनले भने, ‘सामाजिक सुरक्षा भत्ताले पनि उहाँको जीविकोपार्जनमा केही सहज भएको छ ।’

घर र नागरिकता पाएपछि दंग थिए नथु परियार । खुसी हुँदै उनले भने, ‘बुढेसकालमा उहाँहरूले घर बनाइदिनुभयो । नागरिकता पनि पाएँ । मेसिन पनि दिनुभयो । धेरै खुसी लागेको छ । अब गाउँ छाडेर कतै पनि जान्नँ ।’

सम्पदा



● शान्ति तामाङ



१६०० वर्ष पुरानो सिद्धपोखरी (तव पुखु) तस्बिर : दिपेन्द्र ढुंगाना

उपत्यकामा पोखरी यसकारण बनाए पुर्खाले

उपत्यकाका १० नगरपालिकामा २३३ पोखरी छन् । कतिपय १६ सय वर्ष पुराना पनि छन् ।

भक्तपुरको दुधपाटीमा रहेको बसपार्क छेउछाउ पुग्ने धेरैको एउटा लक्ष्य हुन्छ । त्यहाँको सुन्दर पोखरीमा टहलिने, माछालाई खानेकुरा खुवाउने, सुन्दर पोखरीवरपरको वातावरणमा एकछिन भए पनि थकाइ बिसाउने । दुधपाटी मात्र होइन, भक्तपुर नगरपालिकाभित्रको ३८ वटै पोखरीमा पुगेर मानिसहरू घन्टौं बिताएर फर्किन्छन् । ती पोखरीको १६०० वर्षसम्मको इतिहास पाइन्छ ।

■ १६०० वर्ष पुरानो सिद्धपोखरी (तव पुखु)

कुनैवेला करिब ३०० वर्षसम्म भक्तपुर नेपालको राजधानी थियो । त्यसैले, राजधानीको पूर्वाधारकै रूपमा पोखरी अनिवार्य रूपमा निर्माण भएको इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् । ‘पोखरी नगरसभ्यताको प्रतीक थियो । पोखरी राजधानीको सौन्दर्यका लागि पनि नभई नहुने थियो । त्यसैले, शोभाको रूपमा मात्र नभई, वर्षभरि गरिने जात्रा चाडपर्वका लागि पनि पोखरीको महत्त्व धेरै थियो,’ उनले भने ।

भक्तपुरमा भएका धेरै पोखरीमध्ये सिद्धपोखरी (तव पुखु) सबैभन्दा पुरानो र ठुलो हो । यो पोखरी करिब १६०० वर्षअघि नै अस्तित्वमा आएको इतिहासविद् श्रेष्ठ बताउँछन् । २० वर्षअघि नै भक्तपुरका पोखरीबारे अनुसन्धान गरेका उनले यो पोखरी अस्तित्वमा आएको समयबारे केही प्रमाण भेटेका छन् । ‘भक्तपुरको सबैभन्दा पुरानो पोखरी सिद्धपोखरी लिच्छविकालतिरै बनेको थियो । पोखरीको पूर्वपट्टि खोपाहरू छन् । त्यहाँ वराहले पृथ्वी मातालाई उद्धार गरेको मूर्ति छ । त्यो लिच्छविकालीन मूर्ति हो । नेपाली साहित्यकार तथा चित्रकार लैनसिंह बाङ्देलले वराहको त्यो मूर्तिलाई पाँचौं शताब्दीको भएको बताएका थिए । त्यो समय भनेको करिब १६०० वर्षअघि हो,’ श्रेष्ठले भने ।

त्यही ठाउँमा एउटा शिलालेख पनि भेटिएको छ । तर, त्यो शिलालेख पढ्न सकिने अवस्थामा छैन । मूर्तिको शीर्ष भागमा केही बुट्टा छन्, त्यस आधारमा त्यो शिलालेख १२औं शताब्दीतिरको भएको देखिन्छ । सिद्धपोखरीलाई पछि पर्खाल, पेटीसहित बनाउने काम नेपाल संवत् २४८ तिर इन्द्रदेव नामका युवराजले बनाउन लगाए । श्रेष्ठका अनुसार पोखरीको आसपासमा बौद्ध चैत्य पनि छ । पूर्वपट्टि शिवलिंग छ । यसले धार्मिक समन्वय र सांस्कृतिक एकता र सद्भावको उदाहरण प्रस्तुत गरेको छ । त्यहीँ गुहेश्वरी पीठ छ । भक्तपुरका बज्राचार्य तान्त्रिक विधिद्वारा पूजाआजा गर्न अहिले पनि त्यहाँ जान्छन् । केही पहिलेसम्म स्थानीयले श्राद्धकर्म गर्दा त्यही पोखरीमा पिण्ड सेलाउने काम गर्थे ।

सिद्धपोखरीको नजिक रहेको भाजु पोखरी १२औं शताब्दीमा बन्यो । त्यहाँ देवाली पूजा गर्न अझै स्थानीय जान्छन् । कालदह पुखु हेर्दा सानो तर धार्मिक, सांस्कृतिक जीवनसँग जोडिएको पोखरी हो । जनैपूर्णिमाको दिन पोखरीमा गएर स्नान गर्ने परम्परा छ । पोखरीलाई गोसाइँकुण्डको रूप मानिन्छ । विभिन्न प्रयोजनका लागि बनेका यी पोखरीको आफ्नै धार्मिक, सामाजिक, सांस्कृतिक, वातावरणीय महत्त्व छ । तर, वि.सं. १८२६ मा मल्ल राज्यको पतनपछि भने भक्तपुरमा यस्ता सम्पदा बेवास्तामा परे । ‘मल्ल राज्यको पतनपछि भक्तपुर सामान्य जिल्लाका रूपमा मात्र रह्यो । अरू वास्तु कृतिसँगै पोखरीको पनि संरक्षण हुन सकेन । यहाँको विकासमा पूर्णविराम नै लाग्यो भन्नुपर्छ,’ श्रेष्ठले भने, ‘करिब ४० वर्षअघि भएको सांस्कृतिक पुनर्जागरणपछि भने यहाँको पोखरीलगायत सम्पदा संरक्षणमा समुदाय जुटेका छन् । स्थानीय जनप्रतिनिधि आएपछि उनीहरूले पनि चासो देखाएका छन् । यसले इतिहास ब्युँताउने काम भएको छ ।’

■ यसकारण पोखरी महत्त्वपूर्ण

पोखरी कति महत्त्वपूर्ण छ भन्ने जानकारी हासिल गर्न काठमाडौं उपत्यकाको पानी प्रणालीबारे अध्ययन गरेका अध्येता तथा इन्जिनियर पद्मसुन्दर जोशीको ‘हिटी प्रणाली’ पुस्तक पढ्न उपयुक्त हुन्छ । उनले पुस्तकमा पोखरीको महत्त्व दर्साउन मध्यपुर थिमी नगरपालिकाअन्तर्गत बोडे नगरलाई बलियो उदाहरणका रूपमा पेस गरेका छन् । नगरमा बस्तीभित्र दुई र बस्तीबाहिर चारवटा पोखरी छन् । ‘पलेस्वाँ पुखु, खाँसी पुखु र द्योबुं पुखु बस्तीको उत्तरमा रहेको भिरालोको ठिक माथि छन्, जसले बस्तीलाई मनहराको भिरतिर भासिनबाट बचाउँछ । बस्तीबाहिर दक्षिणतिरको क्वय् पुखुले वर्षाको समयमा पानी संकलन गरी यसभन्दा दक्षिणको खेतलाई जोगाउने काम मात्र गर्दैन, वर्षापछि सिँचाइका लागि पानीसमेत उपलब्ध गराउँछ,’ उनले पुस्तकमा उल्लेख गरेका छन् ।

साप्ताहिक राशिफल

२६ पुस (शनिबार)
२ माघ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

महत्त्वपूर्ण काम बन्ने हुनाले आर्थिक अवस्था सुदृढ हुनेछ । सन्तानप्राप्तिको योग रहेको छ भने सन्तानको प्रगतिमा मन रमाउनेछ । पढाइ-लेखाइमा प्रतिस्पर्धीहरूभन्दा निकै नै अगाडि बढी पुरस्कार तथा प्रशंसापत्र जित्न सकिनेछ । बुधबारदेखि सामान्य कुरालाई पनि बढी गम्भीरतापूर्वक लिने बानीले आर्फैंलाई दुःख होला । सामान हराउने वा धननाशको सम्भावना छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

सम्मानित काम गरी सबैको मन जित्न सकिनेछ । राजनीतिक भेटघाट तथा बैठकमा समय व्यतीत हुनेछ । व्यापार, उद्योग तथा सेयरबजारमा लगानी गरी आम्दानी गर्न सकिनेछ । नयाँ काम पाउने तथा गरिरहेको काममा बढुवा हुने योग रहेको छ । बिहीबारदेखि विगतमा गरेको गल्ती र कमजोरीका कारण तनाव सिर्जना हुन सक्छ । महत्त्वाकांक्षी योजनामा हात हाल्नु राम्रो हुँदैन ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

शिक्षा र बौद्धिक क्षेत्रमा प्रगति हुनेछ । व्यापार-व्यवसायमा पनि फाइदा होला । काम गरेर अरूलाई आकर्षित गर्न सकिनेछ । शत्रुबाधा समाप्त होला । प्रशस्त धनलाभ हुनेछ । अप्ठ्यारा चुनौतीलाई पनि सजिलै पन्छाउन सकिनेछ । प्रेम र मित्रताको गाँठो कसिएला । रमाइलो भ्रमणबिच आतिथ्यपूर्ण सम्मान पाइएला । साताको अन्त्यमा भने अस्वस्थताको योग छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सञ्चित कर्मको फल पाउने समय छ । राम्रै आम्दानी हातपर्ला । शरीरमा आरोग्य एवं स्फूर्ति बढ्नेछ । मंगलबार र बुधबार भने आकस्मिक खर्च बढ्नेछ । तापनि, वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । आफन्तसँगको भेटघाटले मनमा प्रसन्नता थपिएला । मनपर्ने वस्त्र, अलंकार आदिको लाभ होला । गरेको कामबाट प्रशंसा मिल्नेछ । सानै प्रयासले पनि महत्त्वपूर्ण काम बन्ने योग छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

समय उन्नतिकारक छ । विद्या, बुद्धि बढ्नेछ । बौद्धिक तथा व्यावसायिक पक्षबाट लाभ उठाउने मौका छ । शत्रु परास्त भएर जालान् । मुद्दासमेत किनारा लाग्नेछन् । काममा अवश्य पनि उत्साह थपिनेछ । मित्रताको गाँठो कसिएर जाला । नयाँ प्रेमसम्बन्ध स्थापित हुन सक्छ । तर, सप्ताहान्तमा भने पारिवारिक झमेला, काममा बाधा र स्वास्थ्यमा संकट आउला, सचेत हुनुहोस् ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नु पर्नेछ, जसबाट यश प्राप्त हुनेछ । बोलीको प्रभाव रहनाले काम बन्ने छ समयलाई पर्खिनु होला । विभिन्न महत्त्वपूर्ण दिनमध्ये आजको दिन विशेष महत्त्वको दिन हुनेछ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने सम्भावनासमेत छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

शुभ समाचारको आगमनले मन प्रसन्न रहने दिन छ । शत्रुहरू पराजित हुनेछन् । आत्मबल बढ्नेछ । मातापिता र अभिभावक वर्गसँगको सम्बन्ध सुमधुर रहनेछ । समाजसेवाका कामबाट लाभ हुनेछ । सुख-सुविधा र विलासिताका साथमा समय बित्नेछ । सरकार र राज्यपक्षबाट लाभ प्राप्त हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

मन मिल्ने साथी भेटिए पनि सम्बन्ध बिग्रन सक्छ । काम रोकिनाले मन खिन्न रहला । आर्थिक पक्ष पनि कमजोर बन्ने देखिन्छ । अप्ठ्यारा कामको बोझ थपिने सम्भावना छ । बिहीबारपछि स्थितिमा सुधार आउनेछ भने सप्ताहान्तमा अवसरले उत्साह जगाउनेछ । सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ । मानसम्मान पनि पाइनेछ । दिगो फाइदा हुने काम सुरु होला ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

फाइदाका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला । केही घरेलु कामकाज स्थगित हुनेछन् भने व्यवहारमा आफ्नैले अप्ठ्यारो पार्न सक्छन् । कामको अवसर प्राप्त भए पनि श्रमको उचित मूल्यांकन नहुनाले लाभ कम हुनेछ । काममा उत्साहपूर्वक जुट्न नसकिएला । पछिसम्म फाइदा हुने काममा लगानी गर्ने अवसर प्राप्त भए पनि तत्कालैलाई खर्चको मात्रा बढ्ने समय छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा वादविवादमा फस्ने र प्रतिफल प्राप्त नहुने क्षेत्रमा लगानी हुने दिन हो । व्यापारीहरूले हानि व्यहोर्नुपर्छ र कर्मचारीले अपजस व्यहोर्नुपर्छ । यात्रा घातक बन्न सक्छ, धेरै टाढा नजानु होला । सामाजिक र परोपकारका मार्गमा अवरोध हुनेछ । बुधबारदेखि वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । स्थानान्तरण र टाढाको यात्रा सम्भावना छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रारम्भमा अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला । बिहीबारदेखि स्थितिमा सुधार आउनाले रोकिएका काम बन्नुका साथै उत्साहित भइनेछ । लगनशीलताले गुमेको स्थान दिलाउला । परिवेश रमाइलो देखिए पनि अवसरका लागि दौडधुप गर्नुपर्ला । शनिबारपछि अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । सप्ताहान्तमा स्थितिमा सुधार आउनाले मनग्ये फाइदा हुनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

आर्थिक र व्यावसायिक समस्या समाधान हुनेछन् । तर्क-वितर्क, चिन्तन आदिका क्षेत्रमा उल्लेखनीय लाभ हुनेछ । आफन्तले तपाईंका विचार र तर्कको सराहना गर्नेछन् । स्वास्थ्य सबल रहनेछ, दैनिक कामकाज सजिलै सम्पन्न हुनेछन् । कल्पना र भावुकतामा रमाउँदा-रमाउँदै दिन गएको पत्तो पाउनुहुन्न । नयाँ कार्यमा लगानी गर्दा फाइदा हुने योग रहेको छ ।

स्थास्थ्य



● अच्युतमान सिंह प्रधान ‘उत्सुक’

मानव विकासको सुरुवातमा मानिसले खाने भनिएको कन्दमूलमध्येको एक तरुल पनि हो । तरुल पुरानो कन्दमूल तथा खाद्यबालीमध्येको एक हो । यो जमिनमुनि फल्ने पोषण र औषधीय गुणले भरिपूर्ण तरकारी हो । कन्दमूलका नामले परिचित तरुल रेसादार खानेकुरा हो ।

तरुल स्वास्थ्यका लागि एक लाभदायक खाद्यपदार्थ हो । यो अति नै पोषणयुक्त हुन्छ । तरुललाई औषधीको रूपमा पनि प्रयोग गरिन्छ । परापूर्व कालदेखि नै महिलाको हर्मोनको गडबडीले हुने रोगलाई निको पार्न यसको प्रयोग गरिन्थ्यो ।

कोरिया र जापानमा सयौं वर्षअघिदेखि नै यसलाई आयुर्वेदिक औषधीका रूपमा पनि प्रयोग गरिँदै आएको छ । त्यस्तै, अफ्रिकामा प्रजनन क्षमता बढाउन तरुल खाने चलन छ ।

यसमा विभिन्न प्रकारका भिटामिनका साथै क्याल्सियम, आइरन तत्त्व, तामा, म्याग्निज, म्याग्नेसियम, फोस्फोरस, पोटासियम,



कमलपोखरी



नःपोखरी



१२औं शताब्दीमा बनेको भाजु पोखरी

पोखरीलाई ऐतिहासिक सम्पदाको रूपमा अंगीकार गरेर भक्तपुर नगरपालिकाले संरक्षण, संवर्द्धनको काम गरेको छ। करिब ४० वर्षअघिदेखि नै पोखरीको मर्मतसम्भार, संरक्षण हुँदै आए पनि संघीयतापछि आएका जनप्रतिनिधिले पोखरीको मर्मलाई मनन गरेका हुन्।

पर्यटनसँग जोडेर काम गरिरहेको छ। पोखरीलाई ऐतिहासिक सम्पदाको रूपमा अंगिकार गरेर नगरपालिकाले संरक्षण, संवर्द्धनको काम गरेको छ। करिब ४० वर्षअघिदेखि नै पोखरीको मर्मतसम्भार, संरक्षण हुँदै आए पनि संघीयतापछि आएको जनप्रतिनिधिले पनि पोखरीको मर्मलाई मनन गरेको हो। सोहीअनुसार पोखरीलाई पर्यटनसँग जोडेर आम्दानीसमेत गरिरहेको नगरपालिकाले जनाएको छ।

भक्तपुर नगरपालिका प्रशासकीय अधिकृत दामोदर सुवालका अनुसार परम्परागत पानीका स्रोत इनार, ढुंगेधारा, पोखरी, कुवा पुरानो नेवार सभ्यता हो। 'ऐतिहासिककालमा भक्तपुरका बासिन्दाको दैनिक आवश्यकता जस्तै- घरायसी आवश्यकता, कृषि आवश्यकता, पशुपालनसम्बन्धी आवश्यकता पूरा गर्न र नगरको वातावरणको र पर्यावरणलाई सन्तुलनमा राख्न नगरभरि विभिन्न आकार र क्षेत्रफलका पोखरी निर्माण भएका छन्,' उनले भने, 'ती संरचनाको धेरै पहिलेदेखि समुदायले आफ्नो हित, धर्म, संस्कृति परम्परासँग जोडेर मर्मत सम्भार र संरक्षण गर्दै आएको छ। पछिल्लो जनप्रतिनिधि आएपछि सांस्कृतिक पर्यटनसँग जोडेर जनचेतना फैलाउने र पर्यटन उद्योगसँग जोडेर विभिन्न गतिविधि गर्ने प्रयास भएका छन्।'

नगरपालिकाभित्र रहेका सिद्धपोखरी, रानीपोखरी, कलविनायक पोखरीलगायगत आन्तरिक र बाह्य पर्यटकका लागि आकर्षणको केन्द्रविन्दु भएको छ। ती पोखरी संरक्षणका लागि नगरपालिकाले दर्जनौं जनशक्तिको समेत व्यवस्था गरेको छ। पोखरी नै हेर्नका लागि आउने पर्यटकको यकिन तथ्यांक नभए पनि इतिहास, संस्कृति, जीवनशैली, मौलिक सांस्कृतिक पर्यटनको आधार भएकाले यस्ता परम्परागत पानीका स्रोत पर्यटकको अध्ययन र आकर्षणको केन्द्र भएको छ।

सुवालले भने, 'केही पोखरी भक्तपुर विकास परियोजना भनेर ८० को दशकमा पश्चिम जर्मन सरकारको सहयोगमा जिर्णोद्धार भयो। केही पोखरीको परम्परागत शैलीमा जिर्णोद्धार नगरी ढलान गरियो, जसमा पानी अडेन। अहिले त्यहाँ पानी अडिने बनाउने काम भइरहेको छ। कति ठाउँमा पोखरी चुहिने, भत्किने, टालिने भएकाले त्यसमा पनि आवश्यकताअनुसार मर्मत-सम्भार, जीर्णोद्धारको काम हुँदै आएको छ।' नगरपालिकाका अनुसार पोखरीलाई सौन्दर्यीकरण गर्न माछा पाल्ने, फोहोरा हाल्ने, पर्खाल लगाउने, बत्तीको व्यवस्था गर्ने, गमला राखेर फूल रोप्नेलगायत काम भइरहेका छन्। रानीपोखरी, सिद्धपोखरी, भाजुपोखरी, कमलविनायक पोखरीमा माछापालन गरेर आम्दानी गर्नेसमेत काम भएको छ।

काठमाडौं उपत्यका खानेपानी विकास बोर्डका अनुसार उपत्यकाका १० नगरपालिकामा भएका पोखरीको संख्या दुई सय ३३ छन्। सबैभन्दा धेरै ललितपुर नगरपालिकामा ६५ पोखरी छन्। काठमाडौं महानगरपालिकामा १५, भक्तपुर नगरपालिकामा ३८, मध्यपुर थिमी नगरपालिकामा २०, कीर्तिपुर नगरपालिकामा १०, महालक्ष्मीमा २०, गोदावरी नगरपालिकामा २८, चन्द्रागिरि नगरपालिकामा २०, शंखरापुर नगरपालिकामा १० र टोखा नगरपालिकामा सात पोखरी रहेका छन्। भक्तपुरका ५० पोखरीमध्ये हाल ३८ मात्र अस्तित्वमा रहेका छन्। बाँकी १२ विभिन्न कारणले हराएका छन्। नगरपालिकाका अनुसार तत्कालीन आवश्यकता पूरा गर्न र सुरक्षाका दृष्टिले पोखरी पुरेर संरचना निर्माण भएका ठाउँको पोखरी हराएका हुन्।

उनका अनुसार नेवाः सभ्यतामा सिरानका पोखरी, बस्तीबिचका पोखरी, बस्ती पुछारका पोखरी र फ्वती वा फ्वंगा थिए। चारै प्रकारका पोखरीको उत्तिकै महत्त्व भए पनि बस्तीबिचका पोखरीबारे जोड दिँदै उनले लेखेका छन्, 'बस्तीबिचका पोखरीले एकातिर निकासका लागि बनाइने बर्खे ढलको आकार सानो बनाइरहेको र त्यसको मर्मत-सम्भारलाई सजिलो पारिरहेका हुन्छन् भने अर्कोतिर घरेलु उपयोगका कतिपय काम गर्न पानी उपलब्ध गराइरहेका हुन्छन्।'

■ पोखरीलाई पर्यटनसँग जोड्दै

हिजोको अवस्थामा जुन प्रयोजनका लागि पोखरी निर्माण भयो, सोहीअनुसार प्रयोजनमा नआए पनि हाल नगरपालिकाले पोखरीलाई

तरुल खानुका फाइदा



सेलिनियम, सोडियम, जिन्कजस्ता हाम्रो शरीरलाई चाहिने खनिज तत्त्व पाइन्छन्। यसमा हाम्रो शरीरलाई चाहिने १८ किसिमका अमिनो एसिड पनि पाइन्छ। यसलाई तागतिलोका साथै आडिलो खानेकुरा मानिन्छ।

जाडोमा संक्रमण पनि बढी हुने हुनाले भिटामिन, मिनरल्स तथा लवण बढी पाइने तरुलसँगै कन्दमूल तथा सखरखण्ड खानु स्वास्थ्यका लागि राम्रो हुन्छ। शरीरलाई अत्यावश्यक तत्त्व यसमा पाइने भएकाले पनि यो समयमा तरुल खानुपर्ने स्वास्थ्यविद्हरू सुझाव दिन्छन्। त्यस्तै, जाडोमा रोग प्रतिरक्षात्मक क्षमता कम हुन्छ। रोगसँग लड्ने तत्त्व तरुलमा पाइने हुनाले यो समयमा तरुल खानु आवश्यक छ।

तरुलले शरीरमा तापक्रम र क्यालोरी बढाउँछ। तरुलले शरीरमा चिल्लो र बोसो जम्न दिँदैन। रेसादार खानेकुरा भएकाले यसले ठुलो आन्द्रामा जमेको फोहोर वा दिशालाई सहजै बाहिर निकाल्न मद्दत गर्ने पोषणविद्हरू बताउँछन्।

यसलाई तरकारीका रूपमा र उसिनेर खाने गरिन्छ। तर, तरकारीभन्दा उसिनेर खानु स्वास्थ्यका लागि फाइदाजनक हुन्छ। तरुल उसिनेर यसका भएको पोषक तत्त्व नष्ट हुँदैन। यसलाई चामलको पिठोसँग मिसाएर पकौडा बनाई खान पनि सकिन्छ। बालबालिकालाई तरुल खुवाउनु निकै फाइदाजनक हुन्छ।

यसमा पर्याप्त मात्रामा कार्बोहाइड्रेड पाइने हुनाले यसलाई शक्तिको प्रमुख स्रोतका रूपमा लिने गरिन्छ। तर, कार्बोहाइड्रेड प्रशस्त हुने भए पनि यसले रगतमा चिनी सुस्तरी उपलब्ध गराउँछ। त्यसैले रगतमा चिनीको मात्रा सन्तुलनमा राख्ने हुनाले मधुमेह भएका बिरामीले पनि तरुल खान मिल्छ।

यसले लिपिड र कोलेस्टोरोल घटाउँछ। मोटोपन घटाउन मद्दत गर्छ। साथै, यसले रगत शुद्ध पार्नुका साथै मुटु अनि कलेजोको पनि सुरक्षा गर्छ। यसमा प्रशस्त मात्रामा एन्टी-अक्सिडेन्ट हुने हुनाले छालालाई सुन्दर बनाउन मद्दत गर्छ। त्यस्तै श्वासप्रश्वाससम्बन्धी समस्या र कलेजोको सुरक्षाका लागि पनि राम्रो मानिन्छ।

यसमा प्रशस्त मात्रामा फाइबर पाइने हुँदा पाचन प्रक्रियासम्बन्धी समस्याका लागि राम्रो हुन्छ। यसमा पाइने भिटामिन 'ए'लगायत अरू भिटामिनका कारण आँखाको दृष्टि बलियो हुन्छ। त्यस्तै, यसमा भिटामिन बी प्रशस्त मात्रामा पाइन्छ, जसले मुटुसम्बन्धी समस्या हुनबाट जोगाउँछ।

यसमा पाइने एन्टी-अक्सिडेन्टले क्यान्सर रोगसँग लड्न सहयोग गर्ने हुनाले क्यान्सर हुनबाट बचाउँछ। यसले डायोसजेनिनले प्रोस्टेट, आन्द्रा, मिर्गौला, स्तनमा हुने क्यान्सरलाई रोक्छ र बढ्न दिँदैन। त्यस्तै महिनाबारी बन्द भएका महिलामा हर्मोनको सन्तुलन गराउन तरुल खानु उपयोगी हुन्छ।

यसमा दुखाइ घटाउने र रोगसँग लड्ने क्षमता बढाउने गुण हुन्छ। यसर्थ, यसले दुखाइ घटाउने र रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। नियमित तरुल खानाले हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमता राम्रो हुन्छ। तरुल खाँदा मस्तिष्कको विकास हुने र बुझ्ने क्षमतामा सुधार आउने अनुसन्धानले देखाएको छ।

हटलाइन



व्यंग्य



● रवि मिश्र

काठमाडौंको चिसो सिरेटो चिसोपनको आफ्नै कीर्तिमान तोड्ने जुलुममा बतासिरहेको थियो। तर, देउवाजीको बेडरुमको तापक्रम अचम्मले बढेको थियो। चैत-वैशाखको धुपमा झैं खलखली पसिनाले अनुहार भिजेको थियो। उनी घरी कपीले अनुहार हम्किन्थे। घरी कोल्टे फिर्थे। घडीले रातको १ बजायो, तर देउवाजीको आँखामा निद्राको 'न' पनि थिएन। उनलाई सिरकको भार पनि पहाड खसेर थिचेजस्तो भइरहेको थियो। बाहिर कुकुर भुकेको आवाज आउँदा पनि उनलाई लाग्यो- कतै थापाजी र शर्माजी 'विशेष महाधिवेशन'को माइन्युट बोकेर गेटमै त आइपुगेनन् ?

उसैपनि मान्छे जब सुत्छ। तब मन सोच्छ - संसारभरिको समस्या समाधान गर्ने समय यही हो। त्यो देखेर निद्राले छेउ आउने हिम्मतै गर्दैन। देउवाजी त त्यसै पनि तनावमा थिए। तनावको स्रोत थियो- 'पर्सि २७ गतेको विशेष महाधिवेशन।'

यो मिति देउवाका लागि जेमराज सरको क्यालेन्डरमा रातो मसीले लेखिएको मितिजस्तै भइरहेको थियो। ज्योतिषले सातचोटि प्रधानमन्त्री हुन्छन् भनेर त भन्यो, तर आफ्नै महामन्त्रीले बिचबाटोमै 'ढाट' तेर्स्याउलान् भन्ने त भनेको थिएन। तनावको ग्राफ बढ्दै गयो। तनाव साट्ने भरपर्दा कोही भएन।

अन्त्यमा, उनले आफ्नो 'संकटको साथी' सम्झिए। जो संसद् विघटन गर्दा होस् वा मध्यरातमा समीकरण फेर्दा होस्, कहिल्यै 'नर्भस' भएको रेकर्ड छैन। आन्दोलनमा पनि आफूले कुटाइ खाइयो। उनी नडराई भागे। फर्केर आएर नडराई भागेको छैन भने। देउवाजीले काम्दो हातले मोबाइल फुन हातमा लिए र बालकोटको हटलाइन नम्बर डायल गरे।

'मेरो दुस्मन छ धेरै, दुस्मन हेरेको हेर्‍यै' फोन गयो। रिङटोन नि दुर्गेशको गीत राखेका रहेछन्। एकपटक, दुईपटकको डायलमा फुन उठेन। तेस्रोपटकमा उताबाट आवाज आयो।

'हलो ! यो मध्यरातमा कुन ज्यामादुतको काम हो यो ? एमालेको सूर्य अझै उदाउने वेला भा'छैन यहाँ। को हो हँ ?'

स्वर उही थियो- अलिकति ठट्टेउलो, अलिकति रुखो, अलिकति दम्भले भरिएको र अलिकति सुतेको। केपी शर्मा ओली।

'ए...ए..... ओली जी ! म हो क्या भन्देखुनलाइ शेर ! आवाज नि के भैरहेछ बाबा शेरबहादुर के' देउवाजीको स्वर खानी तथा भूगर्भ विभाग पुगेको भए त्यहाँ कम्तीमा नि ६ रेक्टर स्केलको भूकम्प मापन हुन्थ्यो।

ओलीले उताबाट लामो सास फेरे। 'ए शेरबहादुर जी ! म त कुनचाहिँ 'जेनजी'वालाले तर्साउन फोन गरेछ भन्ठानेको। के भो हँ ? ज्योतिषले फेरि सेक्टेम्बर ९ को साइत निकाल्यो कि क्या हो ?'

'हैन ओलीजी, यहाँ बर्बाद भइसक्यो। यत्रो बर्बादीमा कसरी निद्रा लाग्छ यार ? हाम्रा महामन्त्री केटाहरू पर्सि २७ गते महाधिवेशन गर्ने भनेर लागेका छन्। लौन, के गरुँ ? केही 'बालकोटे फर्मुला' दिनुपऱ्यो।'

यो सुनेर ओलीजी जुरुक्कै उठेको अनुमान लगाउन सकिन्थ्यो। उनको स्वरमा अब निद्रा होइन, राजनीतिको 'क्याफिन' चढिसकेको थियो।

'धत् ! शेरबहादुर जी ! तपाईं पनि कति कच्चा खेलाडीजस्तो कुरा गर्नुभा' ?' ओलीजीले क्लास सुरु गरे, 'केटाकेटीको कुरामा डराउने ?

'वनको शेरले खाओस् नखाओस्, मनको शेरले खायो' भनेको यही हो। राजनीति भनेको लुँडो होइन शेरबहादुर जी, जहाँ गोटी काटिएला भनेर डराउने। यो त चेस हो चेस ! अनि चेसको बोर्डमा घोडा जति नै उफ्रिए पनि केही हुन्न।

'तपाईंलाई त सजिलो छ नि केपी जी,' देउवाले गुनासो पोखे, 'तपाईंको पार्टीमा 'बा' भनेपछि सकियो। आँखा जुधायो कि गयो। भीम रावलजीलाई बोरामा हालेर नेकपातिर निर्यात गर्नुभो। साक्षात ईश्वरलाई भित्ताको पोस्टरमा सीमित बनाइदिनुभो। तर मेरोमा ? यहाँ त प्रजातन्त्रको नाममा मलाई नै 'प्रजा' बनाउन खोज्दै छन्। यी दुई भाइलाई कसरी तह लगाउने ?'

'हेर्नुस्, यसको एउटै उपाय छ- पेल्नुस् !' ओलीले सूत्र दिए।' घरको झगडा पेलेरै मिलाउने हो।'

'कुरा त हो, सम्मस्से यति मात्रै छैन। देउवाजीले भन्नुभो-

'घरको झगडा त मिलाउँला। बाहिरका तीन केटाहरू नि मिले भन्ने सुन्नमा आछ। ? चुनावपछि त हामी पुरातत्त्वतिर सरुवा हुन्छौं कि क्या हो ?'

ओलीको खित्का बालकोटको देउवालयसम्म गुन्जियो। 'हा हा हा ! तपाईंले मलाई हँसाउनुभो। कुन नयाँ शक्तिको कुरा गर्नुभा ? ती 'पानी फोका' हरू ?'

'पानीको थोपा भन्नुहुन्छ।' देउवाजीले भन्नुभो, 'मलाई त जनैखटिराको फोकाजस्तो भैराछ। जनता तिनीहरूकै पछि छन् जस्तो लागिरा'छ। त्यो घण्टीवालाको घण्टीले मेरो कान खाइसक्यो।'

'कुन घण्टी ? घण्टी बजाउन त मन्दिर पो जाने हो। सरकारमा जाने हैन नि ?' ओलीजीले भने, 'हेर्नुस् त तिनको हालत ! सूची हेर्नुभा'छ ? समानुपातिकमा को परे ? सम्धी, भान्जा, छिमेकी ! हामीले त कम्तीमा यस्तो अलिअलि लाज मान्दै, लुकिछिपी गर्थ्यौं। यिनेरु त सीधै।'

ओलीले थपे, 'शेरबहादुर जी, ढुक्क हुनुस्। खत्तम बन्नमा यिनीहरूले हामीलाई जित्न सक्दैनन्। हामी त 'प्रोफेसनल' हौं, यिनीहरू 'सिकारु' हुन्। सिकारुले गरेको गल्ती चाँडै देखिन्छ। हाम्रो गल्तीलाई त हामीले 'नीतिगत निर्णय' भनेर लुकाउन जानेका छौं।'

देउवाले अलिकति राहत महसुस गर्दै अर्को पात्रको नाम लिए, 'अनि त्यो गुलुपमान नि ? रास्वपाको वरिष्ठ उपाध्यक्ष हुने रे, तर मन्त्री चैं नछोड्ने रे ! यो कस्तो काइदा हो केपी जी ?'

'लौ हेर्नुस् !' ओली पङ्किए, 'त्यही त म भन्दै छु। कुर्सीमा फेबिकोल लगाएरै बसेको भनेर मान्छेहरू हामीलाई 'पद लोलुप' भन्थे। यिनीहरू त फेबिकोल होइन, सिमेन्ट नै लगाएर कुर्सीमा टाँसिएका छन्। पार्टीको उपाध्यक्ष पनि बन्ने, मन्त्रीको झन्डा पनि हल्लाउने ! यो त 'दुवै हातमा लड्डु, जिब्रोमा चाहिँ रसबरी' भनेजस्तो भयो।'

ओलीले अझ गहिरो विश्लेषण सुनाए, 'हेर्नुस् शेरबहादुर जी, नैतिकताको भाषण गर्नेहरू नै जब अनैतिक काम गर्न थाल्छन् नि, तब जनताले फेरि हामीलाई नै खोज्छन्। जनताले भन्नेछन्- 'बरु ती पुराना बुढाहरू नै ठिक थिए, कम्तीमा लुकेर त गर्थे। यी नयाँ जोगीले त खरानी मात्र होइन, पूरै कोइला घसेर आए।' जति यिनीहरू बिग्रन्छन्, उति हाम्रो इज्जत बढ्छ। तर, हामीजस्तो टिक्न सक्ने छैनन्। हेर्नुस् त राजीनामा दिसके। तरिका हो ?'

देउवाजीले फेरि सोधे- त्यो बब्लु कि डब्लु भन्ने मन्त्रीको कुरा नि ? अमेरिका जाने काण्ड ? निम्तो नि नक्कली भन्दै छन् त।'

ओलीजीले भने, 'एकपल्ट अमेरिका जान देऊ, अनि मन्त्री छोडौंला' रे ! मन्त्री पद भनेको बयलगाडा हो ? चढेर अमेरिका जान ?'

निष्कर्ष निकाले, 'यो 'बब्लु प्रवृत्ति' नै हाम्रो जितको आधार हो। विनाबयलगाडा अमेरिका जान खोज्नेले देश बनाउँछन् ? वाहियात !

'अनि त्यो मेयर शाह त कसैलाई टेर्दैनन् नि। कतै भोट माग्न नि जाँदैनन्। घरदैलो छैन, आमसभा छैन। उसले पो हामीलाई सिध्याउने हो कि ?' देउवाजीले भने- सुतैरै सक्यो भने त बिजोग भो नि।'

ओलीले यसलाई सीधै खारेज गरिदिए।

'फेसबुकमा स्टाटस लेखेर भोट आउने भए त आज डोनाल्ड ट्रम्प हैन, फेसबुककै मालिक जुकरबर्ग अमेरिकाको राष्ट्रपति हुन्थे।'

ओलीले थपे, 'नयाँ जोगीले खरानी धेरै घस्छ' उसले राम्रै घस्न जानेको छ। खैर केही छैन पछि आफैं टक्टकाउनुपर्छ।'

संवादको अन्त्यतिर ओलीले देउवालाई 'राजनीतिक एन्टिबायोटिक' दिए।

'ल सुन्नुस् शेरबहादुर जी, अब धेरै नडराउनुस्। केटाकेटीको डरले आफैं केटाकेटीजस्तो कुरा गरेर हुन्छ ? महामन्त्रीहरू कराउँदै गर्छन् जंगलको राजा शेर लम्किँदै गर्छ।

'अनि ती नयाँलाई के गर्ने ?'

'तिनलाई आपसमा लड्न दिने,' ओलीजीले भने, 'रविले कुलमानको खुट्टा तान्छन्, कुलमानले बालेनको। हामीचाहिँ बार्दलीमा बसेर चिया पिउँदै तमासा हेर्ने। अनि मौका मिल्नासाथ दुई भाइ मिलेर नयाँ सरकारको 'सेटिङ' मिलाउने। सत्ताको तर त हामीले नै खाने हो शेरबहादुर जी, यिनीहरूलाई त कचौरा चाट्न दिने हो।'

देउवाजीको मन अब पूरै हलुका भइसकेको थियो।

'तपाईं त मान्नैपर्ने मान्छे हो केपी जी,' देउवा खुसीले गदगद भए, 'तपाईंसँग कुरा गरेसी निदाउने बल आयो। ल जय नेपाल !'

'ल ल, जय नेपाल !' ओलीजीले भने, 'विशेष महाधिवेशनको बाजा र घण्टी बजेको सुनी नातर्सिनुहोला।'

फोन काटियो।

देउवाजी ओछ्यानमा पल्टिए। अब उनलाई २७ गतेको डर थिएन। महामन्त्रीहरूको अनुहार धमिलो भइसकेको थियो। ओलीजीकै कुरा सम्झी मुसुमुसु हाँसे। बाहिर कुकुर भुक्न बन्द भइसकेको थियो। सायद उसले पनि बुझ्यो- यो देशमा पुराना खेलाडीहरूको 'सेटिङ'को पर्खाल नाघ्न अझै गाह्रो छ।

शुभरात्रि !

झ्याप्पै !

रवि मिश्र
@rabimishra



पुस्तकालयका लागि ५० वर्ष

■ पुस्तकालयविद् इन्दिरा दली भन्छिन्- पुस्तकालयको काम समुदायलाई सामाजिकीकरण गर्ने पनि हो

● शान्ति तामाङ

उमेरले आठ दशक छुनै लाग्यो । कपाल सेताम्मे फुल्यो । अनेक रोगले डेरा जमाउन थाल्यो । तर, पुस्तकालयविद् इन्दिरा दलीको सक्रियतामा उति भिन्नता आएको छैन । उनको बुबाले पुस्तक र पुस्तकालयसँग सम्बन्ध सानैदेखि जोडिदिए । घरभरि पुस्तकका चाङ राखेर पुस्तकालयको अनुहार देखाइदिए । हो, त्यही दिनले उनलाई पुस्तक र पुस्तकालयप्रति रुचि जाग्यो ।

काठमाडौंको यंगालमा जन्मिएका उनका बुबा शिक्षक थिए । अंग्रेजी, गणित, विज्ञान पढाउँथे । उनका बुबाले जम्मा गरेको पुस्तकले घरका छ-सातवटा दराज भरिएको थियो । करिब दुई सय वर्षअघि लेखिएको जर्मन कथा संग्रह 'ह्यान्सेल एन्ड ग्रेटेल' उनको बालसुलभले भेउ नपाउँदै सुनिन् । करिब पाँच सय वर्ष पुरानो फ्रान्सेली लोककथा 'सिन्द्रेला' पनि उनले उतिवेलै सुनिन् । ती सबै पुस्तकका अंश उनलाई उनको बुबाले नै सुनाए । यस्ता धेरै बाल पुस्तक उनले सानैमा सुन्न पाइन् । पढ्न पाइन् । पुस्तक विद्यालय तहमै उनका बुबाले पुरस्कारस्वरूप प्राप्त गरेका थिए । कतिपय किनेर संकलन गरेका थिए । उनले ती पुस्तक अझै केआइडी कलेक्सन (कासिलाल इन्दिरा दली)भनेर संकलन गरेर राखेकी छिन् । जुन आजसम्म इन्दिरासँग छ ।

'तीन चार वर्षको बच्चालाई ज्ञानको क्षेत्र कति हुन्छ भन्ने जानकारी हुन्न । त्यही वेला मैले हरेक दिनजसो म केही काम नगर्ने, जिन्दगीभर पढिरहने, संसारभरको कुरा पढ्ने, संसारको सबैभन्दा विद्वान् बन्ने भनेर बुबालाई भन्थें । बुबाले पनि जति मन लाग्छ पढ् भन्नुहुन्थ्यो,' उनले भनिन् । यति धेरै माया गर्ने बुबाले पाँचैजना छोरी जन्मिएपछि एक महिनाको छोरी र सुत्केरी श्रीमती छाडेर अर्की श्रीमती लिएर थैंटीको घरमा बस्न थाले । आफूलाई त्यति धेरै माया गर्ने बुबाले एक्कासि नयाँ परिवार जोडे । उनको परिवारलाई छोडे । तर, उनले पुस्तकमोह भने छाडिनन् ।

■ एक दिनको शिक्षक पारिजात

सानैदेखि पुस्तकसँग हुर्किएको उनको पुस्तक रुचिकै कारण क्षणभरमै पारितजातको प्रिय विद्यार्थी भएकी थिइन् । उनले लेखेको पुस्तकको निबन्धबाट प्रभावित भएर पारिजातले मदन स्मारक माध्यमिक विद्यालयमा सहज रूपमा भर्ना गराएकी थिइन् । 'मैले लेखेको किताब शीर्षकको निबन्ध मन परेर पारिजात मिसले जसोदा तिमीले गुहेश्वरीको छोरीको म्याथको जाँच लिनुपर्दैन । यो केटीलाई छोड्नुहुँदैन भनेर भर्ना गरिदिनुभएको थियो । त्यो दिनदेखि मिस बिरामीको बिरामी पर्नुभयो । फर्केर स्कुल आउन सक्नुभएन । पारिजात मेरो एकदिनको मिस हो,' दलीले भनिन् । एसएलसीपछि उनले त्रिचन्द्र क्याम्पसमा आइएस्सी पास गरिन् । त्यसपछि उनले अर्थशास्त्रमा स्नातकोत्तर गरिन् । जनप्रशासनमा स्नातक गरिन् । कानुन पनि पढिन् । त्रिभुवन विमानस्थलको मौसम पूर्वानुमान महाशाखामा काम गरिन् । पुस्तक प्रेमका कारण पढ्न भने छोडिनन् । अमेरिकन, रसियन, नेपाल-भारत पुस्तकालय, ब्रिटिस काउन्सिल पढ्नकै लागि गइन् । रसियन लेखक निकोलाई ओस्त्रोब्स्कीको पुस्तक 'हाउ द स्टिल वाज टेम्पर' उपन्यास कापीमै सारेर पढिन् । एसियाका पहिलो नोबेल पुरस्कार विजेता रवीन्द्रनाथ टैगोरको 'गीताञ्जली' पटक-पटक पढिन् ।

■ पुस्तकालय यात्रा

त्रिभुवन विमानस्थलको मौसम पूर्वानुमान महाशाखामा उनी घामपानी, हावा नाप्दै थिइन् । घामपानी, हावासँगै अर्थशास्त्रमा पिएचडी तयारी पनि गर्दै थिइन् । पिएचडी गर्ने क्रममा उनलाई अलि धेरै पढ्नुपर्ने, अनुसन्धान गर्नुपर्ने भयो । यसका लागि पुस्तकालय अभाव बनेर खट्किको । त्यो वेलाको समयमा उनीसँग उच्च शिक्षा हासिल गरेको प्रमाणपत्र थियो । विकल्प पनि धेरै नै थिए । तर, आठ वर्ष लामो सरकारी जागिर छाडेर त्रिभुवन विश्वविद्यालयमा जागिरका लागि आवेदन दिइन् । 'पिएचडीको तयारीमा थिएँ, गाइड एकातिर, जागिर अर्कातिर, अनि लाइब्रेरी अर्कातिर । साह्रै समस्या भयो । त्यसपछि घाम कति, हुरी कति भनेर हेरिरहेको मान्छे त्रिविति लागें,' उनले भनिन् ।

नाम त निस्कियो, तर उनले सोचेजस्तो सजिलो भएन । उनलाई त्रिविअन्तर्गतका अन्य क्याम्पस जानुपर्ने भयो । पुस्तकालयनजिक काम गर्न पाइन्छ ठानेर आवेदन दिएकी इन्दिराले अन्यत्र जानुपर्ने भएपछि नियुक्तिपत्रै लिइनन् । त्यसको १५ दिनमा उनलाई मानविकी संकायका डिन उपेन्द्रमान मल्लले भेट्न बोलाए । मल्लसामु इन्दिराले आफ्नो रुचि खुलस्त राखिन् । त्यसपछि उनलाई पद्मकन्या क्याम्पसको लाइब्रेरियन भएर बस्न भनियो । उनी त्रिविले दिएको ४५ दिनको तालिममा सहभागी भइन् । पद्मकन्या क्याम्पसमा लाइब्रेरियन भएर काम सुरु गरिन् । ०३२ सालमा हावापानीको नाप लिइरहेकी उनको यात्रा मोडिएर लाईब्रेरियनमा रुपान्तरण भयो ।

पद्मकन्या पुस्तकालयमा त्यति वेला किताबका चाङ अहिलेभन्दा धेरै भएको इन्दिरा सम्झन्छिन् । ती सबै किताब व्यवस्थापन गर्न इन्दिरालाई सुरुमा अप्ठ्यारो पनि भयो ।

यति धेरै पढेको मान्छे लाइब्रेरीमा बस्ने हो भनेर उनलाई हतोत्साही पनि गर्थे । अन्तै काम गर वा क्याम्पस पढाऊ भनेर दबाबसमेत दिइरहन्थे । 'लाइब्रेरीमा बस्ने मान्छे कम पढेको र केही नजानेको हुन्छ भन्ने जब्बर मानसिकता थियो । अरूले जति बेवास्ता गर्थे, ममा पुस्तकालय सम्मानित क्षेत्र हो भनेर देखाउने तत्परता उति बढ्थ्यो,' उनले भनिन् ।

पद्मकन्यापछि उनको पुस्तकालय यात्रा मीनभवनस्थित नेपाल कमर्स क्याम्पससँग जोडियो । उनलाई त्यहाँको पुस्तकालयबारे एक सातामा रिपोर्ट बनाउन भनियो । पद्मकन्याको अनुभव छँदै थियो । उनले भोलिपल्टै रिपार्ट बुझाइन् । र, पुस्तकालय प्रमुख भएर काम सुरु गरिन् ।

यी दुइटा क्याम्पसको अनुभवपछि इन्दिरा पिएचडी अध्ययन बिचमै छाडेर पुस्तकालय विज्ञान पढ्न भारत गइन् । उनलाई अझै याद छ, पिएचडी छाडेर पुस्तकालय विज्ञान नपढ्नू भनेर धेरैले सम्झाएका थिए । यसमा भविष्य छैन भन्दै तर्साएका थिए । उनी भने तर्सिनुको सट्टा दृढ भइन् । सन् १९९७/९८ मा भारतबाट 'लाइब्रेरी एन्ड इन्फर्मेसन साइन्स'मा स्नातकोत्तरमा उच्च अंक हासिल गरेर पास गर्न सफल भइन् । त्यसपछि उनको यात्रा त्रिवि केन्द्रीय पुस्तकालतर्फ भयो ।

■ बाल पुस्तकालय बनाउने प्रण

त्रिविको पुस्तकालयमा काम गर्ने सिलसिलामै उनलाई जापान जाने अवसर मिल्यो । उनको मिहिनेत, इमानदारिता र पुस्तकालयप्रतिको लगावले उनलाई जापानमा नौ महिना एड्भान्स तालिम लिने अवसर प्राप्त भएको थियो । जापानमा रहने क्रममा ६ हप्ता भाषा पढेपछि उनले विभिन्न सहरका पुस्तकालयमा घुम्ने अवसर पाइन् । मोबाइल पुस्तकालयमा काम गर्ने अवसर पनि पाइन् । मोबाइल पुस्तकालयमा दिन बिराएर प्रत्येक दिशामा भ्यानमा किताब हालेर लगिन्थ्यो । प्रत्येक स्टपमा साइरन बजाएपछि मान्छे आउँथे । अघिल्लो हप्ता लिएको किताब फर्काउँथे । र, नयाँ किताब लिएर जान्थे ।

त्यहाँ भएको एउटा घटनाले भने उनलाई नराम्ररी झस्कायो । र, नेपालमा बाल पुस्तकालय बनाउन प्रण गर्न बाध्य पाऱ्यो । 'मोबाइल लाइब्रेरीमा काम गर्ने क्रममा एकपटक एउटा ठाउँमा जाँदा भयंकर आँधी, चट्याङ, पानी परिरहेको थियो । भ्यानबाट किताबको च्याक बाहिर लैजान सक्ने अवस्था थिएन । त्यहाँका महिला अघिल्लोपटक लगेको किताब फर्काउँदै नयाँ लिन गइरहेका थिए,' उनले त्यो घटना सम्झँदै भनिन्, 'एकजना महिलासँग साढे दुई वर्षजतिको बालिका पनि आएकी थिइन् । उनको आमालाई किताब लिएर घर जान हतार भएको थियो । त्यहीं बाल पुस्तक पनि थिए । तर, ती बालिकालाई आँधीहुरीसँग मतलब भएन । अर्को किताब चाहियो भनेर झगडा गरिरहेकी थिइन् । अनि, त्यहाँ मेरो दिमागमा के घुस्यो भने बच्चैदेखि पुस्तक पढ्ने बानी विकास गर्नुपर्छ ।' ती बालिकाको नाम साया थियो । सायाकै अगाडि उनले मनमनै नेपाल फर्केर बाल पुस्तकालय खोल्ने प्रण गरिन् ।

नेपाल फर्केपछि उनले ०६७ सालमा नवजीवन आमा समूहसँग मिलेर सानेपामा पुस्तकालय खोलिन् । आफ्नै गोजीबाट सकेसम्म धेरै पैसा हालिन् । त्यो पुस्तकालय सानेपा, बल्खुआसपास मजदुरी गरेर गुजारा चलाउनेका छोराछोरीका लागि महत्त्वपूर्ण गन्तव्य बन्यो । त्यो क्षेत्रका बालबालिकाले गृहकार्य गर्ने, मनोरञ्जन गर्ने, ज्ञान आर्जन गर्ने थलो भयो । विडम्बना, स्रोतअभावका कारण पुस्तकालयको आयु छिटै सकियो ।

■ पुस्तकालय गुरुयोजना

पुस्तकालयमै काम गर्दागर्दै उनी ०४२ सालमा सेन्टर फर इकोनोमिक्स डेभलपमेन्ट एन्ड एडमिनिस्ट्रेसन (सेडा)मा पुगिन् । त्यति नै वेला साउथ एसियन एसोसियन फर रिजनल को-अपरेसन (सार्क) स्थापना हुनुभन्दा अघि भुटानबाहेक सार्क राष्ट्रले नै रिसर्च संस्था खोलेको थियो । त्यसको अनुसन्धान गर्न पुस्तकालय विकास गर्नुपऱ्यो । त्यो संस्थाले सन् १९८५ मा डेभलपमेन्ट इन्फर्मेसन नेटवर्क फर साउथ एसिया (डेभिन्सा) नामक संस्था खोल्यो । नेपालबाट सेडा फोकल पोइन्ट भयो । १९८६ देखि १९९३ सम्म डेभिन्सालै काम गऱ्यो । नीतिगत निर्णय हुने हरेक वर्षको बैठकमा श्रीलंकामा सहभागी भएर उनले काम गरिन् । सेडाबाटै उनले सह-लाइब्रेरियन भएर अवकाश पाइन् । अवकाशपछि पनि पुस्तक र पुस्तकालयमा काम गर्न छाडिनन् । भूकम्पले भत्काएको राष्ट्रिय पुस्तकालयको पुस्तक व्यवस्थापनदेखि पुस्तकालय गुरुयोजना बनाउनेसम्मका काम उनले गरिन् ।

आठ वर्षअघि बनेको दशवर्षे पुस्तकालय गुरुयोजना अहिले पनि अलपत्र छ । राष्ट्रिय पुस्तकालय बनाउने काम कत्ति पनि अगाडि बढ्न सकेको छैन । तर, उनको टोलीले बनाएको गुरुयोजना कम्ती महत्त्वपूर्ण छैन । बल्लतल्ल बनेको यो नीति कार्यान्वयनमा आउन अझै कति समय लाग्ने हो टुंगो छैन । यो नीति बनाउन इन्दिराले कम्ता दौडधुप गरेकी छैनन् । आफ्नै संयोजकत्वमा गुरुयोजना तयार पार्दा संसारभरका पुस्तकालयबारे अध्ययन गरेको उनी बताउँछिन् ।

गुरुयोजनामा केन्द्रीय पुस्तकालयका अतिरिक्त सातवटै प्रदेश, जिल्ला, पालिका, वडा र गाउँस्तरमा पुस्तकालय निर्माण गर्न प्रस्ताव गरिएको छ । कार्यान्वयन हुने हो भने संघ र प्रदेश सरकारले मात्र होइन, देशभरका स्थानीय सरकारले आ-आफ्ना क्षेत्रमा पुस्तकालय स्थापना गर्नुपर्नेछ । अझ त्योभन्दा तल प्रत्येक वडामा कम्तीमा एउटा पुस्तकालय परिकल्पना गरिएको छ । स्कुल, कलेज र विश्वविद्यालयमा अनिवार्य पुस्तकालयको व्यवस्था छँदै छ ।

■ पुस्तकालयको महत्त्व

पुस्तकालयको महत्त्व अझै नेपालीले बुझ्न नसकेको उनको गुनासो छ । त्योभन्दा चर्को गुनासो नेपाली समुदायमाथि छ । 'पुस्तकालयको महत्त्व बुझेको भए ७२ सालमा राष्ट्रिय पुस्तकालय भत्काएर दुई-तीन वर्षसम्म महेन्द्र भवन विद्यालयमा थन्क्याएका किताब किरा परेर बल्लबल्ल अहिले सानोठिमी लगी प्रिफ्याबमा राखेको छ । आजसम्म राष्ट्रिय पुस्तकालय किन बनेन ? मेरो प्रश्न यही हो,' उनले भनिन्, 'म सरकारलाई मात्र दोष दिन्नँ । समुदायको पनि दोष छ । समुदायले माग गरे पो सरकार तात्छ । समुदाय उठेको खोइ ?'

केही सहयोग भए पनि नीतिगत त्रुटिका कारण काम गर्न निकै असहज अवस्था भएको उनी तर्क गर्छिन् । 'म आफैंले नवजीवन आमासँग मिलेर पुस्तकालय खोलें । शिक्षा मन्त्रालयले केही सहयोग गऱ्यो । ललितपुर महानगरले एक लाख दियो । तर, त्यो पैसाले डेराभाडा तिर्न पनि नपाउने, कर्मचारी राख्न पनि नपाउने, किताब, कम्प्युटर किन्न मात्र पाइने । पुस्तकालयको महत्त्व बुझेको भए त्यस्तो हुन्थ्यो ?,' उनले प्रश्न गरिन् ।

डिजिटल दुनियाँमा सबै कुराको उपलब्धता नहुने भन्दै उनी आदिवासी ज्ञान, सीप, समाज, सम्बन्ध बुझ्न पुस्तकालयजति महत्त्वपूर्ण ठाउँ अन्त नहुने मत राख्छिन् । 'आदिवासी ज्ञान, प्रविधि, संस्कृति डिजिटल दुनियाँमा उपलब्ध छैन । त्यसैले हामीलाई भौतिक पुस्तकालय नै आवश्यक छ,' उनले भनिन्, 'भौतिक पुस्तकालयको काम किताब मात्र जम्मा गर्ने होइन, समुदायलाई सहभागी गराउने, समुदायको प्रकृतिअनुसार विभिन्न कार्यक्रम गर्ने, सामाजिकीकरण गर्ने, सामाजिक सद्भाव विकास गर्ने हो ।' उनका अनुसार समाज झन्-झन् व्यक्तिवादी भयो । सामाजिक सम्बन्ध हरायो । मानवीय सम्बन्ध हरायो । भौतिक पुस्तकालय जाने संस्कृतिको विकास भयो भने यी सारा समस्या हल हुन्छन् । त्यहाँ एक-अर्कोमा धेरै कुरा साटासाट हुन्छ । त्यसैले, भौतिक पुस्तकालय आवश्यक छ ।



पठन

● इन्दिरा दली


इन्दिरा दलीले ०६७ सालमा नवजीवन आमा समूहसँग मिलेर सानेपामा पुस्तकालय खोलिन् । आफ्नै गोजीबाट सकेसम्म धेरै पैसा हालिन् । त्यो पुस्तकालय सानेपा, बल्खुआसपास मजदुरी गरेर गुजारा चलाउनेका छोराछोरीका लागि महत्त्वपूर्ण गन्तव्य बन्यो । त्यो क्षेत्रका बालबालिकाले गृहकार्य गर्ने, मनोरञ्जन गर्ने, ज्ञान आर्जन गर्ने थलो भयो ।

समाज झन्-झन् व्यक्तिवादी भयो । सामाजिक सम्बन्ध हरायो । मानवीय सम्बन्ध हरायो । भौतिक पुस्तकालय जाने संस्कृतिको विकास भयो भने यी सारा समस्या हल हुन्छन् । त्यहाँ एक-अर्कोमा धेरै कुरा साटासाट हुन्छ । त्यसैले, भौतिक पुस्तकालय आवश्यक छ ।

सन् २०२५ मा भएका
पाँच प्रमुख द्वन्द्व

अंग्रेजी वर्ष २०२५ समाप्त भई नयाँ वर्ष २०२६ सुरु भइसकेको छ । अन्य वर्षमा झैं यो वर्ष पनि विभिन्न आरोह-अवरोह, विज्ञानमा महत्त्वपूर्ण आविष्कार, राजनीतिमा उथलपुथल, एआईमा चामत्कारिक विकास, खेल, मनोरञ्जन तथा ग्ल्यामरको दुनियाँमा अभूतपूर्व घटना भए । कतिपय घटना अघिल्लो वर्षझैं दोहोरिए ।सन् २०२२ फेब्रुअरी २४ मा सुरु भएको युक्रेन-रुस युद्ध यो वर्ष पनि जारी रह्यो । युद्ध रोक्ने अन्तर्राष्ट्रिय पहलबिच युद्धमा थप मानिस ज्यान गुमाउन बाध्य भए । तर, वर्ष २०२५ ले प्रमुख सशस्त्र द्वन्द्वको एउटा नयाँ शृंखला देख्यो, जुन वर्षका महत्त्वपूर्ण घटनामध्येको एक प्रमुख घटनामा दर्ज भएको छ । युद्धले क्षेत्रीय सुरक्षा गतिशीलतालाई पुनः आकार दियो र विश्वभर कूटनीतिक ढाँचाको परीक्षण गऱ्यो । आणविक हतियारधारी छिमेकीबिचको द्वन्द्व आमनेसामने स्थितिको विन्दुदेखि द्रुत गतिमा बढ्दै गएको सीमापार युद्धमा रुपान्तरण भयो । विभिन्न देशमा भएका नयाँ द्वन्द्वमा अमेरिका पनि हतारमा प्रवेश गऱ्यो भने केही युद्धलाई मत्थर पारेको जस लियो । केही देशमा लामो समयदेखि चलिरहेको विद्रोह खुला युद्धमा परिणत भएसँगै यी पाँच द्वन्द्वले वर्षको केही महत्त्वपूर्ण सैन्य टकरावलाई प्रकट गरे :

विश्व



● सुभाष शर्मा

■ भारत-पाक संकट (मे ७-१०)

मे २०२५ को सुरुमा भारत र पाकिस्तानबिचको तनाव तीव्र गतिमा बढ्यो, जब भारतले मे ७ मा पाकिस्तानी भूमिमा एकतर्फी हमला गऱ्यो । लामो समय शीतयुद्धमा रहेका दुई देशबिच सीमामा आमनेसामने हुने गरेका घटना नौला थिएनन् । तर, आरोप-प्रत्यारोप र तुसका बिच भारतले सुरुवाती कारबाही गऱ्यो । जम्मु र कस्मिरको पहलगाममा अप्रिल २२ मा भएको आतंकवादी आक्रमणको बदला लिन अप्रेसन सिन्दुरअन्तर्गत भारतले मिसाइल आक्रमण गऱ्यो । हमलामा २६ सर्वसाधारणको ज्यान गयो । आक्रमणले बहावलपुरमा रहेको जैस-ए-मोहम्मदको सुविधा र मुरिदकेमा रहेको लस्कर-ए-तोयबाको पूर्वाधारलाई लक्षित गऱ्यो, जुन पाकिस्तानभित्र पर्छ ।

पाकिस्तानले पनि जवाफी कारबाही गऱ्यो । सैन्य आदानप्रदान चार दिनसम्म चल्यो र मे १० मा युद्धविराम भयो । पहुँच र सैन्य प्रणालीका हिसाबले अघिल्लो सीमा पार गर्दै बल्झिएको द्वन्द्व अन्ततः छोटो कूटनीतिक पहलमा साम्य भयो । युद्ध अन्त्य गर्न अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पहल गरेको दाबी गरे, यद्यपि भारतले यसलाई अस्वीकार गर्दै आएको छ ।

■ इजरायल-इरान युद्ध (जुन १३-२४)

सन् २०२५ को जुन १३ मा इजरायलले इरानविरुद्ध व्यापक सैन्य कारबाही सुरु गऱ्यो । उसले तेहरानका आणविक सुविधा, सैन्य प्रतिष्ठान र शासनसँग सम्बन्धित पूर्वाधारमा घातक प्रहार गऱ्यो । इजरायल र इरान-सम्बद्ध अतिवादी समूहबिचको लगभग दुई वर्षको शत्रुतापछि यो आक्रमण भयो । सन् २०२४ मा इजरायल-इरान टकरावपछि पहिलोपटक यो द्वन्द्व भयो ।

द्वन्द्व तीव्र हुँदै जाँदा संयुक्त राज्य अमेरिकाले इरानको आणविक कार्यक्रमलाई लक्षित गर्दै तेस्रो पक्षको रूपमा लडाइँमा प्रवेश गऱ्यो । यसले द्वन्द्वमा नयाँ मोड लिनुका साथै द्वन्द्वमा घिउ थप्यो । स्वाभाविक रूपमा अमेरिकी आक्रमणलाई निस्तेज गर्ने क्षमता तेहरानसँग थिएन । वासिंटनको दबाबबिच जुन २४ मा युद्धविरामको घोषणासँगै अन्ततः



इजरायली हमलाबाट तेहरानमा क्षतिग्रस्त भवनको भग्नावशेष । तस्बिर : एपी



दक्षिणी श्रीनगरको पहलगामनजिक सुरक्षा दिइरहेका भारतीय अर्धसैनिक । तस्बिर : गेटी इमेज



प्रेह विहार प्रान्तको सडकमा रकेट लन्चर बोकेका सवारीसाधनको छेउमा उभिएका कम्बोडियाली सेना । तस्बिर : एएफपी

बाह्र दिनको लडाइँ समाप्त भयो । यद्यपि, प्रारम्भिक युद्धविराम उल्लंघनले इरान र इजरायल दुवैमा मानवीय क्षति भयो । तर, निरन्तरको अमेरिकी दबाबपछि युद्धविराम कायम रह्यो ।

■ थाइल्यान्ड-कम्बोडिया सीमा द्वन्द्व (जुलाई २४-२८)

जुलाई २४, २०२५ मा थाइल्यान्ड र कम्बोडियाको सीमामा सशस्त्र झडप सुरु भयो, जुन दश वर्षभन्दा बढी समयपछि दुई देशबिचको सबैभन्दा हिंसात्मक द्वन्द्व हो । यो झडप प्रेह विहार र ता मुएन थोमलगायत प्राचीन मन्दिरपरिसर र अस्पष्ट औपनिवेशिक युगको सीमांकनबाट प्रभावित क्षेत्रमा लामो समयदेखि चलिरहेको विवादको बिउसँगै उत्पन्न भएको थियो । जुलाई २७ सम्ममा लडाइँ कम्तीमा १२ स्थानमा फैलिएको थियो, जसका कारण कम्तीमा ३८ जनाको मृत्यु भयो । युद्धमा दुवै देशका गरी तीन लाखभन्दा बढी नागरिक विस्थापित भए । मलेसियाको अध्यक्षतामा बसेको आसियान बैठकले तत्काल युद्धविरामको आह्वान गऱ्यो । त्यस्तै, उक्त युद्धलाई लिएर संयुक्त राष्ट्र सुरक्षा परिषद्ले आपत्कालीन बैठकसमेत बोलायो । मलेसियाको मध्यस्थता र अमेरिका र चीनको कूटनीतिक समर्थनपछि जुलाई २८ मा क्वालालम्पुरमा भएको वार्तामा दुवै पक्षले तत्काल र निःसर्त युद्धविराममा सहमति जनाए ।

■ अफगानिस्तान-पाकिस्तान तनाव (अक्टोबर ९)

अफगानिस्तान र पाकिस्तानबिचको पछिल्लो तनाव अक्टोबर ९, २०२५ मा पाकिस्तानले काबुलमा तेहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) का नेता नुर अली मेहसुदलाई लक्षित गरी हवाई आक्रमण गरेपछि सुरु भएको थियो । एक दिनअघि खैबर पख्तुनख्वामा पाकिस्तानी सेनामाथि टिटिपीको आक्रमणपछि यो हमला भएको थियो ।

अफगानिस्तानले केही दिनपछि बदलापूर्ण कारबाही गऱ्यो, जसमा कम्तीमा २३ पाकिस्तानी सैनिक मारिए । उक्त आक्रमणमा कम्तीमा नौ अफगानी सेनाको पनि मृत्यु भएको रिपोर्ट गरिएको थियो । दुवै पक्षले योभन्दा बढी क्षतिको दाबी गरे । जमिनमा भएको छिटपुट भिडन्तले व्यापक सैन्य वृद्धिको चिन्ता बढायो । इस्लामाबादले काबुललाई अफगान क्षेत्रबाट टिटिपीलाई सञ्चालन गर्न अनुमति दिएको आरोप लगायो, जसलाई अफगान अधिकारीले ठाडै अस्वीकार गरे । पछि शान्ति वार्ता तनाव समाधान गर्न असफल भयो, यद्यपि दुवै देश कमजोर युद्धविराम कायम राख्न सहमत भए । दुई देशको सीमामा अहिले पनि छिटफुट तनावका घटना भएका छन् र झडपलाई भारतले गम्भीर चासोका साथ हेरेको छ ।

यो वर्ष पनि विभिन्न आरोह-अवरोह, विज्ञानमा महत्त्वपूर्ण आविष्कार, राजनीतिमा उथलपुथल, एआईमा चामत्कारिक विकास, खेल, मनोरञ्जन तथा ग्ल्यामरको दुनियाँमा अभूतपूर्व घटना भए ।

■ डिआरसी-रुवान्डा द्वन्द्व (जनवरी २३)

जनवरी २०२५ मै पूर्वी प्रजातान्त्रिक गणतन्त्र कंगोमा द्वन्द्व तीव्र भयो, जब रुवान्डा सेनाको समर्थनमा २३ विद्रोहीले डिआरसीको उत्तरी किभु प्रान्तको राजधानी तथा देशको पूर्वी मुख्य सहर गोमामा आक्रमण सुरु गरे । जनवरी २३ तिर सुरु भएको यो आक्रमण जनवरी २७ मा गोमा कब्जामा परिणत भयो । महिनाको अन्त्यसम्म लडाइँ जारी रह्यो ।

गोमाको पतनले २०१२ पछि किभु द्वन्द्वमा सबैभन्दा महत्त्वपूर्ण सैन्य वृद्धिलाई संकेत गऱ्यो । यस क्षेत्रको अस्थिरता लामो समयदेखि चलिरहेको जातीय तनाव र कोल्टन, टिन र सुनलगायत खनिज सम्पत्तिमाथिको प्रतिस्पर्धामा जरा गाडेको छ । डिआरसी र रुवान्डाबिच अमेरिकी मध्यस्थतामा शान्ति सम्झौता जुनमा हस्ताक्षर गरिएको थियो । पछि डिसेम्बर ४, २०२५ मा वासिंटनमा दुवै राष्ट्रपतिले औपचारिकता दिएका भए पनि सम्झौता लडाइँ रोक्न असफल भयो । एम २३ सेनाले ठुला क्षेत्रहरूको नियन्त्रण कायम राख्यो र सम्झौतामा हस्ताक्षर भएको केही समयपछि कंगोली र सहयोगी बुरुन्डियन सेनासँग झडप जारी रह्यो । यहाँ अहिले पनि छिटपुट द्वन्द्व भइरहेको छ र युद्धविरामको अन्तर्राष्ट्रिय प्रयास पनि जारी छ ।

(एजेन्सीको सहयोगमा)

संक्षेप


२२ हजार मूल्यका म्याद सकिएका खाद्य सामग्री नष्ट



धनकुटा/ धनकुटाको महालक्ष्मी नगरपालिका- ५, लेगुवा बजारका खाद्य किराना पसलमा घरेलु तथा साना उद्योग कार्यालयले अनुगमन गरेको छ। त्यसक्रममा म्याद गुज्रिएका २२ हजार आठ सय ९० रुपैयाँ मूल्यबराबरका खाद्य सामग्री नष्ट गरिएको कार्यालयले जनाएको छ।

म्याद गुज्रिएका खाद्यवस्तु भेटिएका पसलहरूलाई आगामी दिनमा पुनः गल्ती नदोहोऱ्याउन निर्देशन दिइएको छ। जिल्ला प्रशासन कार्यालय, घरेलु कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय र स्थानीय जनप्रतिनिधिको सहभागितामा अनुगमन गरिएको थियो।

दुर्गम याङपाङ-मामांखेको सडक कालोपत्रे



ताप्लेजुङ/ फुङलिङदेखि थेचम्बु, सिनाम, तेल्लोक र याम्फुदिन हुँदै कञ्चनजंघा आधारशिविर पुग्ने मुख्य सडकखण्डअन्तर्गत याङपाङदेखि मामांखेसम्मको सात किलोमिटर सडक कालोपत्रे गर्ने काम अन्तिम चरणमा पुगेको छ। जिल्लाका ग्रामीण तथा दुर्गम क्षेत्रको सडकमा पहिलोपटक कालोपत्रे थालिएको हो। ०७८ देखि सुरु भएको कालोपत्रेको काममा करिब ८० प्रतिशत भौतिक प्रगति भएको सेवालुङ निर्माण सेवाका प्रोप्राइटर जसबहादुर लिम्बूले जानकारी दिए। सम्झौताअनुसार आगामी २० चैतमा कालोपत्रे सम्पन्न गर्नुपर्ने सर्त छ।

यस आयोजनाको कुल लागत ५६ करोड रुपैयाँ रहेको छ। तर, चालू आर्थिक वर्ष ०८२/८३ मा पाँच करोड रुपैयाँ मात्र बजेट विनियोजन भएकाले रकम अभावमा समयमै काम नहुने निर्माण कम्पनीको दाबी छ। आयोजना सम्पन्नपश्चात् करिब १३ करोड भुक्तानीको दायित्व रहनेछ।

गत ३ पुसमा सडक फराकिलो बनाउने क्रममा ठुलो दुर्घटना भएको थियो। सडकमाथिबाट आएको पहिरोले स्काभेटरलाई थिचेर पूर्ण रूपमा क्षति भएको छ। उक्त दुर्घटनाबाट करिब एक करोड रुपैयाँभन्दा बढी क्षति भएको निर्माण कम्पनीको दाबी छ।

आइसिटीमा योगदान पुऱ्याएबापत क्यान महासंघ सम्मानित



काठमाडौं/ सूचना, प्रविधि क्षेत्रको विकास, डिजिटल साक्षरता र दक्ष जनशक्ति उत्पादनमा योगदान पुऱ्याएबापत सरकारले कम्प्युटर एसोसिएसन नेपाल महासंघलाई सम्मान गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले दोस्रो वार्षिकोत्सवका अवसरमा क्यान महासंघ र दुई पदाधिकारीलाई सम्मान गरेको हो। महासंघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी अधिकारीलाई व्यावसायिक आइसिटी प्रशिक्षक र महासचिव चन्द्रविलास भुर्तेललाई पाठ्यक्रम मस्यौदा निर्माणमा योगदान पुऱ्याएबापत सम्मान गरेको प्रतिष्ठानले जनाएको छ। गत आवमा कम्प्युटर क्षेत्रका दुईवटा आधारभूत सीपमूलक पाठ्यक्रम तयार पारेर क्यानले प्रतिष्ठानलाई दिएको थियो।

बढ्न थाल्यो मूल्यवृद्धि

भारतबाट आयात हुने सामानको भाउ बढेर आउन थालेकाले घट्दै गइरहेको नेपालको मुद्रास्फीति प्रभावित, मुलुकभित्रकै आन्तरिक उपभोगसमेत बढ्न थालेकाले मुद्रास्फीति उचालिएको राष्ट्र बैंकको तथ्यांक

पवन तिमिल्सिना/ नयाँ पत्रिका

असोज र कात्तिकमा वस्तुको मागमा भएको संकुचनले घट्दै गइरहेको मूल्यवृद्धि दर मंसिरमा भने बढेर १.६३ प्रतिशत कायम भएको राष्ट्र बैंकले जनाएको छ। व्यावसायिक गतिविधि बढ्न नसकेको र बजारमा वस्तुको माग बढ्न नसक्दा कात्तिकमा मूल्यवृद्धि दर खुम्चिएर १.११ प्रतिशतसम्म पुगेको थियो। असोजमा यो दर १.४७ प्रतिशत थियो।

नेपालमा उपभोग हुने अधिकांश वस्तु आयातमा आधारित हुने भएकाले विश्व बजारमा हुने मूल्यवृद्धिको असर मंसिरको सूचकांकमा देखिएको हो। असोजको तुलनामा कात्तिकमा भारतमा मूल्यवृद्धि दर बढेको छ। नेपालमा हुने वस्तु आयातमा भारतको बढी हिस्सेदारी छ। त्यसैले पनि त्यहाँको मुद्रास्फीति बढ्दा नेपालमा प्रत्यक्ष असर परेको हो। भारतमा असोजमा ०.२५ प्रतिशत रहेको मुद्रास्फीति कात्तिकमा ०.७१ प्रतिशतमा पुगेको छ।

मूल्यवृद्धि दरको प्रमुख कारण आयात वृद्धिलाई मानिएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को पाँच महिनामा कुल वस्तु आयात १५.८ प्रतिशतले वृद्धि भई सात खर्ब ६६ अर्ब १९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात तीन प्रतिशतले वृद्धि भएको थियो। भटमासको कच्चा तेल, रासायनिक मल, सुन, यातायातका उपकरण, सवारीसाधन तथा स्पेयर पार्टस्, चाँदीलगायतका वस्तुको आयात बढेको छ भने हट रोल्ड सिट इन क्वाइल, लसुन, खानेतेल, तेलहन, दाललगायतका वस्तुको आयात घटेको छ।

भौगोलिक रूपमा काठमाडौं उपत्यका, पहाड र हिमाली क्षेत्रमा कात्तिकको तुलनामा मंसिरमा मूल्यवृद्धि दर बढेको छ भने तराईमा ऋणात्मक छ। काठमाडौंमा मूल्यवृद्धि दर ०.२४ प्रतिशत, पहाडमा ०.२४ प्रतिशत र हिमाली क्षेत्रमा ०.३६ प्रतिशत छ। तर, तराई क्षेत्रमा भने ०.०४ प्रतिशतले ऋणात्मक छ। काठमाडौंको सहरी क्षेत्रमा बढी मानिसको बसोवास हुने र ठुलो बजार रहेकाले यहाँको मूल्यवृद्धि दरको प्रभाव समग्र मुद्रास्फीतिलाई प्रभावित पार्ने हुन्छ। ग्रामीण र सहरी क्षेत्रबिचको तुलनात्मक तथ्यांक हेर्ने हो भने ग्रामीण क्षेत्रमा कात्तिकको तुलनामा ०.२३ प्रतिशत र सहरी क्षेत्रमा ०.०९ प्रतिशत बढी छ। खाद्यान्न तथा पेयपदार्थ समूहमा मूल्यवृद्धि दर २.०५ प्रतिशत ऋणात्मक छ भने गैरखाद्य तथा सेवा समूहतर्फ ३.७५ प्रतिशत बढेको छ।



■ यस्तो छ पाँच महिनाको अर्थतन्त्रको चित्र

- **वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति १.६३ प्रतिशत**
- **कुल विदेशी विनिमय सञ्चिति ३२ खर्ब एक अर्ब ४७ करोड छ। अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १३ करोड, यस्तो सञ्चिति १८.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त**
- **चालू खाता तीन खर्ब ५८ अर्ब ८३ करोड र शोधनान्तर चार खर्ब २१ अर्ब ८९ करोड बचत**
- **रेमिट्यान्स आप्रवाह नेपाली रुपैयाँमा ३५.६ प्रतिशतले र अमेरिकी डलरमा २९ प्रतिशतले वृद्धि**
- **निर्यात ५८.२ प्रतिशत र आयात १५.८ प्रतिशतले वृद्धि हुँदा व्यापार घाटा पनि बढ्यो**
- **सरकारको खर्च पाँच खर्ब ६४ अर्ब ४६ करोड र राजस्व परिचालन चार खर्ब ६ अर्ब ३० करोड**
- **निक्षेप परिचालन ३.९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा १.९ प्रतिशतले वृद्धि**
- **वाणिज्य बैंकको निक्षेपको भारित औसत ब्याजदर ३.६६ प्रतिशत र कर्जाको ब्याजदर ७.२६ प्रतिशत**

चालू खाता तीन खर्ब ५८ अर्ब बचतमा

समीक्षा अवधिमा चालू खाता तीन खर्ब ५८ अर्ब ८३ करोड बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ५८ अर्ब ४५ करोड बचतमा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब १८ करोड बचतमा रहेको चालू खाता समीक्षा अवधिमा दुई अर्ब ५४ करोड डलर बचतमा छ।



■ रेमिट्यान्स बढेको बढ्यै

मंसिरमा मात्रै एक खर्ब ८३ अर्ब १८ करोड भित्रियो

चालू आवको पाँच महिनामा रेमिट्यान्स ३५.६ प्रतिशतले बढेर आठ खर्ब ७० अर्ब ३१ करोड रुपैयाँ कायम भएको छ। कात्तिकसम्म ६ खर्ब ८७ अर्ब १३ करोड रेमिट्यान्स भित्रिएको थियो। मंसिर महिनामा मात्रै एक खर्ब ८३ अर्ब १८ करोडको रेमिट्यान्स भित्रिएको छ। कात्तिकमा एक खर्ब ३३ अर्ब मात्रै रेमिट्यान्स भित्रिएको थियो। बढ्दो रेमिट्यान्सले वस्तु तथा सेवाको उपभोग वृद्धिमा टेवा पुग्ने भएकाले यसले आयातसँगै मूल्यवृद्धिलाई पनि उचालेको हो। तर, रेमिट्यान्स थुप्रिँदै जाँदा यसले बैंकिङ प्रणालीमा अधिक तरलताको समस्या बढाएको छ। बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तार सुस्त हुँदा अधिक तरलताको समस्या बढ्दै गइरहेको छ।



समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ३.९ प्रतिशत अर्थात् दुई खर्ब ८१ अर्ब ८९ करोडले वृद्धि भएको छ। मंसिर मसान्तसम्म कुल निक्षेप ७५ खर्ब ४५ अर्ब ७७ करोड पुगेको छ। तर, कर्जा प्रवाह भने १.९ प्रतिशत मात्रै (एक खर्ब दुई अर्ब २४ करोड) विस्तार भएको छ। निक्षेपको तुलनामा कर्जा प्रवाह सुस्त देखिँदा अर्थतन्त्र चलायमान बन्न सकेको छैन।

■ चुलिँदो विदेशी मुद्रा सञ्चिति



उत्पादन र पूर्वाधार विकास अघि बढ्न नसक्दा विदेशी मुद्रा सञ्चिति थुप्रिँदै गएको छ। मंसिर मसान्तसम्म यस्तो सञ्चिति ३२ खर्ब एक अर्ब रुपैयाँ कायम भएको छ। असार मसान्तसम्म २६ खर्ब ७७ अर्ब रुपैयाँ थियो। पाँच महिनामा १९.६ प्रतिशतले बढेको हो।

अमेरिकी डलरमा यस्तो सञ्चिति ०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा मंसिर मसान्तसम्ममा १३.५ प्रतिशतले वृद्धि भई २२ अर्ब १३ करोड डलर पुगेको छ।

पाँच लाखभन्दा बढीको कारोबार नगदमा गर्न बन्देज

नयाँ व्यवस्थाले अवैध नगद कारोबार नियन्त्रण, कर छली रोकथाम र वित्तीय प्रणालीलाई पारदर्शी बनाउन सहयोग पुग्ने राष्ट्र बैंकको अपेक्षा

नयाँ पत्रिका

सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) नियन्त्रण गर्न नगद कारोबारको सीमामा कडाइ गरेको छ। मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयन गर्ने क्रममा एकपटकमा पाँच लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको सेवा, वस्तु खरिद-बिक्री वा अन्य कारोबार अनिवार्य रूपमा बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्ने व्यवस्था लागू गरिएको हो।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अन्तर्गत जारी नियम १ माघदेखि लागू हुनेछ। यद्यपि, केही विशेष व्यवस्था राखेर पाँच लाखभन्दा बढीको नगद कारोबारलाई छुट सुविधा पनि दिइएको छ। बैंक वा वित्तीय संस्थामा निक्षेप, बचत वा मुद्रा सटही गर्दा, बैंकबाट लिएको कर्जाको साँवा र ब्याज तिर्दा, बैंक तथा वित्तीय संस्थाबिच नगद कारोबार हुँदा, पाँच लाखभन्दा बढी नगदको स्रोत र प्रयोजन स्पष्ट खुलेको अवस्थामा नगद बोकेर एक स्थानबाट अर्को स्थान लैजाँदा, कुनै खातावालाले विशेष कारण देखाएर नगद मागेमा र बैंकले मनासिब ठानेर सीमाभन्दा बढी नगद भुक्तानी दिन सक्ने व्यवस्था राखिएको राजपत्रमा उल्लेख छ।

चेक र भुक्तानीसम्बन्धी नियममा पनि कडाइ

चेक क्लियरिङ र भुक्तानीसम्बन्धी केन्द्रीय बैंकको निर्देशन पनि संशोधन गरिएको छ। यसअघि १० लाख रुपैयाँभन्दा बढीको भुक्तानी एकाउन्टपेयी चेकमार्फत गर्नुपर्ने व्यवस्था थियो। अब यो सीमा घटाएर पाँच लाख रुपैयाँ बनाइएको छ।

अबदेखि बैंक तथा वित्तीय संस्थाले पाँच लाख रुपैयाँ वा सोभन्दा बढीको भुक्तानी नगदमा गर्न पाउनेछैनन्। यस्तो रकम अनिवार्य रूपमा एकाउन्टपेयी चेक वा सम्बन्धित व्यक्तिको बैंक खातामै पठाउनुपर्नेछ। फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा काटिने चेक पनि एकाउन्टपेयी नै हुनुपर्ने नियम लागू गरिएको छ।

सीमाभन्दा बढी नगद भुक्तानी दिइएमा बैंक तथा वित्तीय संस्थाले त्यसको मासिक विवरण अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था पनि गरिएको छ। यी नियमले अवैध नगद कारोबार नियन्त्रण, कर छली रोकथाम र वित्तीय प्रणालीलाई पारदर्शी बनाउन सहयोग पुग्ने केन्द्रीय बैंकको अपेक्षा छ।

पुँजी बजारमार्फत विद्युत् उत्पादनको लगानी प्रवर्द्धन गरिने

काठमाडौं/ धितोपत्र बोर्ड र विद्युत् नियमन आयोगको संयुक्त बैठकले पुँजी बजारमार्फत विद्युत् उत्पादनसम्बन्धी परियोजनामा लगानी प्रवर्द्धन गर्ने निचोड निकालेको छ। दिगो वित्तीय स्रोत परिचालनका लागि पारदर्शी, प्रभावकारी र लगानीकर्तामैत्री संयन्त्रको आवश्यकता रहने कुरामा दुवै निकायका प्रतिनिधिबिच समझदारीसमेत बनेको छ।

पुँजी बजारमा विश्वास अभिवृद्धि गर्ने, लगानीका अवसर विस्तार गर्ने तथा पुँजी बजार र विद्युत् उत्पादन सम्बद्ध क्षेत्रको समग्र विकास एवं स्थायित्वमा योगदान पुऱ्याउने उद्देश्यले दुवै निकायबिच निरन्तर सहकार्य, सूचना आदानप्रदान र संयुक्त पहललाई अझ प्रभावकारी रूपमा अगाडि बढाउने प्रतिबद्धतासमेत जनाएको बोर्डले जनाएको छ। सो कार्यदलले लगानीसम्बन्धी नीतिगत विषय, नियामकीय समन्वय तथा विद्यमान नियम-कानुनमा थप परिमार्जन गर्ने सम्बन्धमा सहकार्य गरी ठोस उपाय पहिचान गर्ने जनाइएको छ।

Nepal Government
Ministry of Water Supply
Department of water Supply & Sewerage Management
Water Supply & Sewerage Management Office
Besisahar, Lamjung

Cancellation of Bid

(Cancellation date: Friday, January 9, 2026)

Water Supply & Sewerage Management Office, Lamjung invited open competitive bidding under National Competitive Bidding (NCB) on Monday, January 5, 2026 on Naya Patrika National Daily but due to technical problem it has cancelled for Construction Works of Brihat Ramchekhola Water Supply Project, Madhyanepal Municipality, Lamjung (IFB/06/2082/83/works/ WSSMO/Lamjung).

Office Chief

वी.पी.स्मृति सामुदायिक सहकारी अस्पताल लि.
श्रीकान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं

१८औं बार्षिक साधारणसभा स्थगन सम्बन्धि जरूरी सूचना

मिति २०८२ साल मंसिर १७ गते बसेको यस अस्पताल सञ्चालक समितिको बैठकको निर्णय बमोजिम २०८२ साल पौष ३० गते, बुधबार बिहान ८:३० बजे यस अस्पतालको १८ औं बार्षिक साधारणसभा विशेष कारण वस तोकिएको मिति र समयमा गर्न नसकिने भएको हुदाँ हाललाई स्थगन गरिएको र अर्को सूचनाद्धारा साधारण सभाको जानकारी गराइने व्यहोरा अनुरोध छ।

का.वा. अध्यक्ष
वी. पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि. बसुन्धरा, काठमाडौं
फोन नं. : ४५८७०५४, ४५८७०५६, ४५८७०५१, ४५८७०५२

साउदी अरेबिया बन्यो पहिलो श्रम गन्तव्य मुलुक

१२ र १३ माघमा हुँदै श्रम सम्झौता, दुवै देशका श्रममन्त्रीले गर्ने सभदारीपत्रमा कामदारको सुरक्षा प्रत्याभूति र सकेसम्म सिपयुक्त कामदार पठाउने एजेन्डा प्राथमिकतामा

अजित अधिकारी/ नयाँ पत्रिका

वैदेशिक रोजगारीमा जाने कामदारको पहिलो रोजाइ साउदी अरेबिया भएको छ। वैदेशिक रोजगार विभागका अनुसार कात्तिकमा १५ हजार सात सय ६९ र मंसिरमा १४ हजार तीन सय ३९ युवाले साउदीका लागि श्रम स्वीकृति लिएका छन्। जुन संख्या अन्य मुलुकमा रोजगारीका लागि जाने युवाको तुलनामा सबैभन्दा धेरै हो।

यसअघि युनाइटेड अरब इमिरेट्स (युएई)मा सबैभन्दा धेरै युवा कामका लागि जाने गरेका थिए। तर, २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपश्चात् युएईले श्रम र बिजनेस भिसामा नेपालीलाई कडाइ गरेपछि युवाले रोजगारीका लागि साउदी अरेबिया रोज्न थालेका हुन्। विभागका निर्देशक चन्द्रबहादुर शिवाकोटीले पनि युएई जाने युवाको संख्या घट्न थालेको बताए। 'युएईले पछिल्लो समय विभिन्न कारण देखाएर बाधा गर्न थालेपछि युवाहरू साउदी जाने क्रम बढेको छ,' उनले भने।

जेन-जी आन्दोलनलगत्तै युएईले पुलिस रिपोर्ट कार्ड अनिवार्य गरेको थियो। पछिल्लो समय भने भिसा प्रमाणीकरणबापत १४ हजार दुई सय रुपैयाँ असुल्न थालेको छ। उक्त रकम तिर्दासमेत भिसा पाउने ग्यारेन्टी नभएपछि युवाहरू रोजगारीका लागि साउदीतर्फ मोडिएका हुन्। मंसिरमा रोजगारीका लागि बिदेसिने युवाको दोस्रो रोजाइमा कतार परेको छ। कतारका लागि १२ हजार नौ सय ८६ युवाले मंसिरमा श्रम स्वीकृति लिएको विभागले जनाएको छ।

युएई तेस्रो रोजाइमा परेको छ। मंसिरमा नौ हजार तीन सय ८२ युवाले युएईका लागि श्रम स्वीकृति लिएका छन्। सुरुमा मलेसिया र अहिले युएईको रोजगारीमा असर पर्नु मुलुककै लागि बेफाइदा भएको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए। नेपाली कामदारको पहिलो र दोस्रो रोजाइ मलेसिया र युएई नै भए पनि बाध्यताका कारण साउदी रोज्नुपरेको उनको भनाइ छ।

● **पीताम्बर घिमिरे**, प्रवक्ता, श्रम मन्त्रालय



साउदी अरबसँग श्रम सम्झौताको मिति तोकिएको छ, दुवै देशका श्रममन्त्रीले सम्झौतापत्रमा हस्ताक्षर गर्ने तय भएको छ। साउदीसँगको सम्झौतामा श्रमिकको तलब-सुविधा, वातावरणमैत्री कार्यस्थल, सुरक्षाको प्रत्याभूति, अदक्ष र अर्धदक्षसँगै सिपयुक्त कामदार पठाउन पहल गर्नेलगातका विषय समेटिनेछन्।

● **भुवनसिंह गुरुङ**, अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ



श्रमिकको पहिलो रोजाइ मलेसिया र दोस्रोमा युएई नै हो। यसमा कुनै द्विविधा छैन, तर बाध्यात्मक परिस्थितिका कारण अहिले साउदी जानेको संख्या बढेको हो। हामीले सरकारलाई युएईको समस्या समाधानका लागि पहल गरिरहेका छौं।

मलेसिया र युएई छाडेर युवा किन मोडिए साउदीतिर ?

पाँच वर्षअघिसम्म मलेसियामा वार्षिक डेढ लाखभन्दा बढी कामदार जाने गरेका थिए। तर, मलेसियामा आन्तरिक रोजगारी वृद्धि गर्नुपर्ने दबाब बढेपछि आप्रवासी कामदारको संख्या कटौती गर्ने निर्णय भयो, जसकारण नेपालसहित धेरै देशबाट उल्लेख्य मात्रामा कामदार लिने प्रवृत्तिमा कटौती भएको छ। अहिले पनि मलेसियाले श्रम बजारको २० प्रतिशत मात्रै आप्रवासी कामदार लिने नीति कार्यान्वयन गरिरहेको छ। जसकारण मलेसिया जाने युवाको संख्या घटेर गत आव ०८१/८२ मा ४९ हजार एक सय ८७ मा खुम्चिएको छ।

मलेसियाको रोजगारी गुमेपछि युवाको दोस्रो रोजाइ युएई बनेको छ। गत आवमा कुल आठ लाख ३९ हजारले श्रम स्वीकृति लिएर विभिन्न देश गएकोमा युएई जान सबैभन्दा धेरै दुई लाख ७४ हजार पाँच सय ९० युवाले श्रम स्वीकृति लिएका थिए। तर, भदौयता युएईले समेत पुलिस रिपोर्ट कार्ड अनिवार्य गरेको र भिसा प्रमाणीकरणबापत अतिरिक्त १४ हजार दुई सय रुपैयाँ असुल्न थालेका कारण युवा साउदी अरेबियातिर आकर्षित हुन थालेका छन्।

माघ दोस्रो साता साउदीसँग श्रम सम्झौता

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले १२ र १३ माघमा साउदी अरेबियासँग श्रम सम्झौता गर्ने भएको छ। मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले साउदीसँग पहिलोपटक श्रम सम्झौता गर्न मिति तय भएको जानकारी दिए। 'साउदीसँग श्रम सम्झौताको मिति तोकिएको छ, दुवै देशका श्रममन्त्रीले सम्झौतापत्रमा हस्ताक्षर गर्ने तय भएको छ,' उनले भने। गत १३ भदौको मन्त्रिपरिषद् बैठकले साउदी अरेबियासँग श्रम सम्झौता गर्न स्वीकृति प्रदान गरेको थियो। तर, त्यसपछि जेन-जी आन्दोलन भएकाले सम्झौताका लागि केही ढिलाइ भएको हो। साउदीसँगको सम्झौतामा श्रमिकको तलब-सुविधा, वातावरणमैत्री कार्यस्थल, सुरक्षाको प्रत्याभूति, अदक्ष र अर्धदक्षसँगै सिपयुक्त कामदार पठाउन पहल गर्नेलगातका विषय समेटिने उनले बताए।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८२/०९/२६

सूचना तथा प्रसारण विभागको मिति २०८२/०८/१७ मा प्रकाशित वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तक छपाई गरी बिक्री वितरण गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको दोस्रो पटकको सूचना अनुसार दर्ता हुन आएका दरभाउपत्रहरुमध्ये मूल्याङ्कन समितिको सिफारिस र विभागको मिति २०८२।०९।२५ को निर्णय अनुसार देहायको दरभाउपत्र स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

कामको विवरण	छनौट भएको दरभाउपत्र	कबोल रोयल्टी रकम
वि.सं. २०८३ सालको भित्तेपात्रो, शुभकामना डायरी र नेपाल परिचय पुस्तक छपाई गरी बिक्री वितरण सम्बन्धी कार्य।	श्री प्रिन्ट मिडिया रिसर्च एण्ड एजेन्सी प्रा.लि., नटोल, ललितपुर	रु. ८,०३,१००।- (अक्षरुपी आठ लाख तीन हजार एक सय रुपैँया मात्र)

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
शनिबार २६ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टी–२० विश्वकप ग्लोबल छनोटका १० टोली

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालमा पहिलोपटक आइसिसी टी-२० विश्वकप ग्लोबल छनोट आगामी १८ जनवरीदेखि १ फेब्रुअरीसम्म हुँदै छ। आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान र मूलपानीको माथिल्लो मैदानमा ग्लोबल छनोट गर्दै छ। प्रतियोगितामा विभिन्न क्षेत्रीय छनोटबाट १० राष्ट्रले प्रतिस्पर्धा गर्दै छन्। आइसिसीले सहभागी टोलीलाई दुई समूहमा विभाजन गरेको छ। नेपाल समूह 'बी'मा रहेको छ। नेपालले आफ्ना सबै खेल त्रिवि मैदानमा खेल्नेछ। नेपाल पहिलोपटक ग्लोबल छनोटमा पुगेको हो। प्रत्येक समूहमा तीन राष्ट्र सुपर सिक्समा पुग्नेछन्। त्यसपछि शीर्ष चार राष्ट्रले आगामी जुनमा हुने टी-२० विश्वकपमा स्थान बनाउनेछन्।

आयरल्यान्ड (वरीयता ९)

युरोपियन राष्ट्र आयरल्यान्ड सहभागीमध्ये उच्च वरीयताको राष्ट्र हो। टी-२० आईमा आयरल्यान्ड नवौं स्थानमा छ। आइसिसीले उसलाई सन् २०२१ को अप्रिलमा स्थायी रूपमै एकदिवसीय र टेस्ट मान्यता प्रदान गरेको थियो। यद्यपि, आइसिसीको स्थायी सदस्य भएपछि आयरल्यान्डले ग्लोबल छनोट खेल्दै छ। सन् १९८७ मै आयरल्यान्डले एकदिवसीय मान्यता पाएको थियो। सन् १९८८ मा उसले पहिलोपटक महिला विश्वकप खेलेको थियो। टी-२० विश्वकपमा आयरल्यान्डले तीनपटक सहभागिता जनाइसकेको छ। यसपटक क्षेत्रीय विजेताका रूपमा आयरल्यान्डले ग्लोबल छनोटमा स्थान पक्का गरेको हो।

बंगलादेश (वरीयता १०)

ग्लोबल छनोटमा सहभागीमध्ये बंगलादेश सबैभन्दा अनुभवी राष्ट्र हो। बंगलादेशको सिनियर महिला टोली सन् २००७ मा थाइल्यान्डविरुद्ध अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेको थियो। सन् २०११ मा टोलीले एकदिवसीय मान्यता पाएको थियो। सन् २०११ को महिला एकदिवसीय विश्वकप र सन् २०१४ को टी-२० विश्वकप बंगलादेशले खेलेको थियो। अन्तर्राष्ट्रिय क्रिकेटमा एकपछि अर्को प्राप्त सफलतापछि बंगलादेशले स्थायी रूपमै टेस्ट तथा एकदिवसीय मान्यता हात पारेको थियो। आइसिसी महिला विश्वकप प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका कारण बंगलादेश सिधै ग्लोबल छनोटमा पुगेको हो।

स्कटल्यान्ड (वरीयता ११औं)

गत वर्ष आइसिसी टी-२० महिला विश्वकपको समूह चरणमा उत्कृष्ट खेल प्रदर्शन गरेका कारण नै स्कटल्यान्डले सिधै ग्लोबल छनोटमा स्थान बनाएको हो। सन् १९९४ मा स्कटल्यान्ड आइसिसीको सदस्य बनेको थियो। स्कटल्यान्डले अहिलेसम्म टी-२० महिला विश्वकपको ग्लोबल छनोटमा चारपटक सहभागिता जनाएको छ। गत वर्षको विश्वकपमा स्कटल्यान्डले चार खेल खेल्यो। स्कटल्यान्डले सन् २०१८ को छनोट संस्करणमा तेस्रो स्थान रक्षा गरेको थियो। अहिलेसम्म उसले ७३ टी-२० आईमा ४३ जित र २९ हारको सामना गरेको छ। यस वर्ष स्कटल्यान्डले १० मध्ये आठ खेलमा जित र दुईमा हार व्यहोरेको छ।

थाइल्यान्ड (वरीयता १२औं)

अर्को सातादेखि सुरु हुने ग्लोबल छनोटमा सहभागीमध्ये एकपटक विश्वकप खेलेखेका राष्ट्र थाइल्यान्ड हो। सन् २०२० को विश्वकपमा आश्चर्यजनक रूपमा थाइल्यान्डले स्थान बनाएको थियो। पहिलो विश्वकप यात्रामा थाइल्यान्डले फितलो प्रदर्शन गरेको थियो। थाइल्यान्डले अहिलेसम्म पाँचपटक विश्वकप ग्लोबल छनोटमा स्थान बनाएको छ। सन् २०१९ मा ग्लोबल छनोटमा दोस्रो स्थान रक्षा गर्दै विश्वकपमा स्थान सुरक्षित गरेको थाइल्यान्डले १२३ टी-२० आई खेलेको छ। जसमा ८३ जित र ३८ हार सामना गरेको छ। थाइल्यान्डले सन् २०१८ मा पाकिस्तानविरुद्ध पहिलो टी-२० आई खेलेको थियो।

पपुवा न्युगिनी (वरीयता १३औं)

सन् १९७३ मै पपुवा न्युगिनीले आइसिसीको एसोसिएट राष्ट्रको मान्यता पाइसकेको थियो। पपुवा न्युगिनीले इस्ट एसिया प्यासिफिक क्षेत्रको प्रतिनिधित्व गर्दै ग्लोबल छनोटमा स्थान बनाएको हो। सन् २०१८ मा पपुवा न्युगिनीले बंगलादेशविरुद्ध पहिलो टी-२० आई खेलेको थियो। सन् २०२४ मा उसले जिम्बाबेविरुद्ध पहिलो एकदिवसीय खेल खेल्यो। इस्ट एसिया प्यासिफिक छनोटमा शीर्ष स्थानमा रहँदै पपुवा न्युगिनीले ग्लोबल छनोट स्थान रक्षा गरेको हो। अहिलेसम्म पपुवा न्युगिनीले ७२ टी-२० आई खेल्दा ४९ जित तथा २० खेलमा हारको सामना गरेको छ। पपुवा न्युगिनीले यसअघि तीनपटक ग्लोबल छनोटमा स्थान पक्का गरेको थियो।

नेदरल्यान्ड्स (वरीयता १४औं)

सन् २००८ मै नेदरल्यान्ड्सले आइसिसीको टेस्ट मान्यता प्राप्त गरेको थियो। नेदरल्यान्ड्सले अहिले ९९ टी-२० आई खेलेको छ। ४६ जित र ४७ हार नतिजा निकालेको नेदरल्यान्ड्सले तीनपटक आइसिसी टी-२० विश्वकप ग्लोबल छनोटमा स्थान बनाएको थियो। पछिल्लो ग्लोबल छनोटमा नेदरल्यान्ड्सले चौथो स्थान रक्षा गरेको थियो। उसले सन् २००८ मा पहिलोपटक वेस्ट इन्डिजसँग टी-२० आई खेलेको थियो। ६० वर्ष लामो इतिहास बोकेको नेदरल्यान्ड्सले सन् १९९६ मै आइसिसीको एसोसिएट राष्ट्रको मान्यता पाएको थियो। सन् १९८४ मा नेदरल्यान्ड्सले न्युजिल्यान्डविरुद्ध अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेको थियो।

जिम्बाबे (वरीयता १५औं)

जिम्बाबेले सन् १९९२ मा आइसिसीको पूर्णकालीन सदस्यता हात पारेको थियो। यसअघि सन् १९८१ मा आइसिसीले उसलाई एसोसिएट राष्ट्रको मान्यता दिएको थियो। जिम्बाबेले सन् २००६ मा अन्तर्राष्ट्रिय डेब्यु गरेको थियो। जिम्बाबेले अहिलेसम्म तीनपटक ग्लोबल छनोटमा स्थान बनाएको छ। सन् २००८ मा जिम्बाबे ग्लोबल छनोटको पाँचौं स्थानमा रहेको थियो। सन् २०१५ को छनोटमा थोरै रनरेटले पछि पर्दा जिम्बाबेले विश्वकप गुमाएको थियो। जिम्बाबेले अहिलेसम्म ८२ टी-२० आईमा ५५ जित र २६ हार सामना गरेको छ।

नामिबिया (वरीयता १८औं)

गत वर्ष अफ्रिकी क्षेत्रीय छनोटमा शीर्ष स्थानमा रहँदै ग्लोबल छनोटमा स्थान पक्का गरेको हो। अफ्रिकी छनोटमा नामिबियाले जिम्बाबेलाई समेत निराश बनाएको थियो। सन् १९९२ मा नामिबियाले आइसिसीको एसोसिएट मान्यता पाएको थियो। सन् २००४ मा नामिबियाले अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेको थियो। सन् २०१८ मा आइसिसीले उसलाई पूर्णकालीन सदस्यका रूपमा टी-२० मान्यता दिएको थियो। सन् २०१८ मा नामिबियाले पहिलो टी-२० आई खेलेको थियो। उसको पहिलो टी-२० आई खेल नै मालावीविरुद्ध थियो। अहिलेसम्म उसले ११३ टी-२० आई खेल्दा ६२ जित र ५० हारको सामना गरेको छ। नामिबियाको यो दोस्रो ग्लोबल छनोट यात्रा हो।

नेपाल (वरीयता २१औं)

आयोजक नेपालले समूह 'बी' युरोपियन तथा अफ्रिकाका बलिया राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्दै छ। सन् १९९६ मा नेपाल आइसिसीको एसोसिएट राष्ट्र बनेको थियो। सन् २०१८ मा नेपाली महिला टोलीले पहिलोपटक टी-२० आईमा डेब्यु गरेको थियो। नेपालको पहिलो टी-२० आई खेल नै चीनविरुद्ध थियो। सन् २०२९ मा नेपालले थाइल्यान्ड टी-२० सिरिज खेलेको थियो। नेपालले अहिलेसम्म ८० टी-२० आई खेलेको छ। जसमा नेपालले ४७ खेलमा जित र ३२ मा हारको सामना गरेको छ। नेपालले एसियन छनोटमा दोस्रो स्थान रक्षा गरी पहिलोपटक ग्लोबल छनोट बनाएको थियो।

अमेरिका (वरीयता २५औं)

अमेरिकाले सन् १९६५ मा आइसिसीको एसोसिएट राष्ट्रको मान्यता प्राप्त गरेको थियो। अमेरिकी क्षेत्रीय विजेताका रूपमा अमेरिकाले ग्लोबल छनोट स्थान सुरक्षित गरेको हो। सन् २००९ मा अमेरिकाले ब्राजिलविरुद्ध पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको थियो। अमेरिकाले अहिलेसम्म दुईपटक टी-२० महिला विश्वकपको ग्लोबल छनोटमा स्थान पक्का गरेको छ। सन् २०१९ मा उसले क्यानडाविरुद्ध पहिलो टी-२० आई खेलेको थियो। अहिलेसम्म अमेरिकाले ४५ टी-२० आई खेलेको छ। जसमा अमेरिकाले २२ जित र २३ खेलमा हारको सामना गरेको छ। अहिले अमेरिकी टोलीका धेरैजसो खेलाडीलाई वेस्ट इन्डिजका पूर्वखेलाडी शिवनारायण चन्द्रपाउलबाट प्रशिक्षण दिएको छ।

पुलिसविरुद्ध न्यु डायमन्डको अर्को जित



नयाँ पत्रिका

न्यु डायमन्ड युथ स्पोर्टस् नवौं एनभिए राष्ट्रिय भलिबल च्याम्पियनसिपदेखि उत्कृष्ट फर्ममा छ। गत शनिबार राष्ट्रिय खेलकुद परिषद्मा च्याम्पियन बनेको न्यु डायमन्ड फेरि अर्को उपाधि जित्न तयारीमा छ। अस्ट्रेलियाबाट प्रतिभा माली फर्केपछि न्यु डायमन्ड थप बलियो भएको छ। यसैको उदाहरणका रूपमा न्यु डायमन्ड शुक्रबार नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको राउन्ड रोबिन लिगमा अपराजित रह्यो। राउन्ड रोबिनमा कुनै पनि खेल नगुमाएर उसले विजेताका रूपमा फाइनलमा स्थान पक्का गऱ्यो।

एक साताभित्र पुलिस र न्यु डायमन्डबिच दोस्रो भेट भएको हो। दुवै अवसरमा न्यु डायमन्ड विजयी रह्यो। राउन्ड रोबिन लिगको अन्तिम खेलमा न्यु डायमन्ड र साबिक विजेता नेपाल प्रहरीबिच खेल भएको थियो। यद्यपि, यो खेल गुमाउँदा दुवै टोलीलाई केही फरक पर्ने थिएन। उनीहरू एक खेलअगाडि नै फाइनलमा पुगिसकेका थिए। खेलाडीहरूको संगठित प्रदर्शनको सहयोगमा न्यु डायमन्डले रोमाञ्चक भिडन्तमा नेपाल प्रहरीलाई ३-२ को सेटमा निराश बनायो।

> गत शनिबार एनभिए राष्ट्रिय भलिबलको फाइनलमा न्यु डायमन्डले नेपाल पुलिसलाई ३-० को सोझो सेटमा हराएको थियो। न्यु डायमन्डले शुक्रबार नवौं शेरबहादुर खड्का स्मृतिको राउन्ड रोबिन लिगको अन्तिम खेलमा पुलिसमाथि नै ३-२ को रोमाञ्चक जित हात पाऱ्यो।

न्यु डायमन्ड २५-१४, २५-१९, २०-२५, २७-२९ र १५-१० ले विजयी भएको हो। लिगमा न्यु डायमन्डले तेस्रो जित निकालेको हो। पुलिसले तीन खेलमा पहिलो हारको सामना गऱ्यो। पुलिसविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गरेकी न्यु डायमन्डकी प्रतिभा माली प्लेयर अफ दी म्याच घोषित भइन्।

न्यु डायमन्डको उत्कृष्ट सुरुवात

राउन्ड रोबिन लिगमा पुलिसविरुद्ध न्यु डायमन्डले उत्कृष्ट सुरुवात गर्दै पहिलो दुई सेटमाथि सहजै कब्जा जमाएको थियो। पुलिसका खेलाडीले ब्लकमा गल्ती गर्नु र विपक्षी खेलाडीलाई खुला प्रहार गर्ने अवसर दिँदा न्यु डायमन्डले पहिलो सेट २५-१४ र दोस्रो सेट २५-१९ ले जितेको थियो। सहज अवस्थामा पुगेको न्यु डायमन्डले तेस्रो सेटमा पुलिसलाई अवसर प्रदान गऱ्यो। विपक्षीको कमजोरीको फाइदा लिएको पुलिसले तेस्रो सेट २५-२० ले हात पार्दै खेलमा फर्कने प्रयास गरेको थियो।

पुलिसले चौथो सेटमा पनि मिहिनेत गरेको थियो। यद्यपि, यो सेटमा दुईमध्ये एक टोलीले विजेता बन्न कडा मिहिनेत गर्नुपरेको थियो। प्रत्येक अंकका लागि दुवै टोलीका खेलाडी संघर्षरत देखिन्थे। सबैभन्दा रोमाञ्चक बनेको सेटमा पुलिसले बाजी माऱ्यो। सामान्य गल्ती गर्दा न्यु डायमन्डले चौथो सेट २७-२९ ले गुमाएको थियो। चौथो सेटको समाप्तिसम्म पुलिस र न्यु डायमन्डले समान दुई सेट जिते। पुलिसले सुरुका दुई सेटमा आफ्ना नियमित खेलाडीलाई आराम दिएको थियो। यसको फाइदा न्यु डायमन्डले निकाल्यो।

राउन्ड रोबिन लिगको विजेताको छिनोफानो पाँचौं तथा अन्तिम सेटमा भएको थियो। जसमा न्यु डायमन्डले अघिल्ला दुई सेटमा गरेको गल्ती दोहोऱ्याएन्। यस सेटमा न्यु डायमन्डले प्रत्येक क्षेत्रमा उत्कृष्ट खेल देखाउँदै साबिक विजेता पुलिसलाई १५-१० ले निराश बनायो। अर्को खेलमा नेपाल आर्मीले एपिएफलाई २७-२५, २१-२५, २५-२१ र २५-२२ ले हरायो। आर्मी र एपिएफबिच तेस्रो स्थानका लागि खेल हुनेछ।

पुलिसलाई बदला लिने अवसर

न्यु डायमन्डविरुद्धको फाइनल भिडन्तमा पुलिसले बदला लिने अवसरका रूपमा लिनेछ। गत साता यिनै दुई टोलीबिच नवौं एनभिए भलिबल च्याम्पियनसिपको फाइनल भएको थियो। जसमा न्यु डायमन्डले एकपक्षीय खेलका रूपमा फाइनल ३-० को सहज सेटमा जितेको थियो। सो फाइनलमा न्यु डायमन्डका प्रतिभाले उत्कृष्ट खेल देखाइन्। अब नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबलको फाइनलमा पनि उनीहरूबिच नै प्रतिस्पर्धा हुँदै छ। पुलिसमाथि न्यु डायमन्डको अपराजित यात्रा कायम राख्ने प्रयास हुनेछ। पुलिस भने लगातार दुई खेलमा हार तोड्ने प्रयासमा रहने छ।

प्रतियोगिताका विजेताले पाँच लाख र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन्। तेस्रो हुने टोलीले एक लाख २५ हजार रुपैयाँ जित्नेछ। सर्वोत्कृष्ट खेलाडीलाई ५० हजार रुपैयाँ दिइनेछ। यसैगरी, सात उत्कृष्ट खेलाडीलाई जनही २५ हजार नगदबाट पुरस्कृत गरिने आयोजकले जनाएको छ।

खेल संक्षेप

प्रकृत, सोहम र अवानी छनोट



काठमाडौं/ प्रकृत तामाङ, सोहम अग्रवाल र अवानी राई फाल्डो जुनियर टुर एसिया ग्रान्ड फाइनलमा छनोट भएका छन्। उनीहरू आ-आफ्नो उमेर समूहका च्याम्पियन बन्दै छनोट भएका हुन्। प्रकृत ओभरल र पुरुष १७ देखि २१ वर्ष उमेर समूहको विजेता बने। प्रकृतले समग्रमा नौ ओभर दुई सय १३ स्कोरसहित च्याम्पियन बनेका हुन्। उनले पहिलो दुई दिन शीर्ष स्थानमा रहेका स्वप्निल भट्टराईलाई दुई स्ट्रोकले हराए। पुरुष १२ देखि १६ वर्षको उमेर समूहमा सोहम अग्रवाल समग्रमा १७ ओभर दुई सय २१ स्कोरका साथ पहिलो भए। उनले रुबेन थापालाई चार स्ट्रोकले हराए। महिलातर्फ नेपालकी अवानी राई पहिलो भइन्। उनले बेलायतकी एमिली लो ग्लुडाइसलाई एक स्ट्रोकले पराजित गरिन्। अवानीले अन्तिम दिन १७ ओभर ८५ को स्कोर गरेकी थिइन्।

केएमसी बास्केटबल आइतबारदेखि

काठमाडौं/ केएमसी स्कुलको आयोजनामा पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिता आइतबारदेखि हुने भएको छ। प्रतियोगितामा तीन विधामा विभिन्न २४ विद्यालयका ३२ टोलीको सहभागिता रहने केएमसीका प्रिन्सिपल द्वारिकानाथ अम्गाईंले बताए। उनका अनुसार सिनियर पुरुष र जुनियर पुरुषमा समान १२ टोली हुनेछन्। सिनियर महिलामा आठ टोलीले भाग लिनेछन्। सिनियर र जुनियर पुरुषमा चार समूह बनाइएको छ। सिनियर महिलामा दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल हुने अम्गाईंले बताए। सिनियर पुरुषमा विल्सन एकेडेमी, जुनियर पुरुषमा कश्यप एकेडेमी र सिनियर महिलामा रिब्स साबिक विजेता हुन्।

रिजन र अर्सना च्याम्पियन

काठमाडौं/ वडा १६ का रिजन शाक्य र वडा १७ की अर्सना महर्जनले सातौं मेयर कप ललितपुर महानगरपालिका अन्तरवडा टेबलटेनिस प्रतियोगिताको यू-१६ एकलमा स्वर्ण जितेका छन्। रिजन पुरुष तथा अर्सना महिलामा पहिलो भएका हुन्। पुरुष एकल फाइनलमा रिजनले वडा २० का संस्कार श्रेष्ठलाई ३-० को सेटमा हराए। महिलातर्फको उपाधि भिडन्तमा अर्सनाले वडा २० की पमिला जोशीलाई ३-० को सोझो सेटमा निराश बनाइन्। पुरुष खुला एकल 'बी' क्याटागोरीमा वडा २० का इरिस शाक्य पहिलो भए। उनले फाइनलमा वडा ६ का अनुज शाक्यलाई ३-१ ले पाखा लगाए। भेट्रान ४० वर्षमाथि पुरुष एकलमा वडा ९ का मुकेश महर्जन पहिलो भए।

ब्याडमिन्टनमा हिमरश्मि पहिलो

काठमाडौं/ आठौं ओप्स खेलकुद महोत्सवअन्तर्गत ब्याडमिन्टनमा हिमरश्मि र एथ्लेटिक्समा कौशल शुक्रबार टिम च्याम्पियन बनेका छन्। ब्याडमिन्टनमा हिमरश्मिले स्वर्णमा 'क्लिन स्विप' गऱ्यो। तीन रजतसहित ज्ञान मन्दिर दोस्रो भयो। पुरुष एकल फाइनलमा रोनिश खड्काले पवन दाहाललाई २-० को सोझो सेटमा पराजित गरे। महिला एकलको उपाधि भिडन्तमा उपासना बोहराले तनुश्री ओलीलाई सिधा सेटमा २-० ले हराइन्। एथ्लेटिक्समा कौशल च्याम्पियन हुँदा सर्वाधिक पाँच स्वर्ण जित्यो। तीन स्वर्ण र दुई रजत जितेको न्युटन दोस्रो भएको छ। एथ्लेटिक्सको अन्तिम दिन आठ स्पर्धाको फाइनल भएको थियो। अब पुरुष भलिबल प्रतिस्पर्धा हुने आयोजक ओप्सले जनाएको छ।

■ आइसिसीलाई बंगलादेशको जवाफ

'राष्ट्रभन्दा विश्वकप ठुलो होइन'

एजेन्सी

आइसिसी पुरुष टी-२० विश्वकपअघि भारत र बंगलादेशबिचको विवाद असहज स्थितिमा पुगेको छ। आफ्ना खेलाडी भारतमा सुरक्षित नभएको जनाउँदै बंगलादेश क्रिकेट बोर्डले सबै खेल श्रीलंकामा सार्न आइसिसीसमक्ष अनुरोध गरेको थियो। आइसिसीले भारतमै खेल्नुपर्ने र त्यहाँ नजाँदा दुई अंक गुमाउनुपर्ने चेतावनी बंगलादेशलाई दिएको छ। बंगलादेश भने आफ्नो अडानबाट पछि नहट्ने अवस्थामा छ।



अर्को महिना भारत र श्रीलंकामा हुने टी-२० विश्वकपका खेल आफ्नो टोलीले भारतीय भूमिमै खेल्नुपर्ने स्थिति सिर्जना भए प्रतियोगिता नै बहिष्कार गर्ने उल्टै चेतावनी बंगलादेशले दिएको छ। बंगलादेश क्रिकेट बोर्डले राष्ट्रभन्दा अन्य कुनै पनि ठुलो हुन नसक्ने जनाएको छ। 'पहिला राष्ट्रिय स्वाभिमान हो। त्यसपछि मात्र अन्य पक्ष हेरिन्छ। अहिले हाम्रो नजरमा राष्ट्रको अगाडि विश्वकप केही पनि होइन,' बंगलादेशले भनेको छ।

बंगलादेशले आइसिसीलाई यस्तो प्रत्युत्तर दिएपछि विवाद थप चर्किएको छ। बंगलादेशको पछिल्लो भनाइप्रति आइसिसीले केही प्रतिक्रिया सार्वजनिक गरेको छैन। आइसिसीले विश्वकपको खेलतालिकामा परिवर्तन नगर्ने भनेपछि बंगलादेशले पनि कठोर निर्णय लिने तयारी गरेको एजेन्सीले जनाएको छ। यसैबिच बंगलादेश सरकारका खेलकुद सल्लाहकार आसिफ नजरुल पनि राष्ट्रिय खेलाडीलाई सुरक्षित बनाउनु नै आफूहरूको पहिलो कर्तव्य भएको बताए। 'विश्वकपमा छनोट हुन निकै मिहिनेत गर्‍यौं। हामी विश्वकप गुमाउन चाहँदैनौं, तर देशको सुरक्षा, इज्जत र सम्मानभन्दा विश्वकप कुनै पनि हालतमा ठुलो हुन सक्दैन।'

भारत र बंगलादेशबिच पछिल्लो राजनीतिक विवादले क्रिकेटमा प्रभाव पारेको छ। इन्डियन प्रिमियर लिग (आइपिएल) टोली कोलकाता नाइट राइडर्सले बंगलादेशका बलर मुस्तफिजुर रहमानलाई हटाएपछि विवाद सुरु भएको हो। कोलकाताले रहमानलाई अक्सनमा नौ करोड २० लाख भारुमा किनेको थियो।

सुपर कपको फाइनलमा बार्सिलोना र रियल म्याड्रिड

दोस्रो सेमिफाइनलमा एटलेटिको म्याड्रिडविरुद्ध २-१ को जित निकाली रियल म्याड्रिडले बार्सिलोनासँगको उपाधि भिडन्त पक्का गरेको हो

एजेन्सी

४२औं स्पेनिस सुपर कप फुटबल प्रतियोगिताको उपाधिका लागि दुई चिरपरिचित प्रतिद्वन्द्वी बार्सिलोना र रियल म्याड्रिडबिच भिडन्त हुने भएको छ। सुपर कपको दोस्रो सेमिफाइनलमा बिहीबार राति रियलले म्याड्रिड डर्बीमा एटलेटिकोलाई २-१ ले हराउँदै बार्सिलोनाविरुद्धको उपाधि भेट पक्का गरेको हो। फाइनल खेल आइतबार साउदी अरेबियामा हुनेछ। सन् २०२९ सम्म स्पेनिस सुपर साउदी अरेबियामै आयोजना हुने सम्झौता छ।

सुपर कपको इतिहासमा बार्सिलोनाले सर्वाधिक १५ पटक उपाधि जितेको छ। रियल म्याड्रिडले १३ पटक उपाधि सुपर कप हात पारेको छ। धेरैपटक ट्रफी उचाल्नेमा बार्सिलोना र रियल म्याड्रिड नै हुन्। एथलेटिक बिल्बाओले तीन र एटलेटिको म्याड्रिडले दुईपटक उपाधि जितेका छन्। फाइनल स्थान सुरक्षित गरेपछि बार्सिलोना र रियल म्याड्रिडले थप बोनस रकम पाउने भएका छन्। रियल म्याड्रिडलाई फाइनल पुऱ्याउने क्रममा भाल्भेर्डे र रोड्रिगोले समान एक गोल गरेका थिए। एटलेटिकोबाट सार्लोथले एक गोल फर्काएका थिए।

दोस्रो मिनेटमै रियलको अग्रता

बिहीबार राति भएको दोस्रो सेमिफाइनलमा रियल म्याड्रिडले दोस्रो मिनेटमै अग्रता लिएको थियो। डी-बक्सअगाडि फेड्रिको भाल्भेर्डेले उत्कृष्ट फ्रिकिक गोल गरेका थिए। पहिलो हाफमा एटलेटिकोले गोल फर्काउने प्रयास गरेको थियो। तर, रियल म्याड्रिडको बलियो रक्षापंक्तिले मध्यान्तरअघि तोड्न सक्यो। खेलको ५५औं मिनेटमा रियल म्याड्रिड २-० ले अघि रह्यो।



यसपटक रोड्रिगोले दोस्रो गोल गरेका थिए।

उरुग्वेका मिडफिल्डर भाल्भर्डेको पासमा रोड्रिगोले अग्रता दिलाएका हुन्। खेलको ५८औं मिनेटमा एटलेटिकोका लागि सोर्लोथले २-१ का लागि गोल गरे। उनले डी-बक्सभित्र सटीक हेडिङ गोल गरी एटलेटिकोलाई खेलमा फर्काउने प्रयास गरेका थिए। त्यसपछि एटलेटिकोले थप गोल गर्न नसक्दा रियल म्याड्रिड फाइनलमा पुग्यो। बार्सिलोनाले भने बुधबार पहिलो सेमिफाइनल खेलमा एथलेटिक बिल्बाओलाई ५-० गोलको फराकिलो अन्तरले हराउँदै फाइनलमा स्थान पक्का गरेको थियो।

फाइनलमा 'एल क्लासिको'को झल्को आउने

विश्व फुटबलमा बार्सिलोना र रियल म्याड्रिडबिचको प्रतिस्पर्धा सधैं रोमाञ्चक र प्रतिस्पर्धात्मक हुने गर्छ। यी दुईबिच हुने खेललाई 'एल क्लासिको' भनिन्छ। स्पेनिस ला लिगा फुटबलमा यी दुई क्लबबिचको 'एल क्लासिको' खेल हेर्न समर्थक प्रतीक्षा गर्छन्। अब सुपर कपको फाइनलमा यिनै दुवै क्लब पुग्दा समर्थक रोमाञ्चित बनेका छन्। नयाँ वर्षको सुरुवातमै रियल म्याड्रिड र बार्सिलोनाबिचको खेल हुँदा समर्थक उत्साहित छन्। सबैभन्दा रमाइलो पक्ष दुवै क्लब अन्तिमसम्म जितका लागि लडिरहेका हुन्छन्। कुनै पनि क्षणमा हार उनीहरू स्विकार गर्न चाहँदैनन्। स्पेनिस ला लिगामा अहिले बार्सिलोना शीर्ष स्थानमा छ। रियल म्याड्रिड भने बार्सिलोनालाई शीर्ष स्थानमा पछ्याइरहेको छ। ला लिगामा बार्सिलोनाले १९ खेलबाट ४९ अंक बटुलेको छ। रियल म्याड्रिडले समान खेलबाट ४५ अंक जोडेको छ। बार्सिलोनाले शीर्ष स्थानमा चार अंकको अग्रता बनाएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com